# प्रकृति र कलाको रोमान्टिक मूर्च्छना

...अनुभूतिको दुर्गम उचाइ उक्लने रहरमा नै सम्बोधनका शृङ्खलाहीन सिलसिलाहरूसाथ म हरपल आँधीमय आन्दोलित छु। हो, म जीवनमा सबभन्दा बढी दु:खी भएर नै सबभन्दा बढी सुखी हुन चाहन्छु। निश्चय नै यो मेरो अभ्यस्त चेतनाको माग हो। मृत्युको धुनमा बजिरहने म, मेरो शोकधुन नै मेरो जीवनको सङ्गीत पनि हो।

I am a poet of the body, and I am the poet of the soul,
The pleasure of heaven with me and the pains of heaven with me.

— Walt Whitman

प्रिय सम्बोधन !

बेला-बखत म आफ्नै फ्ल्यासब्याकमा दुर्घटित भएर एकमुस्ट विस्फोट हुँदो रहेछु तर सिलसिलाको सङ्क्रमणमा पनि मेरो पहिलो निकटतम नाता भने आफ्नै चेतनासँग रहेको याद छ। तत्पश्चात् नै अन्य नाताहरू मसँग गाँसिएर आउँछन् र प्रेमिल बन्छन्। क्रमश: सृष्टिको प्रफुल्लता अनि सुन्दरताको दीप्ति फैलिन्छ अनुहारभरि... जिन्दगी खुब लाग्न थाल्दछ तर आवेग, घृणा एवम् प्रतिशोधजस्ता अनौपचारिकतामा एकाएक सारा संसार नै स्ट्रेन्जर अनुभूत हुन्छ। मभित्रका सारा सम्भावित प्रियजनहरूसमेत चुपचाप तिरस्कृत हुन्छन्। सबै अपरिचित लाग्छन्। हुन त न्यूनतम मानवीय आवश्यकताहरू औपचारिकताभन्दा बढी अनौपचारिकतासित सम्बन्धित हुन्छन्; जुन बेला जीवनको सम्पादन गर्ने झन्झटबाट मुक्त खुसीको अनुभूत गर्न गर्न सकिन्छ तर उच्च मानवीय आवश्यकता औपचारिकतामै विश्वास राख्दछ...। भनूँ, समय नै फेर परे पनि औपचारिकताविना बाँच्न गाह्रो हुँदो रहेछ। यही औपचारिक अभ्यासमै अरूको मूल्याङ्कन गर्न व्यस्त मान्छेले आफ्नो मूल्याङ्कन गर्न भने चटक्कै भुलेको दर्दभरि इतिहास भविष्यलाई सगर्व हस्तान्तरण गर्दै जानेछ !... ! !

प्रिय समय !

सागरको प्यासी किनारमा बसेकी एउटी विरहिणीको पाउ स्पर्श गरेर लहर अन्जान बगेजस्तो तिमीले मलाई छोएर भाग्दा म आफू हुनुको बोधले चेतनाको आश्चर्यजनक पीडामा फस्ने गर्छु; जुन प्रहर फूल, काँडा, बगर, पानी, कविता साराले आकर्षित गर्छन्। अचानक तिमीसँग आफू नहुनुको बोधले पुरातात्त्विक मूल्यबाट वञ्चित भग्नावशेषजस्तो निर्जनताले भयानक त्रसित र विकर्षित पार्दो रहेछ तर जम्मामा टुट्नु-फुट्नु, आकर्षण-विकर्षण, जन्म-मृत्यु, प्रेम-घृणा सबैका लागि केवल तिमी नै कारक कदापि होइनौ; जबकि तिमी सदा पूर्ण छौ, टुक्रचाइएको मात्र न हो ! लतपतिएर दृश्यहीन बग्नु त तिम्रो धर्म नै हो। हो, मृत्युमा जिन्दगीको सीमारेखा तय भएजस्तो लागे पनि यथार्थत: न तिमी टुक्रिन्छौ न जिन्दगी ! मृत्युपछिका बाँकी फेजहरू जिन्दगीका लागि आफैसँग मर्दछ। यसैले अधुरोको प्रश्न नै रहन्न। मानौँ, यो प्रहर तिम्रा लागि पनि एउटा सुन्दर पहेली मात्र हो, कविबाट टुक्रिएको कविताभावजस्तै हो; जसलाई तिमी आफूबाट टुक्रचाएर हेर्छौ भने पनि त्यो टुक्रा स्वयम्मा पूर्ण नै हुन्छ; जसरी हामी हाम्रा बा-आमाको टुक्रे अस्तित्व नभएर आफैमा पूर्ण अस्तित्व हो। यसैले त तिमी सदा अभिनन्दित छौ।

मान्छेलाई धैर्यको पाठ पढाउन सृष्टि पनि अजिब कुशलता प्रदर्शन गर्छ। प्यास बुझाउने प्रयत्नमै काकाकुल आकाशतिर फर्केर पानीसमयको प्रतीक्षा गरिरहन्छ...। यस्तै सन्जोग पारिन्छ क्यारे ! यो वर्षको बरसातमा मेरो परिसरभित्र बङ्गालको खाडीबाट होइन मेरै मनको खाडीबाट मेरो प्यासी अस्तित्वमाथि पागल प्रश्नहरूको मनसुन उर्लिएको छ। काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ भनेझैँ प्यास बुझ्नुभन्दा बढी मुसलधारे पानीमा म आफैसँग अस्तित्वरत छु र औपचारिक कामना गर्छु कतै यो पागल बरसातले कुनै घर-बस्ती

नबगाओस्, जुन उद्धृतांशलाई अधुरो अर्थबाट बिलकुल टाढा हरियो लेकमा उभिएर नीलो आकाशतिर हेर्दै 'प्रिय अतीत !' भनेर सम्बोधन गर्न सकूँ...।

प्रिय अतीत !

के म बाँकी जीवन विगत घाउहरूले दिएको पीडाको क्षतिपूर्तिस्वरूप बाँच्न सकुँला ! अर्थात् सम्पूर्ण निराशामा कसैलाई मेरो आफन्त भनेर सम्बोधन गर्न सकुँला र ! जे होस्, म सम्भावनाहीन आकाङ्क्षाशून्य रहनेछैन र बाँचेको आभासशून्य यात्रामा आफूलाई कसै गरी सामेल गराउनेछैन ताकि मृत्युलाई सचेत प्रतीक्षाको सुन्दर कलाकृति उपहार चढाउन सकूँ, प्रतीक्षाकै सचेत पीडासँग हृदयी सम्झौता गर्न सकूँ। यसबेला गुमाउनुभन्दा बाँचेको आभासले काफी लाग्नेछ जिन्दगी...। तिमी दूर देशमा अन्जान सिलसिला हिँड्दै रहनेछौ, म तिमी हिँडेको एक-एक डोबमा कर्मशील पर्याय फूल फुलाउँदै रहनेछु र थकानमा स्वयम्तिर फर्केर हेर्दा बुद्धत्व साक्षात्कार होस् ! सृष्टिभरि-भरि शिवत्व दृश्य होस् ! !... र हृदयच्युत जोकोहीको बाँकी सिलसिला हृदयासक्त शुभारम्भ उद्घोषित होस्। बस, म मेरो जीवनप्रति जीवनभरिकै कृतज्ञता जाहेर गर्नेछु।

प्रिय जीवन !

आस्तित्विक सेन्सरविना नै हामीले हामीलाई स्वीकार गरेका हौँ। आज अचानक समयको गिरफ्तारीमा आफूमाथिको छत जलाएर एक झर रुन मन लागेको छ तर मेरो आँसु पुछ्न सम्झेरै तिमीलाई निमन्त्रण गर्नेछैन किनकि तिमीले नै मलाई रुन बाध्य गरायौ। के दुःख विज्ञापन हो र ! विज्ञापनपश्चात् मात्र त्यसको औचित्य खोज्ने !...। मलाई थाहा छ तिमी प्रेमी हौ तर मित्र होइनौ। तिमी एक झिल्का खुसीका लागि उनान्सय झट्का पीडा दिन्छौ। बरु, मलाई क्षमा गर... मेरो एकाकी मधुशालामा मैले मृत्युलाई निमन्त्रण गरेको छु। हुन त तिमीसँगको घुर्की हो यो मेरो। हृदयशून्य या विवेकशून्य जे भए पनि मलाई तिम्रै न्यानोपन चाहिएको छ। कम्तीमा उचाइ उक्लिरहेको बेला मलाई छल नगर। म त उचाइबाट झर्छु नै तर तिमी पनि झर्नेछौ। के थाहा मभन्दा बढी तिमी घायल हुन्छौ कि ! फेरि हामी घृणाको उन्मेषमा कहिल्यै टाढा हुन सकेनौँ। यथार्थतः म तिमीप्रति औधी अनुरक्त छु। तिमी पनि मलाई प्रेम त गर्छौ। तथाकथित धर्म, देश, दर्शन, नैतिकता, राजनीतिभन्दा उच्च छ तिम्रो प्रेम; जो मेरो जन्म र मृत्युसम्बद्ध संसारको उत्सवमय मायावी रीतसँग गाँसिएको छैन। म जन्मनुअघि होस् या मेरो मृत्युपश्चात्, तिम्रो उही प्रेमिल अस्तित्व हरेक आत्माप्रति समर्पित छ क्यारे !

...तर सिलसिला टुटोस् बरु, सहिदिन्छु। मलाई कुनै अर्को जीवनको व्यग्रता भने छैन र चाहन्छु– मेरै जन्म र मृत्युबीचको दूरीमा तिम्रो प्रेमिल स्पर्श ! र, होस् एक उत्सवमय मृत्यु ! !

प्रिय मृत्यु !

तिमी मलाई सहुलियतको प्रेम गर्छौ तर म तिमीलाई प्रेम होइन सम्मान गर्छु; मेरो आसक्ति होइनौ तर स्वीकार गर्छु। तिमी मेरो सम्मान र स्वीकारको गलत अर्थ लगाउनेछैनौ...। जीवनसँग प्रेम बस्यो; तिमी अनायास संवेदनभरि गाँसिएर आयौ। तिमीले अस्वीकृत हुनुपरेन...। आकर्षण-विकर्षणको रीतमा तिमीले निर्विरोध जित्यौ। हार्न त तिमीले जानेकै छैनौ। यसको अर्थ कर्मच्युत भएर तिमीले आफ्नो प्रोफेसन नै बिर्सिदेऊ भनेको होइन तर तिमी अहमी नहुनू। तिम्रो उत्तेजनाको कुनै स्खलन नै छैन, शमन नै छैन। कुनै क्रूर निर्देशकको फन्दामा परेको तिम्रो अहङ्कारले क्रमशः आत्मप्रवेश गरोस्, मेरो खेदपूर्ण शुभेच्छा तिमीलाई। विश्वस्त होऊ, कुनै खलनायकत्वविना नै तिम्रो प्रचलित उपस्थितिको सगर्व घोषणालाई म सहर्ष वरण गर्नेछु तर जीवनसँग प्रेम बस्नु नै तिमीविरुद्ध सङ्घर्ष गरिरहनु हो र-पनि विशिष्ट प्रतिद्वन्द्वीका रूपमा तिम्रो आतिथ्य सत्कार गर्न म चुक्नेछैन। तिमी बरफ भएर बर्सिनेछौ म साइतको घडा भएर उभिनेछु र तिमीसँगै चिसिनेछु, पग्लिनेछु शून्यमा...।

वस्तुत: म अनुभवग्रस्त छु, यतिखेर र परावर्तित छु, मेरै अनुभूतिहरूमा; जहाँ मेरो सुख र दु:खको सम्पूर्णता भने अधुरो नै रहेको छ।

प्रिय अनुभूति !

अधुरो र अर्धसत्यको छायामा सधैं-सधैं फेर पर्दो रहेछ मान्छे र पूर्णताको प्रयासमा युगौंदेखि अतृप्त जीवन घिसार्दै मान्छेको भीडबाट अलग्गिएर ऊ कहिले मन्दिर, कहिले मस्जिद, कहिले चर्च त कहिले गुम्बा सशरीर धाइरहेछ, भौंतारिइरहेछ। जहाँ पुगेर पाइला रोकिए पनि आँखाको पर्दा झारेर स्वयम्तिर फर्किरहन्छ मान्छे। यसैले त मानवचेतना मानवतामा बार-बार चुकिरहन्छ तर भगवान् त भगवततामा चुक्न विवश छैन नि ! यसैले कि पराभौतिक दुनियाँमा चुक्नका लागि कुनै ठोक्कर नै रहन्न; जहाँ जोड-घटाउको अर्थ खुलोस्। र-त छायाहीन ईश्वरको एकरस जिन्दगीसँग मलाई कुनै ईर्ष्या छैन। यद्यपि अस्तित्वरूप मान्छे निराकार अवश्य छैन।... पर्दाहीन पनि छैन; जसको बाटोमा कुनै गुमसुम ठोक्कर पनि नरहोस्... र कतै जोड्नै नसकिने गरी नटुक्रियोस्। यसरी त्रुटिग्रस्त लफडादायक मान्छेद्वारा सत्य आवरणित हुनु भनेको नै जीवन अझ दु:खको पहिरोमा फस्दै जाने शृङ्खलाको अटुट प्रारम्भ हो, नाटकीय प्रारब्धको रङ्गमञ्चीय सिलसिला हो।... र नै त जिन्दगी विषादपूर्ण झरिलो छ, भोग्नलायक छ।

प्रिय संवेदन !

नाटकीय प्रारब्धको दृष्टिभरि नै किन नहोस्, तिम्रो-मेरो प्रेममा कुनै पर्दा छैन तर तिमी र मबीच अथाह चेतनाको विकराल कालो पहाड अग्लिएको छ। तिमीले पनि अनुभूत गरेकै छौ तर केही छैन... दृश्य कठिनाइहरू बदल्नुभन्दा लाग्छ, आफै बदलिऊँ ताकि तीहरू म सहर्ष स्वीकार गर्न सकूँ र यहींनेर सर्वज्ञाता कारण (ईश्वर) भएर होइन, अल्पज्ञाता कार्य (मान्छे) भएर आफै टेबुलमा विवरणित हुनुको मजा गुनगुनाउन सकूँ, झुम्न सकूँ...।

प्रिय ईश्वर !

निश्चय नै म केही हुँ, तिमी पनि केही हौ र नै त प्रेम-घृणा जे होस् तिमीसित सरोकारहीन रहन सकिनँ। तिमी त जर्जर वृद्ध हुँदैनौ क्यारे तर जवान त हुन्छौ नि ! यसैले हामी दुवै एकछिन बच्चा बनौं न, हुन्न? तिमी आफ्नो जवानी बिर्स, म आफ्नो वृद्धोन्मुख पहेली बिर्सन्छु। भ्रम नै सही तिमी मेरो अस्तित्व-उत्सवमा सामेल छौ। यसैले “Happy Existence to Me”, आखिर भ्रम पनि त मेरै हो। हो, म स्वयम्मा अस्तित्व; तिमी मेरो सग्लो अस्तित्वको कामना गर्न सक्छौ तर तिमीले मबाट अस्तित्वलाई अलग्याएर मेरा लागि अस्तित्वको कामना गर्नु जरुरी नसम्झ। तिमीलाई मैले मबाट मुक्त गरिदिएँ। तिमी अब स्वतन्त्र छौ...।

अहिले मेरो तीव्र सम्झनामा Walt Whitman ले प्रवेश गरेको छ र भन्दै छ–

I celebrate myself...

म आजको सारा दिन उसैको नाममा समर्पण गर्न चाहन्छु।

प्रिय ह्विटम्यान !

मेरो समर्पणले होला आज सपनामा तिमीले मलाई प्रेम गर्छु भन्यौ। वास्तवमा तिमीले रहस्य नखोले हुन्थ्यो। ठीकै छ, त्यो तिम्रो समस्या हो, केही छैन। यद्यपि म तिमीलाई पाउनु र गुमाउनुको चक्करमा नफस्न अनुरोध गर्छु तर अपसोच ! सपना त मेरै थियो !... ! !

फेरि पनि म सपना नदेखूँ भन्छु बिपनामै तिमी आइदिन्छौ। तिम्रो आत्मगीत बार-बार मेरो कवितालाई चुमिरहन्छ र सितारका तारहरूमा प्रेम बुनेर जान्छ, जहाँ म देवताको प्रेमवेदना सुन्छु र अनुभूत हुन्छ म

तिमीलाई प्रेम गर्दा रहेछु...। तिमी हरपल मभित्र गुनगुनाइरहन्छौ, म नसुन्न सक्दिनँ; तिमी प्रेमपूर्ण साउती मार्छौ, म इन्कार गर्न सक्दिनँ...। मेरो, प्रेममा नफस्ने तर्कहरूभन्दा तिमी बिलकुल अलग छौ। यसैले म तिम्रो प्रेममा त होइन मेरै प्रेममा फसेछु क्यारे ! भनौँ, तिम्रो मसित होइन, मेरो तिमीसित प्रेम बसेछ।

प्रिय महोदय ! तिमीलाई बिपनाको आँधीमा नायक सम्झूँ कि भन्छु तर तिमी त आफ्नै उत्सव मनाउन व्यस्त छौ र मस्त छौ। तिमीसँग मन दुख्नु, घुर्की, आग्रहको कुनै औचित्य रहला र ! तिमी स्वर्गोन्मुख ताराहरूको बरियातमा सामेल हौला, म यहाँ आफ्नै मृत्युयात्रामा पनि सामेल हुन सक्दिनँ। यसैले तिमीलाई सम्पूर्ण प्रेम गर्नु असम्भवजस्तै रह्यो। बरु, बिन्ती छ– मेरो प्रेमयुक्त भ्रम जहाँ रहन्छ, तिमी त्यहीँ प्रवेश गरिदेऊ र सम्पूर्ण प्रेम गर्न सकूँ। तिमीजस्तै म पनि ब्रह्म र जगत्/आत्मा र शरीरलाई अलग्याएर हेर्न चाहन्नँ कम्तीमा आफ्नै लागि। चाहे तिमी मेरो व्यष्टि आग्रहलाई तिम्रो मान्यतामाथि एक नाजुक अतिक्रमण सम्झन सक्छौ...।

तिमीले सुन्यौ ! भर्खरै मैले मेरा अनुभवहरू मसँग मर्नेछन् भनेर डायरीमा नोट गरेँ। हुन पनि म मरेको दिन कसैको हातमा यो डायरी हुन सक्ला तर अनुभव नै होइन...।

प्रिय डायरी !

समयको अनुष्ठानमा एक दिन हामी बिछोडिनेछौँ तर तिमी अधुरो रहनेछैनौ।

आज बिहानैदेखि हुस्सु-कुहिरोले छोपेको छ पर्यावरण तर पनि अड्कल काट्छु मेरो सम्झनामा आइरहने पुरातन बस्तीरूपको। यतिखेर भुइँकुहिराले छोपेको अर्धगोचर चट्टानमा अनूदित भएर उनै पुरातन बस्तीमा तपस्या गर्ने मन हुन्छ।

यो हुस्सुग्रस्त बिहानी, सङ्गीन रातको प्रतिबन्ध तोडेरै किन नहोस् हतारमा ब्युँझेर सूर्यदर्शन खोज्नेहरू भुइँकुहिरोमै छोपिएको हुनुपर्छ। फेरि निर्धक्क निदाएर सूर्यले कसैलाई पर्खने पनि त होइन ! मलाई भने सूर्यदर्शनको कुनै हतारो थिएन। यसैले कुहिरोले पर्दा हालेजस्तो तिम्रो हिमग्रस्त मन सदा जाग्राम बसेको ‘थाहा’ आज बिहानै मन्दिरमा चढाएर आएँ तर आफ्नै मन बरफ भएको छ। तिमीले पनि कतै मेरो मन बरफ भएको थाहा पाएछौ भने त्यो ‘थाहा’ तिम्रो नजिकैको मन्दिरमा चढाउनेछौ। तिमीलाई थाहै होला ज्ञानको बोझ बोकेका गुरुहरू यस्ता संवेदनहरूबाट अनभिज्ञ नै रहन्छन्, सदा दिमागी दल-दलमा फसिरहन्छन्। केही छैन, उनीहरूको बरफिलो मन कतै ठोक्करमा पग्लिएर एक दिन बर्सिनुपर्छ, हाम्रो धरतीसँग उनीहरूको मिलाप हुनुपर्छ र सोही शुभसाइतमा हामी दुवै दीक्षा ग्रहण गर्नेछौँ... र जीवनको अभिषेक गर्नेछौँ।

सुन्दै छु, वसन्तको आभास छर्ने कोकिलकण्ठको हत्या गरेछ ठिहीले। मौसमी कफनमा शोभनकलाका लागि पारङ्गत समयको लास देख्न विवश छु। यसरी मौसम बदलिनुसँग एक युग बितेको अनुभवले प्रेम र पीडाको एक उच्छ्वास समर्पित हुन्छ शून्यमा !... अस्वीकृत प्रारम्भ तिम्रो ओभरकोट पहिरेर बढिरहन्छ शब्दग्राममा... ! !

प्रिय प्रेम !

तिमी पागलपन र चेतनाको सारभूमि, तिम्रो प्रेमिल स्पर्श मेरो पागल चाहना। तिम्रो रचनात्मक निमन्त्रणा मेरो सौभाग्य, तिम्रो-मेरो सहवास सृष्टिको शुभारम्भ... र हाम्रो तृप्ति एउटा सम्पूर्ण कविता !

तृप्तिको थकानमै म गर्व गरिरहेछु यसैले कि नेपाली पलङपोस हामीसित परिचित छ... ! !

वस्तुतः प्रेम, सहानुभूति, दया, करुणा अहङ्कारी छैनन् तर व्यवहारकुशल पनि छैनन्। हो, यसैले बुद्ध, महावीर, जिजस सबै अव्यावहारिक हुन्। मतलब हृदय व्यावहारिक रहेनछ। भावना, त्याग, समर्पण सारा पागलपन हुन्। हुन सक्छ, यसैले विशिष्ट चेतनाको सारभूमिमा प्रेम विवाहमा बदलिन्छ, प्रेमी-प्रेमिकाहरू पति-पत्नीमा रूपान्तरित हुन्छन् र ‘समाज’ नामको परम्परित संस्थासँग आबद्ध रहेर मस्तिष्कीय आधारशिविरबाट पुनः यात्राको थालनी गर्छन्। यिनै औपचारिक पीडा र बन्धनबाट कविले शब्दब्रह्म कवितामा, चित्रकारले इन्द्रेनी

चित्रकारितामा, सङ्गीतकारले प्रकृतिको सातस्वरीय धुनमा मोक्ष प्राप्त गर्दछ र कलापारखीहरू तिनै अस्तित्वरत कलाकारिताको विशिष्ट भ्रममा मस्त रहन्छन्। मानौँ सिङ्गो सृष्टि नै एउटा कलात्मक भ्रम हो।

प्रिय पीडा !

म रातमा जन्मेकी हुँ। जन्मँदा म अधिक रोएकी थिएँ रे। हुन सक्छ, मेरो आगामी जीवनमा तिम्रो हस्तक्षेपको सङ्केत थियो त्यो अधिक रुवाइ...।

मेरो मन बेपर्वाह दुर्घटनाग्रस्त भएछ। यतिखेर म तिमीसित कुनै धर्म, चिन्तन, दर्शन, नैतिकताजस्ता विषयमा समयबद्ध हुन चाहन्नँ। यदि समयसूर्य नै मृत्योन्मुख भएर सदाका लागि सिङ्गो संसार अँध्यारो हुन्छ भने पनि मेरो अस्तित्वनिर्दिष्ट तिम्रो स्वप्नदर्शी सवार रोकिने होइन। आँखामा बेहिसाब आँसु दियौ। केही छैन, म हरक्षण सूर्यसँगै आत्ममुक्तितर्फ उन्मुख छु तर तिमीलाई बहिष्कार गरेर होइन। तिमीलाई त मैले जन्मेदेखि नै साथ पाएकी छु। फेरि तिमीबाट मुक्त हुँदैमा सन्तुष्टि मिल्छ नै भन्ने छ र ! बरु, मेरा लागि त तिमी यस्तो पर्दाहीन पराभौतिक सत्य हौ; जो मेरो अस्तित्व अनावरणमा तल्लीन छौ, मलाई खोजिरहेछौ, मलाई भेटिरहेछौ तर यो देवलोक होइन; जहाँ अनावरणित म सुन्दर पङ्ख फिँजाएर अप्सरा बनी उड्न सकूँ। मैले यही भूलोकमा सम्पूर्ण जीवनलाई माया गर्नु छ, जहाँ सम्पूर्ण अनावरणित हुन सक्दिनँ सिवाय तिम्रा सामु। नत्र, तिमी या अरू सामु त परै जाओस्, आफैसित पनि नजर मिलाउन सक्नेछैन। यसर्थमा नै म एक सचेत अस्तित्व हुँ र आशीर्वादपूर्ण राहतको कल्पनामा म तिमीलाई सप्रेम अनुभूत गरिररहेछु...।

मलाई तिमीले दिएको प्रेमको यो सुखद थकान; जसको छहारीमा म निदाउन चाहन्छु; जहाँ मलाई तिम्रो वेगवान् रथले पुनः ठोक्कर दिनेछन्, मेरा भग्नावशेष सपनाहरू जुर्मुराउनेछन्, सम्भवतः पतकर बनेर सपनाहरू अझ छरिनेछन्। मलाई छलेर भागेका मेरा दुर्लभ आकाङ्क्षाहरूले डेरिडासँग सापेक्षिक अर्थ माग्नेछन् र म उसैका अगाडि विनिर्मित उभिनेछु, सही !... तर म कसैको उपन्यासमा केवल दया र सहानुभूतिको पात्र बन्न चाहन्नँ; जसले मलाई अझ कमजोर बनाओस्। किनकि म आफूलाई मेरो सीमान्त उदासी र शून्यतामै विशिष्ट प्रेम गर्छु, सङ्घर्षको उत्कर्षविन्दुमा सम्पूर्ण भेट्न खोज्छु; जहाँ म मेरै अस्तित्वको ईर्ष्या बन्न सकूँ...।

प्रिय अस्तित्व !

जम्मामा म जीवनको कवितात्मक चित्रकारितामा सङ्गीतबद्ध छु तर मेरो कलाकारिता गुलाफको शीतविन्दुझैँ कुनै जवान हृदयको उत्सुक दृष्टिसरि मसँग सदा प्रश्नरत छन्। ...तिनै प्रश्नहरूको पहाडमुन्तिर बार-बार विसङ्गत साँझहरूले गिज्याउने गर्छन् जिन्दगीलाई; जसबाट बच्न असम्भवप्रायः रह्यो। यसैले सारा सपनाहरू साँझलाई नै जिम्मा लगाएर सिङ्गो रात तिमीसितै जाग्राम बस्न साँझबाट शब्दस्मृतितर्फ प्रस्थान गर्दै छु।

झमक्क साँझमा ईश्वरको अमरत्वपीडाले अनुभवग्रस्त भएँ। नजिकैको चिहानघारीबाट भ्यानगगको प्रेमनिवेदन सुनेँ। अनुभवरत पारिजातीय शब्दतृप्तिसँगै कृष्णको बाँसुरीमा बिथुवनले बजाएको धुन नजिकिँदै आयो। मिराको पाउजेबको झङ्कारले अझ रौनक बढायो।

प्रिय भावक !

प्रकृति र कलाको रोमान्टिक मूर्च्छना, अभिव्यक्तिका लागि शब्द कमजोर लागिरहेछ...। प्रेमोन्मेष प्यालामा मदिरा छचल्किएजस्तो म यसै जथाभाबी झङ्कृत छु। यतिखेर हामी मात्र मिलनविन्दु (Meeting Point) बाट होइन, अहम्को तिलाञ्जलिसहित होसविहीन एकाकारमा तृप्तिको रसविन्दु (Melting Point) बाट गुज्रिसकेका छौँ। कलाकारिताको यही चरम उत्कर्षविन्दुमा पुगेजस्तो लाग्दा नै हावाको मृदु झोक्काले मनुजबाबु,

लियोनार्दो, चौरसिया, कितारो, सार्त्र, कामुको बधाई सुनाएर गयो !... जसरी छोयो तिमी, म र जिन्दगी उत्सवमय लागिरह्यो... ! !

# मोक्षयात्रामा तिमी र म

मैले, मेरा परिवेशहरूबाट मुक्ति चाहेको यकिन प्रारम्भविन्दु अहिले मबाट अदृश्य भइसकेको छ; मेटिइसकेको छ यसैले कि विपरीत लागेका ती परिवेशहरू आज स्वयम् मेरो चेतनाग्रस्त आदत बनिसकेको रहेछ। भवितव्यहरू, प्रश्नरत सागर बाफिएर निर्बन्ध उडेका अमूर्त विम्बहरू, नभेटिएका अस्तित्वरत मनोदशाहरू, प्रेमका सहुलियतहरू, औपचारिक-अनौपचारिक सारा यातनाहरू, सिलसिलाहीन मृत्युका विलासिताहरू, अनुदार अफसोसहरू सम्पूर्ण सहज बनिसकेको रहेछ। भनौं, कारणहीन बाँच्ने लत लागिसकेको छ। हुन पनि मैले बाँचेको धरतीबाट मुक्ति सोचेर आकाशको सीमाहीन उडान उड्न चाहेको थिइनँ; जहाँ कुनै वैचारिक विराम नहोस्; जहाँ कुनै नैतिक अडेसा नै नरहोस्। यसैले म आज महसुस गर्छु– यो प्रकृति, यो संसारको उज्यालो-अँध्यारो दुवै पक्षसँग मेरो अग्घोर प्रेम बसेको रहेछ। अब मलाई जीवनको प्रतिबद्धतामा मोडरेट गर्नैपर्ने अतृप्त रहर छैन।

मरुभूमिको विस्तारमा यसै कतै योजनाविहीन ठिङ्ग उभिएको एउटा रूख– तिमी हौ ! या म हुँ ! सिमानामा उभिएर म उद्घाटित हुन सक्दिनँ। यद्यपि न त यो मेरो आत्मघाती भावको मञ्चन हो न त परपीडक प्रकाशन। कुन्नि कसरी यो प्रतिस्पर्धाहीन साँझको एन्टिलाइटमा उही रूख ठिङ्ग उभिनुजस्तै प्रयोजनहीन रमाइएछ। सम्भवत: मुक्तिको रिहर्सलमा म एक कदम सफल छु। यो ब्याचलर खुसी तिमीलाई नै सुनाउने हतारो थियो मभित्र तर रिक्तता र अँध्यारो विस्तारले मलाई एकसाथ ऐठन गरेको बेला सम्झन पुगेछु थुप्रै अभिशप्त मिथ पात्रहरू जो मेरो दृष्टिलोकमा ठूलो घाउको पीडा शमन गर्न शरीरभरि खोप्न व्यस्त छन्। यही मौकाको उपयोग गरेर मेरा उत्कृष्ट प्रतिद्वन्द्वीहरू मायावी खेल खेल्न आइलागेका छन्, मसँग यतिखेर। र म पनि प्रतिस्पर्धाहीन जितभन्दा प्रतिस्पर्धायुक्त हारकै स्वीकृतिमा सही, साक्षात् पीडा जिउनेहरूप्रति खिल्ली उडाउने र पर्दामा तिनै पीडाको पूजा गर्ने संवेदनाशून्य समाज नामको भीडबीच म लडिरहेछु; सम्भवत: धेरैको तमासा बनेको छु; मनपरी विषयवस्तु बनेको छु। हो, यतिखेर भने तिम्रो-मेरो जिन्दगीको शीर्षक नै गलत लागेको छ, मलाई। मानौं, म यही रीतमा कलाको अवमूल्यन बाँचिरहेछु। र-पनि मेरो सम्भावनामा अवमूल्यनबाट मुक्तिको प्रयास तर्कातीत छैन।

हुन त मानवीय तर्कहरू तत्क्षण जीवन हिँडाउन सहायकसिद्ध हुन्छन् र हुनेछन् पनि। यद्यपि तर्कहरू दार्शनिक गहिराइको अन्तिम सिमाना कोर्ने क्षमता राख्दैनन् यसर्थमा कि भोगाइसम्मत विस्तारित तर्कहरू जीवन रहेसम्म बाँकी नै रहन्छन्। फेरि यिनै तर्क, चिन्तन, भाव, अनुभूति र संवेदनाहरूको मात चढेको बेला नै मान्छेले आफैबाट आफ्नो अस्तित्वरत प्रश्नोत्तर प्राप्त गर्ने सम्भावना रहन्छ। लाग्छ, यहाँसम्म आइपुग्नुसँगै तिमीले पनि मेरो जिउनुको स्वीकृतिमा नि:सङ्कोच हस्ताक्षर गरिरहेछौ। तिम्रो यही स्वीकृत श्रद्धाले त जिउनुसँग म पुलकित छु।

सम्झँदा त जिउनुको अर्थ विपरीत परिस्थितिहरूसँगको सङ्घर्ष नै हो। लाग्छ, यही आभासमा मैले जानेरै हो कि जस्तो एकाएक पीडाको गहिरो तालमा फाल हानेछु र तत्काल मीठो भूल गरेको अनुभूतिले म रोमाञ्चित पनि भएको थिएँ तर आज तत्क्षणका निसास्सिँदो पीडाहरूको यादमा अनूदित हुँदै जब म कविता कोर्न बस्छु; नचाहेरै पनि सारा भावहरू उनै पीडास्रष्टाका नाममा समर्पित भइदिन्छन्। यस्तै अन्जान सुखको सुन्दर बहाना मिलेको छ, जिन्दगीलाई। तर बहानाभन्दा अझ पर एउटा सचेत अस्तित्वरत मान्छेका लागि जिउनुको अर्थ यस्तो मोक्षसँग रहेको हुन्छ; जसको चरम प्राप्तिपश्चात् सारा अज्ञानताको अँध्यारोबाट मुक्ति मिलोस्, अहम्को

तिलाञ्जलिसहित ज्ञानको उज्यालोमा क्रीडामग्न हुन सकियोस्। यद्यपि यहाँ मात्र मोक्षको भ्रम बाँचिरहेछन् मान्छेहरू। यथार्थत: उन्मत्त अहम्को द्वन्द्वमा सेपको बिरुवाजस्तै मान्छेको तेस्रो अहम् यसै मुर्झाएर सेपमै चिहान बन्दै रहेको छ।

कहिलेकाहीँ म स्वयम्तिर फर्केर हेर्ने गर्छु। फेरि पनि मेरो अन्तरमा फ्रेमिङ भइसकेको, हरेक सोचमग्न क्षणको उही निचोड हात लाग्ने गर्छ– हो, सारा कुराहरू समाप्त हुन्छन् सुरुआतसँगै। र पनि विशिष्ट समाप्तिमा सुरुआतको अर्थ खुल्ने यथार्थको पक्षमा निश्चय नै सचेत बहुमतको दाबी गर्न सकिन्छ। तर संसारको उज्यालो अनुभूत गर्न नपाउँदै अन्त्य स्वीकार गर्नुपर्छ भने, विशिष्ट समाप्तिको धुन रच्न नपाउँदै सदाका लागि पर्दा झर्छ भने जीवन-मञ्चनको के अर्थ रह्यो र ! नभएको वर्तमान नामको यिनै उद्धृत परिधिमा ठूला रूखहरूबीच अन्जानमै बनेको आँखीझ्यालभित्रको ओसिलो अँध्यारोबाट संसार उजाडिएको हेर्दै मेरो बिहान घस्रने गर्छ अनि अँध्यारोमै झ्याउँकीरीको विरक्तलाग्दो अलापसँगै मेरो साँझ बित्ने गर्छ। यसर्थमा यतिखेर म, भोग्दै रहेको आँखीझ्यालको अँध्यारोबाट सापेक्षिक मुक्ति खोजिरहेछु...।

जब हामी बाँच्दै रहेको जीवनको सतहबाट मृत्युपछिको महाशून्यमा डुब्छौँ; जीवन ज्यादै उकुसमुकुस लाग्न सक्छ, निराशाको घना अन्धकारले लखेट्न सक्छ तर यथार्थमा शून्यबोध, अँध्यारोबोध एवम् मृत्युबोध जीवनदेखि हार होइन बरु, ज्ञानको बीजाधान हो; उज्यालोको आमन्त्रण हो; सचेत प्रारम्भ हो। यसैले उतिखेरै मान्छे चेतनाको ढोका खुलै राखेर कर्ता र कर्मको मिलनविन्दु मुक्तिका लागि वेगवान् हुरीको प्रतीक्षा गर्दै रहन्छ; हुरीपछिको सौम्य क्षण वैशाख फुल्दै रहन्छ; प्रत्यक्ष पाउनु र गुमाउनुको सीमाभन्दा पर कोलाज रङ्गिँदै रहन्छ; शब्दमा घोलिएर बर्सातमा बज्दै रहन्छ। यस्तै आरोह-अवरोहमा नै जीवन सङ्गीतबद्ध हुन्छ क्यारे !

एउटा सचेत मान्छेको पीडाग्रस्त क्षण आखिर आफैले भन्दा बढी सहानुभूति आफूलाई अरू कसले दिँदो रहेछ र ! यस्तै-यस्तै सहानुभूतिको आफ्नै सुरताल हिँडिरहेकै बेला एक कवितामय प्राज्ञिक बस्तीमा कसैको शब्दबद्ध बाँसुरीको जीवनविरोधी धुन पनि कति मृदु लागेको थियो ! त्यो स्निग्ध क्षण भुवन दिज्यूको भावुक बौद्धिकता र काँचुली दिज्यूको बौद्धिक कोमलताको दोभानमा उनै विरोधी धुनले मलाई नै आफ्नो बाँसुरी बनाएको आभासले त झन् मेरा आँखामा चरम तृप्तिकै चमक प्रसार भएजस्तो लागेथ्यो। त्यो टहक टाढैबाट तिमीले पनि अनुभूत गरेकै हुनुपर्छ। लाग्छ, म हरपल उही धुनमा झङ्कृत भइरहेछु। सम्झूँ कि– झर्कोलाग्दो अनि पटचारलाग्दो लामो घस्रँदो दिनमा मलाई जेलबाट छुटकारा मिलेको छ। फेरि यो कल्पनातीत उन्मुक्त क्षणमा पनि कुन्नि कस्तो मुक्तिको आशा हो ! मभित्र मरेको छैन...।

कुनै उद्धृत समय सुन्दर विगतको बाडुली लागेर विगतमै टक्क अडिँदा कस्तरी रमरम हुँदो रहेछ मन ! कति सुमधुर लाग्दो रहेछ जीवन ! यथार्थभन्दा पनि अजिब सुखको अनुभूतिमा एकाएक विगतप्रति कृतज्ञताको भाव जाहेर गर्छु। सधैँ आफ्ना पुराना कविताको कमजोरी बिझाउने मन आज कमजोरीमै अथाह आत्मीयता, पीडाको गहिरो नाता जागेको अनुभूत गरिरहेछु। नढाँटिएका कमजोरीको विज्ञापन भएर पनि मेरो एकान्तमा स्नेहदीप प्रज्वलित गरिरहने मेरा विगतका रचना-संसारलाई साधुवाद !

वास्तवमा कला भन्नु नै जीवनको सुन्दर भ्रम हो; जसले जीवनलाई विशिष्ट क्रियाशीलता प्रदान गर्दछ; जसका लागि आफ्ना समयहरू आफैबाट सहिद भए नि तृप्तिको प्रभावी उन्माद मित्रवत् साथै रहन्छ, जीवनभर। अक्सर सेतो कागजको रङ्गीन सम्भावना तिरोहित हुँदै गएको अन्तिम प्रहर नीलो आकाशको असीम विस्तार कल्पेर धैर्य सँगालेजस्तै हरपल अलिखित सम्भावना कलाले सप्रेम उपहार अर्पन्छ, आवश्यकतालाई...।

एकातिर उत्सुकता र तृप्तिको ककटेल अनुभूति, अर्कातिर नयाँपन चाहनु र स्वीकार नगर्नुको आमन्त्रित सङ्क्रमणजस्तै कुन्नि के-केसँग मिसिएर हो, जीवनको रङ्ग त बदलिरहन्छ क्यारे ! हुन त सधैँ-सधैँ एउटै ऋतु रहेर जीवनले काँचुली नफेर्ने भए कति कुरूप लाग्दो हो, संसार ! सम्भवत: सबैले एउटै रङ्ग चाहने भए इन्द्रेनीको रङ्ग पनि एउटै हुन्थ्यो कि ! सधैँ वैशाख मात्र फुल्थ्यो कि ! या त यतिखेरसम्म सभ्यतामा पूर्णविराम लागिसक्थ्यो होला; सत्य सीमाबद्ध बनिसक्थ्यो होला ! यी उफ् र आहग्रस्त चेतनाका नाममा मान्छेको एकान्त डायरीभरि कति पटचारलाग्दो र सन्दिग्ध अनुभूतिहरू खात लागेका छन् ! अस्तित्वसम्बद्ध मान्छेका यिनै पुरातात्त्विक प्रश्नहरू उत्तरविहीन भएर अझ रहस्यमय पुरातात्त्विक मूल्ययुक्त पिरामिडमा अग्लिरहेकै छन्। र-पनि म तत्क्षणका अस्वीकृत भावकहरूको स्वीकृत दर्शनका लागि सीमावारिका आफ्नै घाउहरूमाथि उभिई नै रहेछु। सीमापारिबाट आफैतिर हुर्रिंदो अविश्वासका विश्वस्त कुल्चाइहरू पनि यी आँखाबाट ओझेल परिसकेका छैनन्...। यसरी नै म एउटा रीतमा रित्तिइँदै जाँदो छु... पुन: उनै ककटेल अनुभूतिहरूद्वारा भरिइँदै पनि जाँदो रहेछु... ! खै, कहाँ भेटियो र मुक्ति !

कहीँ भेटिएन मुक्ति। खै, कहाँ र मुक्ति ! फेरि एउटा मान्छेबाट मुक्ति मिल्दैमा प्रेमबाट मुक्ति कहाँ मिल्दो रहेछ र ! यिनै नजुरेको मुक्तिको बन्धनजस्तै आफैसँग जुवा खेलेर आफै दाउमा फसेजस्तो छु; आफैबाट आफू बगेर आफै किनार भएजस्तो छु। तर मजस्तै एउटा मान्छेको पीडामुक्तिमा कति आवेगहरू भेल बगे होलान्, कति आँखाहरू पखालिए होलान्, कति मनहरू सङ्लिए होलान्...। बुझ्यौ होला, आफैलाई बिर्सेर मीठो कवितात्मक भ्रममा म तिमीसँग लुकामारी खेल्दै रहेछु। भ्रम नै सही पलभर भए पनि मलाई जस्तै तिमीलाई पनि मुक्ति मिलेकै हुनुपर्छ।

बन्धन र मुक्तिको सँघारमा आधा गाग्रो पानीको पीडा साइतको घडालाई सोधे सागरमा आत्महत्या गर्लान् तर अल्पज्ञानको पीडाले रन्थनिएको मजस्तो मान्छे जिन्दगी जिउने योजना बनाउँदाबनाउँदै सकिनै आँटेको जीवनको सँघारमा पनि निभ्नै लागेको बत्तीको उज्यालो भए पनि माया मारेर जीवनदेखि सचेत भाग्न नसक्दो रहेछ। बरु, आफैमाको एकान्त विक्षिप्तताले आखिर होसविहीन एकान्तमा पुऱ्याएर सम्भावनाहीन अँध्यारोमा फालिदिन्छ र छटपटाउँदै अर्थहीन मृत्युको कफन पर्खिरहन्छ, मान्छे।

उनै मृत्युद्वारा जारी नाकाबन्दीमा जीवन खेप्दाखेप्दै धेरै समय सहिद भइसकेछन् मेरा लागि– आँधी-हुरीमा, बाढी-पहिरोमा, भुइँचालोमा, आगलागीमा, गोला-बारुदमा, अभाव र अज्ञानतामा... अरू यस्तै-यस्तैहरूमा...।

मेरो सुस्केराको छोटो विश्रामभरि तिमी मलाई पर्ख है ! विश्वस्त छु, मेरो मनको प्रदेशबाट कतै सुदूर भाग्नेछैनौ... !

तिम्रो अदृश्य एवम् शालीन उपस्थिति कल्पेर आफू अभिव्यक्त हुँदाहुँदै दोछायाँले लखेटेपछिको सुस्केरामा स्थगित अधुरो कागजसँग पुन: सम्झौता गर्दै रहेको यो मध्यरात, बाहिर पानी-हुरी चलिरहेछ। कोठाभित्रको सुनसान छिचोल्दै झ्यालका सिसाहरूमा उछिट्टिएका पानीका बाछिटाहरूको आवाज र असिनाको ठोक्कर एकसाथ म आफैभित्र अनुभूत गरिरहेछु। अलिकति रोमान्टिक पीडा घोलिएर म छचल्किन्छु र सामुन्नेमा धुमिल बस्तीको पर्दा हट्दै गएजस्तोसँगै आफ्नै युटोपियन साम्राज्यमा अनुभवग्रस्त भइदिन्छ मन– भोलिबाट धेरै दिनदेखिको तुवाँलो हट्नेछ, दृश्यहरू सङ्लिनेछन्, नजिक हुनेछन्, आत्मीय लाग्नेछन्, रेसमी हावामा प्रेमको सुवास र सिताराहरू बर्सिनेछन् तर भोलिको यथार्थमा यो सत्य स्थापित होस् या नहोस् ईप्सास्मृतिमै सही, मैले अनुभूत गरेको आजको सुख भोलि कसै गरी फिर्ता हुनेछैन। भलै आगत समयले बुद्धजस्तैहरू जन्माउलान् तर उही बुद्ध जन्मनेछैनन्। यसैले त तत्क्षणका अनुभूत सत्य विगतको चाहेजस्तो संस्करण उही विगतलाई उपहार चढाउनु असम्भवजस्तै लागिरहेछ। फेरि यात्रामा दृश्य छुटेजस्तै आफूबाट विगतको दूरी जति नै बढे पनि, मान्यताहरूमा जति नै

विगतमुक्त सोचिए पनि बिर्सन खोजिएका श्रापित विगतका छायाहरूको कालो धब्बा आफै चितामा जलिसक्दा पनि नजल्दो रहेछ। बरु, आफ्नै अस्तु बनेर यही लोकमा अस्तित्वशील रहने दाबी मभित्र यत्रतत्र प्रतिध्वनित भइरहेछ। यसरी मुक्तिका नाममा चेतना र भावनाको द्वन्द्वबीच पिल्सिनु नै पर्ने नियति कसले दियो मान्छेलाई ! उनै नियति प्रहार गर्नेकै नियति सोचेर मस्तिष्कक्रीडामा म सधैँ थकित-थकित हुँदो रहेछु...।

सायद, मेरो विश्रामको समयमा तिमी धेरै अगाडि पुगिसकेका हुन्छौ र तिमीलाई पछाडि फर्केर हेर्ने मन हुँदैन कि ! लाग्छ, यसरी नै जीवनको हरेक मोडमा म तिमीबाट फेर पर्दो रहेछु क्यारे !

...तर, औधी थकानमा पनि सुन्दर सम्भावनाको सन्दर्भ कुल्चेरै जब निष्काम प्रयत्न हिँडिरहन्छ मान्छे; समय गुज्रनुसँगै ऊ आफ्नोपन बेरिएको रित्तोपन छाडेर जान्छ; जहाँ पुन: आगत समयले मान्छेका लागि या त स्वर्ग या त नरकको सुवास छाडेर जानेछ र क्रमश: उही रित्तोपन अर्को समयको प्रतीक्षा गर्दै रहनेछ। उही रित्तोपनमा कहिले पाठक, कहिले श्रोता त कहिले दर्शक सामु साहित्य, सङ्गीत एवम् चित्रादि कला-अनूदित मान्छे अथाहमै क्रमश: आफूभित्र यस्तो महाशून्य सिर्जना गर्छ; जतिखेर उसलाई मृत्युपछिको शून्य सम्झेर कहाली लाग्नेछैन; जतिखेर ऊ कलामा सम्पूर्णत: रित्तिइसकेर संसारकै सबैभन्दा हलुको वस्तु हुनेछ र ब्रह्माण्डको अनन्त यात्रामा उड्नेछ। योभन्दा पनि प...र अभिनेताको मोक्षयात्रा अरू के हुन सक्ला र !

आखिर तिमी पनि त आफ्नो जिन्दगीको स्वयम् अभिनेता हौ। फेरि मेरो अनुभूति-यात्रामा तिमी प्रारम्भदेखि नै समाहित छौ। के तिमीलाई मेरो मोक्ष-यात्रामा साथै छु जस्तो लागेन ! उत्तर यात्रामै खोज्नेछौँ...।

## पुरातात्विक सहरमा एक आउटसाइडर-कृति

प्रिय सम्बोधन ! मिस्रको पुरातात्त्विक सहरमा त्यो रहस्यमय साँझको हाम्रो अस्वीकृत भेटपश्चात् म, तिमीबाट र तिम्रो सभ्य समाजबाट विच्छेद भएर निर्जन विश्राम गरिरहेछु; जहाँ कुनै धर्म, दर्शन, सामाजिक शृङ्खला, औपचारिकता एवम् सभ्यताका उचाइहरू अग्लिएका छैनन्। मानौँ, म जीवनको खुला मैदानमा विनाठोक्कर दौडन स्वतन्त्र छु। कुनै प्रतिस्पर्धीहरू छैनन्, हारजितका प्रश्नहरू छैनन्। फूल, कुनै स्मृति र स्वप्नहीन प्राकृतिक फुल्छन्; फक्रन्छन्; झर्छन्। बस् ! झर्छन्...। शिरफूल चुँडिन्न यहाँ, तिमी छैनौ र तिम्रो फूलदान छैन। श्रद्धाफूल टिपिन्न यहाँ, अतिथि छैनन्। मनफूल भाँचिन्न यहाँ, ईश्वर मन्दिरमा कैद छैन। केवल उन्मुक्त आकाशमा सूर्य, चन्द्र र ताराहरूको आतसबाजी/नेपथ्यमा झरीको मृदुल सङ्गीत/धरतीमा सृष्टिको आदिगीत/र तिम्रो-मेरो प्रेमको नौलो सुरुआत/... तर सृष्टिको सुरुआतसँगै शीतको आँसु त सामेल छ क्यारे !

सन्जोगको कुरा हो, जीवनका जस्तै घृणित र कुरूप फेजहरूमा पनि अस्तित्वको स्वीकृत पत्रमा हस्ताक्षर गर्ने तिमी, त्यो साँझ मेरो एकालाप सुनेर बिरक्तिएका थियौ तर मलाई खेद छैन यस अर्थमा कि हामी हाम्रा संवेदनका विविध मोसनहरू, अनुभूतिका कोलाजमय गतिहरूमा नै प्रदीप्त हुन्छौँ। यसैले म अक्सर सोच्ने गर्छु तिनीहरूलाई; जो केवल उल्लास बाँचिरहेछन्। के तिनीहरू भाग्यवान् हुन् त ! के तिनीहरू भयानक भ्रममा गतिमान् छन् हैन र ! तिनीहरूको शान्ति केवल आँधीअघिको गुमसुम शान्ति होइन र ! यदि यतिखेर कसैले मलाई सुखको परिभाषा सोध्छ भने म भन्नेछु– नरकलाई सोध, निराशालाई सोध, पीडालाई सोध ! उज्यालोको एकरस विस्तार र फैलावट...। वास्तवमा हरपल आँखा खुलै रहनु उज्यालो हो, वर्तमान हो तर स्वप्नहीन, निदहीन र अँध्यारोहीन... ! !

जति-जति म परिचय र अर्थ खोज्दै हिँड्छु, परिचयहीनता र अर्थहीनताबाट लखेटिन्छु; जति-जति म निश्चित परिधिमा आफूलाई अटाउन खोज्छु, उति-उति आफ्नै चेतनाको अनिश्चितताले बिथोलिन्छु। फेरि पनि आफ्नै पीडाका सापेक्षित संवेदनहरूबाटै अनिश्चितताका नाममा म आत्मघात गर्न सक्तिनँ। लाग्यो प्रकृति संसार एब्सर्ड छैन। बरु, मान्छे स्वयम् एब्सर्ड हो; उसका सम्बन्धहरू एब्सर्ड हुन्। ऊ मान्छेकै चारित्रिक खलनायकहरूबाट लखेटिन्छ; मान्छेकै मान्यताबाट टुटेर एब्सर्ड हुन्छ, अनिश्चित हुन्छ, अस्वीकृत हुन्छ। तिमीले भनेझैँ म एउटा घृणित जीवनको क्रमबद्धतामा मौन आतङ्कित हुँदो रहेछु। यसरी तिम्रा जस्तै मेरो आस्थाले पनि पटक-पटक आत्महत्या गरिसकेको छ। र-पनि सिङ्गो सभ्यताको विपरीत ध्रुवबाटै म तिमीसम्म सम्प्रेषित हुन पल-पल आतुर हुन्छु किनकि तिमी आफ्ना भाव, विचार र तर्कले मलाई ब्ल्याकमेल गर्ने गर्थ्यौ; जसको नशा अहिलेसम्म टुटेको रहेनछ तर तिमीसम्म आइनपुग्दै उहिल्यै तिमीबाट बिछोडिएको हुँदो रहेछु। फेरि पनि यो मन हारेको छैन; आफूलाई आफ्नै चेतनाले सहलाउने प्रयास गरिरहेछु।

...हुन त अनावश्यक प्रपञ्चहरूमा फसेको मान्छेको चेतना नै मान्छेको बाटोमा अवरोध उभिने गर्छ र एकमुस्ट उद्घाटित दुर्घटनाहरू अझ बडेमाको 'हाउ' बनेर आगामी बाटोमा उभिँदा मानसिक धरातल नै पहिरो जान पनि सक्छ। यति बेला निरीह मान्छेले आफूलाई कमजोर साबित गरेर केवल संस्करणित हिँड्ने तरखरमा आत्मालोचना गर्नुसिबाय अर्को विकल्प भेट्नेछैन र अनुभूति नै उपलब्धि ठानेर चुपचाप जिन्दगीको पाना पल्टाउँदै जानेछ। सम्भवतः बौद्धिक प्रदूषणबाट मान्छेले यसरी नै तत्काल निकास र राहतको अनुभव त गर्दो हो तर ऊ सन्तुष्ट हुनेछैन। असीम अस्तित्वविस्तारको किनारालक्षित ऊ आफ्नो उपयुक्त विशेषणको खोजीमा हिँडि-नै-रहनेछ र विस्तारमा आफूलाई नै नभेटेपछि ऊ आफैसँग गुनासो गर्नेछ, आक्रोशमा अझ खुम्चिनेछ र-पनि आशीर्वादपूर्ण गरिमामय जिन्दगीको दाबी गर्न छोड्नेछैन।

...दोहरिएको अरोचक कहानीजस्तो दिक्दारीमा आफूलाई घिसार्दै हिँडिरहेको बेला हिजो मात्र आफ्नै जिन्दगीले मलाई मेरो निजी एकलास बाटोमा बधाई दियो; तत्काल उपलक्ष्य थाहा पाउन सकिनँ। आगामी सफलताको शुभकामना दियो; तत्काल गन्तव्य सोच्न सकिनँ। फेरि आफू फेदीमै रहेर पनि नीलिम आकाश, निलाम्मे शिरीष र दूरीका नीलगिरिहरू आफैतिर नुहिरहेको अकल्पित भव्यताको स्वागतले मन रोमाञ्चित त भयो नै... र आफ्नो सुरुआतप्रति निःसङ्कोच विश्वास गरिदिएँ। यही मेरो सचेत विजयको प्रथम आभास थियो।

हो, म अब आँखाभरि-भरिको निलाम्मे शिरीष तर भ्रमरको एक चुम्बनमै भुइँभरि असरल्ल पोखिएर तोल्सतोयको चिहानछेउ उदासिएको अर्को चिहान होइन र डुब्न लागेको घाममा स्वयम्भूको अर्द्धमुदित नयनले युगको भीडमा छलिएको मन खोजिहिँड्ने विरही पनि होइन...। यतिखेर म मानवीय निषेधकै जलनले चुपचाप बिरुपिएको एउटा अस्तित्व; मान्छेकै भावविचार, क्रियाकलाप र नीति-नियमको उल्झनले चिथोरिएको एउटा एब्सर्ड; मान्यताको निर्वासनद्वारा परिणामित विपरीतध्रुवीय प्रक्षेपण; जो सम्भवतः एउटा अराजक यात्रा बुझिएको हुनुपर्छ। बुझ्नलाई त छुट छ सबैलाई...। फेरि पनि म तिम्रो उद्धृत विषयवस्तु नै किन नबनूँ ! या तिम्रो रेखाङ्कित निषेध नै किन नबनूँ ! एक समय तिम्रै सभ्यताको भव्य सङ्ग्रहालयमा एउटा अनुपम कलाकृति देखेर तिमी त्यहीँ टक्क अडिनेछौ; मुग्ध हुनेछौ। त्यो कुनै दैवीय मायावी रचना नभएर तिमी र तिम्रो परिचित सम्भयताबाटै सीमान्त विच्छेद भएको विशिष्ट आउटसाइडर-कृति हुनेछ !... ! !

...र विश्वासको खेलमा तिमी आफैसँग झस्केछौ भने पनि आँसुको उत्सव मनाएर तिमी विरेचित हुनेछौ। चाहे त्यो गोहीको आँसु नै किन नहोस् किनकि तिमी सत्तामा हुनेछौ। म भने कतै निर्वासनमै सधैँझैँ जिन्दगी एउटा मिठो कलात्मक भ्रम सम्झेर निदाउनेछु र चाहन्छु– सपनामै भए पनि तिम्रो न्यायालयमा आगो लागिरहेको होस् !... ! !

उहिल्यै सभ्यता वास बसेको एक रात तिम्रो अँध्यारो गल्लीमा नायक प्रमिथियसलाई भेटेको थिएँ। उसको हातमा आगो थिएन। एक हातमा बन्दुक र अर्को हातमा फूल लिएर नयाँ सभ्यताको खोजीमा हिँड्दै रहेको बताएको थियो, उसले। कतै उसलाई भेटेछौ भने भनिदिनू– तिमी मात्र एउटा सुन्दर मिथ हौ; वर्तमान होइनौ। हौ भने केवल पागल वर्तमान हौ, पीडा हौ तर सम्मान होइनौ।

अचानक, यो निर्वासनभूमिमा साता दिनदेखि बाढी आएको छ, चारैतिर जलमग्न छ। लासहरूसँगै उद्धारकर्मीहरू यहाँसम्म आइपुगेका छन्। भर्खरै मात्र दुईवटा लासहरू किनार लगाए उनीहरूले। तीहरू तिम्रै गाउँका रहेछन्। अझ नियाल्दा तिम्री आमा र मेरी आमा पो रहेछन् ! !... हरे ! पानी बाफिनु कहाँ ! बादलिनु कहाँ ! बर्सिनु कहाँ ! बाढी बग्नु कहाँ ! अझ बगिरहनु कहाँ... कहाँ... ! ! ! जन्म कहाँ ! मृत्यु कहाँ ! कठै मान्छे !... ! ! यतिखेर तिमी यहाँ हुँदो हौ त देख्ने थियौ– तिम्रो-मेरो आँसुको रङ्ग फरक छैन, तिमी क्रिस्चियन म हिन्दू तर हाम्रो आँसुको धर्म फरक छैन। दुवै दुःखी हुन्थ्यौँ; गम्लङ्ग अँगालो हाल्थ्यौँ।... बस् ! अँगालोमै एक रात अँध्यारो बिताउँथ्यौँ...। भोलि त उज्यालो नभई कहाँ छोड्थ्यो र !

खै ! आफ्नै चेतनासँग तर्कले शब्दको राजनीति कति गरूँ ! आफूलाई अनुभवहरूमा कति विभक्त गरूँ ! र शोषण गरूँ आफ्नै उष्ण भावनाको ! मान्छेहरू शब्दहीन बाँचे हुन्न र ! यतिखेर भने मान्छेका भावुक र पारङ्गत औँलाहरू सितारसँग खेल्नुपर्छ। त्यहाँ स्वीकृति-अस्वीकृतिको शाब्दिक छनोटले लय भाँचिनेछैन। बरु, आफू हुनुको चेतना नै लयबद्ध हुँदै जानेछन्। श्वेतरात्रिको जूनमा कालो रात एकाकार भएझैँ आखिर आफूलाई कतै हराउनु, बिर्सनु अर्थात् आफू नहुनुले के फरक पर्दो रहेछ र ! केवल शब्द-शब्द अनि पङ्क्ति-पङ्क्तिबीचको अनेकौँ सम्भावित-असम्भावित अर्थयुक्त स्पेसजस्तो भव्य शून्यता नै हो, बाँच्नु ! र शून्यतामा जीवनको गति अझ भव्य औपचारिकता बनेको छ।

...औपचारिकता बाँच्दा-बाँच्दै आफैद्वारा आफूमाथिको अतिक्रमण सीमापारि पुग्दाको एउटा विचित्र अनुभव छ मसँग। अपर्झट मैले आफैसँग विद्रोह गर्न सुरु गरेँ। पहाडको टुप्पामा अडिएजस्ता सारा पत्थरहरू बाढी बनेर मेरा साथ जुर्मुराउन थाले। रूखपातहरू संलग्न भए-रहे। सम्झनलायक सुन्दर दुःखान्त सपनाजस्तै सारा सम्भावित पीडाहरू ऐक्यबद्ध भएर मेरो अनिवार्य आस्थाको मूल धारमा बहँदै गए, म सागर बनेँ...। यो बहाव दूरीबाट बुझ्दा सीमाबद्ध लागे पनि आफै आफ्नो फैलावट नाप्न नसक्नुमा नै त आफ्नो सुखप्रति सन्देह गर्ने कुनै रहर जागेन। वस्तुतः म सन्देहमा मेरो दुर्लभ आस्था गुमाउन चाहन्नथेँ; जतिखेर सिङ्गो आकाश नै मैले आफ्नो छातीमा अटाएको थिएँ...। फेरि पनि बादलिनु, बर्सिनु, सङ्लिनु, मैलिनु त छँदै छ तर म प्रकृतिको ट्रेजेडी-उत्सवलाई त्यत्ति नकारात्मक महत्त्व दिन्नँ; जति मान्छेका नकारात्मक सम्भावनाहरूको बाढी उर्लिएको बेला भयभीत हुन्छु; जतिखेर बाँच्ने रहरको मादकताले म झन्-झन् रोमाञ्चित हुँदै जान्छु...। फेरि हुरीबतासमै सम्भावनाहरूको वैशाख नपलाउने कहाँ हो र !

सम्भावनाहरूमै थुप्रै साँझहरूमध्ये फेरि साँझ पर्दै छ। तिम्रा-मेरा औसत संवेदनहरूमा म तिमीलाई सम्झिरहेछु र सम्झ– म यतिखेर योजनाहीन पहाडको सङ्गतमा छु। हो, अनौपचारिक बन्न खोज्दा-खोज्दै पनि औपचारिक यातनाद्वारा ग्रसित मेरो मन पुनः उही अन्तरको सिलसिलाहीन विवेचनामा मग्न छ र तिनै विवेचनाहरू; जसले पुनः अर्को साँझ आफैलाई अस्वीकृत गर्नेछन्...। मेरो भन्नु केही छैन...। मध्यान्तरबाटै म पहाड उक्लिरहेछु...। तिमीले मन पराएको फूल, काँडा, क्याक्टस, घाम, जून, बर्सात सारा साथै छन् मसँग। यो साँझको चढ्दो जवानीसँगै यादभरि अहम्को समर्पित रमरममा तिम्रो-मेरो अनुभूत पीडाको एकाकार संवेदनमै म एकछिन स्थगित हुन चाहन्छु... तर यहाँ स्वयम् तिम्रो अस्तित्वबोधी चेतना त हाजिर छैन नि !

...भैगो, प्रिय सम्बोधन ! म आफूलाई आफ्नै संवेदनहरूबाट आरम्भ गरेर सम्प्रेषित हुने प्रयास गर्दै छु। यही सञ्चेतनले नै मलाई निस्पट्ट भ्रमबाट मुक्त गरेको छ। जहाँ जान्छु म आफ्नो जिन्दगीलाई सचेत र सुरुचिपूर्ण पछ्याइरहेछु...। दुर्लभ आकाङ्क्षाहरू छिचोल्दै जाने धैर्य छ मसित...। जीवनका सारा विसङ्गतिहरूसाथ सदाशयपूर्ण प्रभातफेरीमा सामेल भइरहेछु तर मैले प्रकृतिको भाषा बिर्सेको छैन...।

...समय पागल छ र म पनि पागल छु। हिजोआज दुवै निर्ममतापूर्वक एक्लिएका छौँ। हाम्रो आत्मबोधमा तिमीलाई अलिकति पनि खेद छ भने तिमी प्रकृतिको भाषा बोल्नेछौ, हामीसित...।

...यो त्रासद रोमान्टिक क्षण, कुनै विगत तिम्रो आँसुका डोबहरू पढेको स्मृतिमा मग्न छु। आँसुको बर्सातमा मनभरि भिजेको छु। यतिखेर मलाई कसैलाई सुन्ने रहर छैन। जम्मामा मेरो अस्तित्वलाई नै प्रेम गर्ने तिमी, मेरो कविताको कामना गर्ने उही भावक तिमी, आज होसमा होइन पागलपन र बेहोसीमा म तिम्रो प्रेमको अनुभूत गर्न चाहन्छु... एउटा कलात्मक भ्रम; जहाँ विच्छेदको सम्भावना सजिलै तिरोहित हुन सक्छ...।

...र त्यो कलामय उज्यालोमा तिम्रो-मेरो अस्तित्व दृश्य हुनेछ। त्यो दिव्य क्षण आफूलाई सम्झेरै हामी परस्परमा आफू हुनुको गर्व भेट्नेछौँ।

यद्यपि मान्छेले आकाङ्क्षा, निर्णय र परिणामको दासत्व स्वीकार गर्नु भनेको स्वतन्त्रता गुमाउनु त होइन नि ! आत्मा अमर छ भनेर घोक्दा-घोक्दै पनि अनायास 'मृतात्मा' भनेर सम्बोधन गरेझैँ मात्र त हो नि ! !... होइन र !... फेरि आफ्नो स्वतन्त्रता खोज्नेले अरूको स्वतन्त्रताको पनि त ख्याल गर्नुपर्‍यो। के कसैलाई प्रेम गर्नुको अर्थ उसबाट प्रेम खोज्नु होइन र ! भलै शब्दका कुटिल आदर्शवादीहरू शब्दमै प्रेमलाई केवल त्यागको नाम दिएर प्रेम गर्नुको अर्थ प्रेम खोज्नु नभन्लान् तर तिनीहरूले गुमाएको बहानामा सबै कुरा पाइरहेका हुन्छन्। यसर्थमा तिनीहरू भावनाका झन् ठूला सफल ब्ल्याकमेलरहरू हुन्।

निश्चय नै एक बिहान झिसमिसेमा, जीवनको सुन्दर आधारशिविरबाट हजारौँ तीर्थको आनन्द कल्पँदै जिज्ञासुयात्रा हिँडेको असफल मान्छे आफ्ना कोलाजमय उमेरका त्रासद पदछापहरू आफ्नै जीवनको अँध्यारोले छोपेर मेरो कविताको विस्तारित संसारमा प्रवेश गर्नेछ र उसलाई पुर्‍याउन भनी अश्वत्थामा, अहल्या, नित्से, सिसिफस, सिल्भिया प्लाथ, भर्जिनिया उल्फ, हेमिङ्गवे, एकलव्य, भ्यानगग र भैरव अर्यालहरू आउनेछन्। एकसाथ पीडाहरू बालेर धुनी ताप्नेछौँ, उत्सव मनाउनेछौँ तर भगवान्ले भने उसलाई बाटोभरि वेदनामा, बिरामीमा कहिल्यै सोध्नेछैन। उसलाई नै म आफ्नो कविताको नायक बनाउनेछु। थाहा छ, त्यो नायक को हुनेछ?... ! ! मलाई माफ गर... त्यो तिमी नै हुनेछौ, प्रिय सम्बोधन !

'सागरको वरिपरि मनहरूको समारोह' मा कविहरूको स्वीकृत भावझैँ यहाँ फूल फूलजस्तो रहेन, मान्छे मान्छेजस्तो रहेन, युद्ध युद्धजस्तो रहेन, शान्ति शान्तिजस्तो रहेन, जीवन जीवनजस्तो रहेन, कला कलाजस्तो रहेन। हो, यहाँ सोचेको भन्दा नसोचिएका धेरै, भोगेको भन्दा नभोगिएका धेरै, सुनेको भन्दा नसुनिएका धेरै, देखेको भन्दा नदेखिएका धेरै र खोजेको भन्दा नखोजिएका धेरै छन्। यिनै सुन्दर पीडाहरू छन् र-त जिन्दगी भोग्नलायक छ। वास्तवमा हरेक व्यक्ति आफैमा एक घटना हो, यसर्थ हरेकलाई ढुङ्गा होस् या रूख होस्; सूर्य, चन्द्र, पहाड, नदी जे होस् आ-आफ्नो देवता पुज्ने अधिकार सबैलाई छ। यही भिन्नताले नै त दुनियाँ रङ्गीन छ र कलात्मक छ, जिन्दगी सुन्दर छ र जिउनुमा मिठास छ। लाग्छ, धरती र आकाशबीचको अलौकिक आतसबाजीझैँ प्रकृति र मान्छेबीचको स्पेस स्वयम् नै एक सुन्दर कला हो। यही स्पेसमा म कविता लेख्छु र मुक्तिका नाममा एक सिँढी उक्लेको अनुभव गर्छु।... अब त जिन्दगीसँग कथित सुखको प्रश्न गर्न छाडेको पनि धेरै भइसकेछ।... ! !

मेरो कविताको नायक, प्रिय सम्बोधन ! म विश्वस्त छु– क्रमश: तिमी पनि जीवनको विरूप भीडमा सुखका प्रश्नहरू गर्न छाड्नेछौ तर अँध्यारोमा जूनको मधुर पृष्ठभूमि गाँसेर पनि आफ्नै परिभाषित सुखका कलात्मक आकृतिहरू लक्ष्य गर्दै सदा तिमीभित्र एउटा चित्रकार-बत्ती बलिरहनेछ...। कसै गरी बिपनाको लिकबाट यात्रा अलग्गिएको क्षण अस्ट्रिच-पीडाका घनघोर रातहरूमा जीवन निसास्सिए पनि औँसीको निस्तो रातको ऐकान्तिक यात्रामा कतै टाढा देखिएको बस्तीको प्रथम उज्यालोजस्तो, कतै निर्णायक बिहानीका लागि लम्बिँदो रातमा उत्साहको अधीरताजस्तो तिनै घनघोर अन्धकारमा आशाका सुन्दर आकृतिहरू कोर्दै निरन्तर-निरन्तर तिमीभित्र एउटा चित्रकार-बत्ती बलिरहनेछ... ! ! ...र दूरीमा आउटसाइडर-पीडा भ्रेलेरै पनि म त्यो उज्यालोको अनुभव गरिरहनेछु... ! !

# इतिहासको संस्करण

भोलिको घाम यी आँखामा सिउरेर जब म आजको रात निदाउँछु लाग्छ, समय सीधा बगिरहेको छैन। फेरि बगिरहनु भ्रम पनि त होइन। म पनि त समयसँग चाल मारेर बग्दै रहेँ र देख्दै रहेँ– ऋतुचक्र हिँड्नुमा समय एक मौसम रित्तिएर हाँगाहरूमा एकभ्रर मुस्कुराउँछ, एक मौसम तप्त भई बाफिएर एकभ्रर बर्सन्छ, एकभ्रर मीठो न्यानोमा पग्लिएर एक मौसम जमिरहन्छ र फेरि एक मौसम रित्तिएर हाँगाहरूमा एकभ्रर मुस्कुराउँछ...। हो, समयचक्रम इतिहास दोहोरिइरहन्छ...।

नजाने एक्काईसौँ शताब्दीको यो प्रथम प्रहरतिर धरतीको नसा-नसामा विगतको मात चढिरहेछ। कुनै समय यही माटोले भोगेको इतिहासको गन्ध म अहिले अनुभूत गरिरहेछु। बी. पी., पुष्पलालहरू विकासको शिखर ताक्दै प्रजातन्त्र खोजिरहेकै छन्, गङ्गालालहरू जुलुसमा सडक-सडक उत्रिएकै छन्, मान्यताको गोली लागेर उनीहरू सालिकमा निरर्थक अनुवाद भइरहेकै छन् र सालिक बौरिएर जङ्गबहादुरहरू घोडाको टाप बजाउँदै टुँडिखेलबाट मध्यसडकतिर हिँडिरहेकै छन्...। यो कुनै शब्दको बदचलन होइन, इन्द्रजाल होइन, केवल स्मृतिको खेल पनि होइन, अभ्र कपोलकल्पित छायाहरूको अप्रत्याशित भेल त भ्रनै होइन। बरु यो सत्य वर्तमान स्वयम् पनि आफैँबाट कुल्चियो कि भनी कुपोषित सडकमा त्रसित-त्रसित धड्किरहेछ, जो आँसुले धरती नरुभ्रोस् भनी आकाशतिर हेरेर रुँदै हिँडिरहेछ।

किन एउटै जीवनमा कैयन् मृत्युहरू बल्भ्रेर दुख्दै छ यस्तरी ! लाग्छ, मेरो इतिहासले खप्न नसकेका घाउहरू म दुखिरहेछु; निरन्तर दुखिरहेछु...। मेरो पुर्खाले कुन त्यस्तो गल्ती गऱ्यो र ! मानौँ ती आदिगल्तीबाट अनिच्छित जन्मेका अन्य गल्तीकै अनगिन्ती अभिशापहरू भोगिरहेछ वर्तमान, आफैमा अर्थहीन भएर...।

नीलो आकाशमुनि उन्मुक्त सुन्दरता फैलिएर गुराँस फुलेको, अनि भ्रुल्केघामको मृदु स्पर्शमा पुलकित भ्रर्नाको सङ्गीतमय हरियो डाँडामा बसेर सपनाहरू बुनिरहेको वर्तमान। सपनाहरू बुन्दाबुन्दै प्रफुल्ल आकाशको पारि भित्ताबाट कालो-नीलो भएर इतिहास भविष्यका भ्रिल्काभ्रिल्की रेखाहरूमा बेरिँदै, गडगडाउँदै सवार हुन्छ म-हामीले टेक्दै गरेको उही वर्तमानको डबलीमा र आँखाहरूको क्यानभासमा रगतका बाछिटाहरूको चित्र कोरिँदै जान्छ अमूर्त !... अमूर्त... ! ! म फगत दर्शक बनेर हेरिरहेछु–

किन मान्छे आफ्नो वर्तमानको सग्लो सहभागी बन्न सक्दैन !

किन मान्छेकै प्रथम गल्ती चिन्न सक्दैन मान्छे !
दासीले जडौरीका रूपमा पाएजस्तो जीवन
किन स्वयम् पूर्व-अस्वीकृत हस्ताक्षर गर्न सक्दैन मान्छे !
के यसमा मान्छेको केही सत्ता छैन !
के मान्छेको चेतना केवल पीडाको विशेषाङ्क मात्र हो !
किन यसरी अर्थहीन भइदिन्छन् अर्थहरू !
कहाँनेर पुगेर अर्थहरू अडेसा लाग्छन् !
मौन छन् मसँगै मेरा अर्थहरू...
यो क्षण म निमित्त दर्शकको पीडा भोगिरहेछु...।

जब वैशाख मेरा हत्केलामा नयाँ रेखा कोरेर जान्छ, प्रतिपल पुरानिनु नै नयाँ लाग्दै जान्छ र क्रमश: बदलिँदो नयाँ रङ्ग बनेर मेरो हत्केलामा उही वैशाख अर्को वर्षको नयाँ रेखा कोर्न हतारिँदै आइपुग्छ। यही बेला म याद गर्छु मेरो विगत– मेरो इतिहासको। यसरी क्रमश: म बिर्सँदै जान्छु पुरानाहरू, र नै त झस्केर याद गर्छु। कतै नपुगेजस्तो, केही नभेटेजस्तो निराश-निराश हुन्छ, र नै त आश गर्छु। हो, कतै पुगेजस्तो अर्थहरूको आशा गर्छु, र नै त निराश हुन्छु !

साँच्चै ! अर्थहरू कति गम्भीर हुन्छन् ! अनन्त अर्थहरू लुकाएर अर्थ बोलिरहेका हुन्छन्। प्रश्नहरू कति चनाखा हुन्छन् ! उत्तर भएर नै तीहरू प्रश्न बन्छन्। तिनै प्रश्नहरूको भीडमा दन्त्यकथाकी किचकन्नीजस्तै अतृप्ति र खोक्रोपनको कालो धब्बा पछाडि लुकाएर प्रभाती घामको मृदु स्पर्शसँगै सामुन्नेमा हिमाल मुस्कुराउँछ, देखिएको एउटै हरियो पहाड पारिका आँखाहरूमा कस्तरी वृष्टिछायाको व्यथा साँचेर बन्जर बाँचिरहेको हुन्छ। हुन पनि एक टुक्रा धरतीमा बयलीको मीठो तरङ्ग झुम्दै रहे नि कतै टाढा मरुभूमिको तुफानी सङ्गीत नबज्ने कहाँ हो र ! कतै मृत्यु दुखे नि कतै जीवन नदुख्ने कहाँ हो र ! निश्चय नै कतै श्वेतरात्रिको प्रेमदिवस झुम्दै रहे नि कतै कालरात्रिको प्रेमहत्या नघट्ने कहाँ हो र ! जीवनको स्वीकृत अर्थ त केवल बित्नुसँग रहेछ। साँच्चै, उही समय कहाँ-कहाँ के-के बितिरहेका होलान् ! आखिर अतृप्ति अनि खोक्रोपन जीवनको स्वयंसिद्ध ब्ल्याकहोल न हो ! जुन अँध्यारोमा जोकोही हराएकै हुन्छ र बन्जरपन मान्छेको स्वयंसिद्ध आफ्नोपन हो जुन आफ्नोपनमा समय हिँडिरहेको हुन्छ र कतै पुगेजस्तो लाग्न सक्छ। यिनै पुग्नुजस्तोका संस्करणहरूमा हिटलर-मुसोलिनी जन्मे, बुद्ध अनि गान्धी पनि जन्मे। प्लेटो जन्मे, प्लेटोका रहस्यहरू जन्मे र नै त अरस्तु जन्मे, अरस्तुका यथार्थहरू जन्मे। तपस्वीहरू जन्मे र नै त मेनका, उर्वशीहरू जन्मे। अधिक मानव-पीडाहरू जन्मे र नै त नित्से जन्मे, नित्सेका ईश्वरमृत्यु-प्रकरणहरू जन्मे। कामुको आउटसाइडर पीडा र सार्त्रका अस्तित्व जन्मे। हो, यस्तै पुग्नुजस्तोकै ऋतुसंस्करणहरूमा सामुन्ने सगोत्रीय सामूहिक चिता जल्दै रहे नि सहजजस्तो गरी बत्तीको आशातीत सुन्दर उज्यालोमा पुतलीहरू झुम्मिन्छन्; कसलाई थाहा छैन र ! तर किन झुम्मिन्छन्? जीवनका लागि या मृत्युका लागि ! अहँ, भन्न सकिन्न...। र-त उही सिसिफस-मान्छे, उही इतिहासको नयाँ संस्करणजस्तो अनुत्तरित प्रश्नहरू निधारभरि खोपेर तप्त सूर्यको अगाडि मैनबत्ती-उज्यालोमा जीवन जप्दै हिँडिरहेछ... केवल हिँडिरहेछ युगौँदेखि !... ! !...??

## सूर्योदयको दोस्रो अनुरोध कहिल्यै हुनेछैन

झरेको फूलको नाममा शोक मनाएर आगामी ऋतुको बहिष्कार गरिरहँदैन रहेछ मान्छे !

फेरि पनि चैत फुल्यो, वैशाख वास आयो। पोहोर सालको चैते हुरीमा युद्धले विधवा बनाइएर फुङ्ग उडेकी सानीको मनको रङ्ग यस पटक भने चैते हुरीले बिथोल्न सकेनछ। पृष्ठभूमिहरू दुखेरै पनि वर्तमानको रङ्ग चढेछ। आरुका झप्प फूलहरूसँगै आकाङ्क्षाहरू झन् बढी मौलाएछन्। सानी छुट्टीमा आएका बेलायती लाहुरेसँग तीजका दिन काखको नानी च्यापेरै भागिछ। तल्लाघरे कान्छाले तीजकै साँझ ती रङ्गीन जोडीलाई पशुपतिको भीडमा देखेछन्। गाउँभरि हल्ला चल्यो; पातहरू कानेखुसी गर्न थाले– पोइविना दुई दिन पनि टिक्न नसकेकी कहींकी !... ! ! र यतिखेर म सहधर्मी झझल्कोमा जीवनका हजार अभिशप्त सर्गहरू पार गर्दै पीडा, घाउ, शून्यता र विसङ्गतिहरूसँग परेड खेल्दै दुर्गम उचाइमा फूलको आँधीको सङ्गीत र लयबद्धतामा झङ्कृत हुँदै आफ्नै अस्तित्वका यावत् पीडाहरूको सतहमाथि उभिएर खुसीको ईर्ष्याबाट प्रारम्भित सत्य-पीडाको पूजा गरिहिँड्ने र पीडा नै भोग्न प्रेरित गर्ने पीडा-उपासक विशिष्ट मानवसभ्यताप्रति भावपूर्ण खेदको पुष्पाञ्जलि गरिरहेछु।

कहिलेकाहीँ महत्त्वाकाङ्क्षाहरूको पहाड अग्लिएर मन एकतमासको भइरहन्छ। अचानक अस्तित्वप्रश्नहरूको स्पर्शले अन्तरमा कतै तरङ्गित हुन्छु र भयानक आनन्दबीच गीता, मुन्धुम सिरानी हालेर निदाउँछु र आनन्दमै नीद, अँध्यारो र सपना छिचोलेर कतै वसन्तको प्रथम फूल फुलाउँछु तर कतै हृदयमा हुरी-तुफान चल्दै रहन्छ... यसबेला अझ बढी अस्तित्वटकराव अनुभूत हुन्छ र एकान्तमा आफ्नै प्रेमिल विचारहरूसँग म बेफुर्सदी बन्छु। चाहे मेरा विचारहरू आत्मराग नै किन नबनून्। कम्तीमा बाँचेको आभासले पुलकित हुन्छु तर बाँच्नु बहुत गाह्रो रहेछ। आफैले आफूलाई गोली हानेर मृत्युसँग लडिरहँदा मर्ने बेलामा भ्यानगगले एकमात्र आफ्नो प्यारो भाइ 'थियो' लाई अँगालो हालेर भनेका थिए– ओहो ! मर्नु निकै कठिन रहेछ तर मर्नुभन्दा बाँच्नु पो मेरा निम्ति कठिन भयो...। सम्भवत: मान्छे यसरी नै 'अन द स्पट मृत्यु' को पनि सचेत स्वीकृतिको सहज बहानामा एउटै जीवनमा जान-अन्जान अनगिन्ती मृत्युको रिहर्सल गरिरहन्छ, क्यारे ! यिनै अभिशप्त सर्गहरू पार गर्ने होडमा नै लाग्छ, मान्छेको 'प्रेमबहाना' तिनै पीडाको क्षतिपूर्तिस्वरूप सर्वोत्कृष्ट निकास हुनुपर्छ।

एउटा उदास दिन म अहिले सम्झिरहेछु; जुन दिन एक जवान केटाले आत्महत्या गरेको थियो। निश्चय नै त्यो उदासी मेरो जवानीको थियो। यसैले त त्यो दिन मेरो कलम पनि उदास थियो। आज त्यो उदासी विषयवस्तु बनेर मेरो कलम बगिरहेछ। कलमसँगै मेरा अनुभूतिहरू बगिरहेछन्। लागिरहेछ, यतिखेर म अनुभूति र विचारको विलासितामा छु। शब्दविम्बहरू चुपचाप अर्थमा अनूदित भइरहेछन्। म तिनै अर्थको उन्मादमा छु।

प्रिय भावक ! तिमीलाई कसरी भनूँ कि एक समय मेरो जवानीले कुनै सन्न्यासीको आदर्शविपरीत उसको जवान दृष्टि अनुभूत गरेको थियो !... तर त्यतिखेर कुनै प्रतिवादविना मैले उसलाई ठानिएको अपराधबाट मुक्त गरिदिएँ र उच्छ्वासपूर्ण आनन्दी प्रदेशमा परम दयालु बादशाह बनेँ। लाग्यो, यसरी नै मान्छे आदर्शको भ्रमपूर्ण क्षितिज छुन हरपल प्रयास गरिरहँदो रहेछ...।

मेरा हृदयी भावक ! अब त तिमीलाई त सहजै भनिदिएँ कि आज पशुपति आर्यघाटमा लास जलाइरहेको देख्दा मलाई त्यति दु:ख नलाग्नुमा सायद मृत्यु सुन्नु र देख्नुमै बानी परेछु क्यारे ! त्यसमा पनि लगत्तै विवाहका लागि सजिएकी दुलही देख्दा भनूँ मेरा आँखा नचाहेरै त्यतैतिर मोडिएछन्। सम्भवत: मेरा प्रेमीका साथमा मलाई मृत्युले भन्दा जिन्दगीले स्पर्श गरिरहेथ्यो। यसैले म आफूलाई अराजक पगरी भिराउन कसै गरी तयार छैन। चाहे तिमी

मलाई असामाजिक या असांस्कृतिक भन; आखिर त्यो प्राकृतिक थियो, जैविक थियो, यथार्थ थियो। यसमा आदर्शको के कुरा भयो र !

हिजो साँझ कफीसपमा हामी कफी पिउँदै प्रेमिल गफमा निकै मस्त थियौँ। फेरि नयाँ दिनमा पुराना अनुभूतिहरूको समीक्षा निकै रोमाञ्चकारी लाग्छ नि ! म उनकै फ्ल्यासब्याक गफहरूमा रमाइरहेको थिएँ। अपर्झट त्यहाँ एक मित्रको उपस्थिति जाहेर भयो। तत्क्षण हामी दुवैको अनुहार अँध्यारिएको महसुस भएथ्यो, मलाई। यद्यपि मित्रवत् व्यवहार गर्न भने हामी दुवै चुकेनौँ। किनकि मित्रता पनि हाम्रो दोस्रो आवश्यकता थियो। यसर्थमा उत्तरआधुनिक विखण्डनप्रति हाम्रो ससम्मान विमति भने रहेन।

पानीलाई अँध्यारोले छेक्दैन र यो घनघोर रात बाहिर पानी मुसलधारे बर्सनुसँगै आफ्नो बाटो आफै बनाएर सहज बगिरहेछ तर किन-कि भित्र यो मन जम्दो छ। सम्झँदा खोटो सिक्काजस्तो नजाने कति झूट आदर्शहरूको सुन्दर आवरणभित्र जिन्दगी दुखे होलान् ! आशीर्वादहीन निरुपाय घस्रिरहेका मनहरू कति निसास्सिए होलान् ! अरूका लागि गरिएका प्रार्थनाहरू कति खेर गए होलान् ! अरूलाई बुझ्ने प्रयास गर्दागर्दै नबुझ्नुसँगै आफ्नै अस्तित्व दाउमा लागेको बेला मनहरू कति बेकार लागे होलान् ! बाँचेको बहानामा स्वयम् बाँच्नुको विश्वासमाथि नै कति प्रश्नचिह्नहरू लागे होलान् ! कम्तीमा यतिखेर म आफू उभिएको धस्सिँदो सतह अनुभूत गरिरहेछु। गरिमामय उपस्थितिविना नै कम्तीमा मलाई विश्वासपूर्वक थाहा छ कि म वर्तमानमा जिउँदो छु। कुनै पनि समय मेरो मृत्यु निश्चित छ र यो पनि मलाई निकै राम्ररी नै थाहा छ। जतिखेर म मेरी आमाको मृत्युको खबर सुनाउन आफन्तहरूलाई हस्पिटलकै प्राङ्गणबाट फोन गर्दै थिएँ; सारा सहानुभूतिहरू व्यर्थ लागिरहे। कसैको कृपाको कुनै अर्थ थिएन। कसै गरे पनि आमा त फर्किने होइन नि ! बरु, जेठको गर्मीको निमन्त्रणा स्वीकार गरिसकिएको त्यो उष्ण बिहानी मृदु गर्विलो पूर्वी हावाले मलाई मीठो स्पर्श गरेर गयो। लाग्छ, त्यति नै खेर त्यो चिसो हठी हावाले मेरो आदर्श आवरण नङ्ग्याएको थियो तर मेरो अनुभूति छिचोल्न मेरै कथित प्रेमीले पनि सकेनछ। मृत्युसँग बेखबर ऊ, त्यतिखेर स्वयम् मृत्युसँग लडिरहेथ्यो। प्रेमको बहानामा मात्र अनुभूत गरेजस्तो मप्रतिको सहानुभूतिको उसको सुन्दर अभिनय राम्ररी नै अनुभूत भएथ्यो मलाई...। सहानुभूति स्वीकार गरिएजस्तो मात्र मेरो पनि बहानै त थियो।

मेरी आमाको मृत्युभन्दा करिब तेह्र वर्षपहिले बाबाको मृत्युले जरुर मलाई अधिक आहत बनाएको थियो। यथार्थमा मेरो अधिक दुःख अरू कसैसँग सम्बद्ध छैन। म आफ्नै लागि अधिक दुःखी भएँ यसर्थमा कि त्यो समय मेरो कच्चा उमेर, आश्रयहीन अनुभूतिको पृष्ठभूमिसहित बाँकी जिन्दगीका सन्दर्भमा आफैप्रतिको सक्षमताप्रति अविश्वासको प्रश्न थियो, त्यो; उत्तरहीनजस्तो लाग्दाको मात्र एकाकीपनको आभास थियो, त्यो। त्यही वर्ष एक साँझ हामी करिब पचास-साठी जना विद्यार्थीहरू तमोर-किनारमा वनभोज मनाएर पहाडको घुम्ती हुँदै फर्किरहेका थियौँ। गहिरिँदो साँझ, पूर्णचन्द्रले धरतीलाई मृदुल आलिङ्गन गरिरहेको सुन्दर प्रहर, हामीभन्दा अगाडिको बस भने घाटबाट मलामी फर्किरहेका रहेछन्। बसको छतमा पनि केही ठिटाहरू मौनजस्ता देखिन्थे तर केही छिनपछि बिस्तारै तिनीहरू गीत गाउन थाले। उनीहरूको गीत पहाडले पनि गाइरहेको थियो। हामी त रमाइलो गरेर पनि थाकिसकेका थियौँ। मानौँ वनभोजको उन्माद त उनीहरूमा थियो। त्यतिबेला निकै असहज लागेको त्यो घटना वास्तवमा कति स्वाभाविक थियो। लाग्यो, मान्छेको जीवनमा घटनाहरू त मात्र निमित्त रहेछन्।

यहाँ न जीवनको रङ्ग न मृत्युको रङ्ग; न प्रेमको रङ्ग न घृणाको रङ्ग; न त अस्तित्वकै रङ्ग। केही छिन अधुरा इच्छाहरू कोरिएका किरिङमिरिङ कुरूप अतृप्त अनुहार नरककै आँखालाई हेर्न अनुरोध गर्छु तर फगत सादा मृत्युको रहस्यमा पुरिन मन्जुर छैन। बरु, सूर्यास्तपछिको शास्त्रीय युद्धविराममा कुनै रौनकहीन बुद्धको करुण अनुहार पनि हेर्नलायक लाग्छ। यस्ता मसिना कुराले पनि म झ्याम्मै छोइन्छु र परीकथाजस्तो आफूलाई पीडाप्रेमको विशिष्ट नमुनामा आरोपित गर्छु। ध्वस्त सपनाहरूबीच अकथ्य सुखको अनुभूति गर्छु। सम्पूर्णमा मेरो अस्वीकृत असभ्य हृदय मेरै आत्मालाई चढाइदिन्छु।

अब त पीडाप्रेम मेरो लत नै बनिसकेको छ। यो पीडाप्रेम मेरा लागि जिन्दगी जिउन घनघोर निराशाले उपहार दिएको विशिष्ट चेतना हो। यसैले जिन्दगीप्रति गुनासो गर्ने कुनै ठाउँ नै रहेन। आगामी कुनै दौडमा दुर्दान्त दुर्घटित भएछु भने पनि मभित्र चेतनाको अझ विशिष्ट झङ्कार प्रसारित हुनेछ। हो, प्रतिवादमा म टकराउन सक्छु, टुक्रिन सक्छु, छरिन सक्छु तर मेरो पीडा स्वीकृतिको दृढ उभिनुले टकराउनेहरू नै टुक्रिनेछन्, छरिनेछन्। यसमा मेरो भन्नु केही छैन। जगजाहेर सत्यले भलै मलाई जितको अतिरिक्त खुसी नदेला यद्यपि निश्चय नै मेरो पीडाप्रेम गहिरिनेछ। यसर्थमै म दाबी गर्छु– जेलजीवन बाँच्दै गरेकाले कानुन बदलिने आस गर्नु, भदौरे घामको जुलुस निधारमा ओर्लिएको बेला हलुवाबेदको फेद खोज्दै हिँड्नु कसैको पनि आत्माको न्यायविपरीत हुनेछैन। फेरि प्रेम कहाँ आउट अफ सिजन हुन्छ र ! आखिर जिउनु पनि त जान-अन्जान आफैप्रतिको प्रेम न हो !

हुन त मान्छेहरू आफूलाई बाँच्दै रहेको ठान्छन्। यद्यपि सबैमा आफैप्रति बाँच्नुको विश्वास कहाँ रहन्छ र ! र-त केवल परम्परागत आदर्शअनुरूप नै एउटा अपराधी दण्डित हुनुपर्छ सबै भन्छन् तर आफै दण्डित हुनुपर्ने बेला बल्ल त्यो आदर्श व्याख्या आफ्नो अनुकूल गरिन्छ या समानधर्मी पीडारत अर्कोले एक धाप मारे त्यही उज्यालोमा सारा रङ्गहरू आफूखुसी भर्छन्। सायद, यिनै अपरम्परागत पीडाहरू झेल्दै स्वयम् जिन्दगीको अनुष्ठानमा तल्लीन म आफ्नै अस्तित्व-उत्सव मनाइरहेछु। मेरा सारा परिसरहरू यस उत्सवमा सामेल छन्। यी साराहरू पर्दाबाहिर मेरा लागि र पर्दाभित्र आफ्नै लागि उत्सवमय छन्। यसैले त पर्दाभित्र अपराध गर्नेहरू पर्दाबाहिर खुलेआम तिम्रो-मेरो आँगनबाट सगर्व हिँडिरहेछन्।

केही छैन, जीवनका विसङ्गतिले मलाई दु:खसँगै हुनुको गर्वबोध पनि त दिएकै छ; जसलाई म यतिखेर लेख्न सक्छु तर मेरो लेखनकलामा मेरै जीवनका कच्चा पदार्थहरू पूर्ण इमानदारिताका साथ अभिव्यक्त हुन्छन् त ! भन्नैपर्दा आफ्नै अधुरोपनप्रति टिठ लागेर आउँछ। भनूँ भने वास्तवमै मेरो आत्मीय अँध्यारोप्रति मलाई कुनै अफसोस छैन।

कुनै समय यस्तो पनि आउन सक्ला; जुन बेला मुक्तिको उल्लास बिरानो बनिसकेको हुनेछ, एक्लोपन सबैभन्दा नजिकको आफन्त लाग्नेछ र अन्तत: शून्य साम्राज्यमा आफू नहुनुको समर्पण सायद परम अद्वैत आनन्दको महाशून्यमा डुब्नेछ। यद्यपि यो यथार्थलाई आफू नहुनुभन्दा परको वरदान भनौँ या अभिशाप ! अर्थात् आफू नहुनुभन्दा परको महाशून्यमा मेरो अस्तित्वको के सरोकार र ! बरु, हुनुको अर्थमा विगत रातभर अँध्यारोमा आँसु बगेको यादले मलाई गहिरो सान्त्वना दिन्छ, शरीरभरि नीलडामका यातनाहरू आफ्नै हातले सहलाउँदाको आनन्दानुभूतिले मलाई रोमाञ्चित बनाउँछ। यसरी नै एक्लोपनको अभ्यासले मलाई मेरै जिउनुप्रति बढी विश्वास दिलाएको छ। यसैले नहुनुभन्दा त बिरामी शय्यामा मृत्युकुरुवा बसेकै बेला डाक्टरको स्पर्श बढी प्रिय लाग्छ सक्छ, एकाकी पीडामा जोसुकैको आलिङ्गन सुखद लाग्न सक्छ, भयानक एकान्त अँध्यारोमा शत्रुको आवाज पनि

प्रथम भरोसा लाग्न सक्छ। यसर्थमै यति ठूलो संसारमा यति धेरै मान्छेको भीडमा अपरिचित हुनुको मजा पनि छुट्टै छ क्यारे ! यतिखेर म आफैसित प्रेममय छु...।

सम्झेर ल्याउँदा आफ्नो लेखनीमा मैले मलाई नै वास्तविक लेखकीय न्याय दिन सकेँजस्तो लागिरहेको छैन। आफैप्रतिको सहानुभूतिका विरुद्धमा सङ्घर्ष गर्न सकिरहेकै छैन। मेरै इतिहास अस्वीकृत गरेर वर्तमान हिँड्न सकिरहेको छैन। मेरै संस्कृतिको तिरस्कार गरेर गर्व बाँड्न सकिरहेको छैन। वास्तवमा अस्वीकृति मानवसभ्यताको विशिष्ट सन्दर्भ हो; जसबाट नयाँ सम्भावनाहरू छनोटका लागि मान्छेलाई प्राप्त हुनेछन्। फेरि पनि मान्छे आफ्नै छाया अस्वीकृत गर्न चाहन्छ तर सकिन्न; जसरी जीवन स्वयम् आफ्नो महाप्रतिद्वन्द्वी मृत्यु अस्वीकृत गर्न सक्दैन; जसरी म मेरै मृत्युको अनुभूति डायरीबद्ध गर्न सक्दिनँ। यद्यपि नस्लचेतमै सही, मृत्युपछिको अभिव्यञ्जनामा भने मान्छे जरुर आबद्ध हुन्छ तर केवल बाँचेकै जिन्दगीका नाममा... !... ! !

अमूर्त चित्रझैँ देखिएको र बुझिएको सत्यभन्दा पर पनि जिन्दगी केही हो; जसको कुनै छाया हुँदैन। तिनै छायाको आलोचना-प्रशंसा गर्नमै म आफ्नो स्वचेतनाको कैयौँ प्रहर खर्चिरहेको हुन्छु र आफै दुख्छु तर मान्छेको ठूलो भीड यस सत्यका लागि नदुख्न पनि सक्छ। यसैले ग्लानिबोध हुने, पश्चात्ताप गर्ने र दुख्ने पालो त उनीहरूको हो। यद्यपि दुख्नका लागि हृदय पनि त हुनुपर्‍यो। दुखाइको पहिलो सर्त यही हो क्यारे। यो दुख्ने हृदयमा संसारका अनेक पीडाहरू छन्। यही आत्मविश्वासका साथ मान्छेले अनुभूतिको असीम गहिराइबाट चेतनाको विशिष्ट उचाइ नाप्नुपर्थ्यो। तर यस सत्यमा युग बारबर चुकेको छ। सायद, यसैले कि हरेक युगसित अथाह नवीन प्रश्नहरू पेन्डिङ रहेका छन्।

पीडायुद्धले ध्वस्त पारेको देह आफ्नो आत्मा खोज्दै पूर्व प्रवेश गर्दा उषाकालीन घण्टध्वनिले आत्मप्रवेशसहित उसलाई एक किसिमको सङ्गीतमय आनन्द त दियो होला तर त्यो आनन्दको सचित्र वर्णन गर्न सकिएन क्यारे ! अफसोस यसैमा छ र-त युगौँ अमूर्त आदर्शहरू मन्दिर, मस्जिद र चर्चहरूमा अग्लिएका हुनुपर्छ; जुन बेला भ्रमहरू मूर्तजस्ता लाग्छन्। वस्तुतः तीहरू कलाका सुरुचिपूर्ण नमुना हुन्; जहाँ अलिकति अरनिको अनि मनुजबाबुको हार्दिकता, भ्यानगगको पागलपन र फ्रायडको आत्मा छ। अलिकति कामुको आउटसाइडर छ, अलिकति सार्त्रको अस्तित्व छ, अलिकति बिथुवन छ, अलिकति कितारो छ। अलिकति माइकल एन्जेलो, अलिकति साल्भाडर, अलिकति पिकासो, अलिकति जङ्गबहादुर, अलिकति मदर टेरेसा, अलिकति देवकोटा प्लस सृष्टिको रहस्यमयता र काव्य छ। एक युगको यिनै सत्यलाई अर्को युगले मानवसभ्यताको हाँक स्वीकार गर्नेछन् र स्वयम् अस्तित्वको दाबी गर्नेछन्, साथमा आफ्नो अस्तित्वप्रति शङ्कारहित गर्व गर्नेछन्। लाग्छ, यसरी नै एक युगले अर्को युगलाई अस्तित्वको हस्तान्तरण गर्दै जानेछ।
कलाको यिनै अनुभवग्रस्त पृष्ठमा म मेरो जिन्दगी मेरै सुरतालले जिउन चाहन्छु। कम्तीमा खोक्रो आदर्शभन्दा पर कतै खोजिएको खुसीको रङ्ग शीतको थोपामा घोलेर चित्र कोर्ने आफ्नै भावनाको बादशाह उसैलाई मेरो शब्दको शालीन सङ्ग्रहालयमा निमन्त्रणा गरिरहेछु। लुटेरै पनि भोकको जलन शमन गर्दै मेरै लागि बाँचेको गर्व गर्ने उसैलाई मेरो बाटोमा स्वागत गरिरहेछु; जो मजस्तै मेरै समयका आउटसाइडर हुन्। उनी बुद्धका अनुयायी होइनन्, जीवनका अनुयायी हुन्; बुद्धका उपासक होइनन्, प्रेमका उपासक हुन्। र म भावकीय स्वीकृतिमै औपचारिक पहाड उभिँदा विचारझैँ जटिल अनि अनौपचारिक अग्लाइसामु हृदयझैँ कोमल लाग्ने उनैको यात्राको सचेत सहयात्री बनिरहेछु। निश्चय नै अस्तित्वयात्रा वक्ररेखामै हुनेछ...।

विश्वस्त छु, भगवान्हरू र भगवान् बन्न चाहनेहरू भ्रष्ट भए भने पनि सत्य भ्रष्ट छैन। आफ्नै मनको परित्यक्त संवेदना अस्वीकृत दृष्टिले ग्रहण गर्नुमा कुनै अन्यथा हुनेछैन ताकि आगामी सपनाहरू कसैको पनि कसै गरी आफ्नै आँसुमा बग्नेछैन। फेरि पनि भगवान्को विपक्षमा बहस गर्नुअघि बहसमा गुमेका मेरा सारा पलहरू नफर्काउने सर्त स्वीकृत गर्दा नै मैले मुद्दा हारिसकेको रहेछु तर मायावी खेल हार्नुमा मलाई कुनै खेद छैन। बरु कलाग्रस्त पीडाको सचेत प्रारम्भमा आफू हुनुको अस्तित्वबोधले म औधी रमाएको छु। मेरो जिन्दगीको सुन्दरतम राग हो, यो। विस्तारित आकाश नियालेर वैराग्यमा निदाएको देहको पटचारलाग्दो सङ्गीत होइन, यो। धरतीमै आकाशका ताराहरू बरियात झरेको रातको झङ्कृति भन्न सक्छु, मृत्युदण्डको सगर्व स्वीकृतिमा फाँसी चढ्नै लाग्दा रमितेहरूका उत्सुक आँखाको चमकप्रदत्त अनुभूति भन्न सक्छु; जुन बेला मेरा लागि सूर्य सदा त्यहीँ टक्क अडिनेछ र सूर्योदयको दोस्रो अनुरोध मबाट कहिल्यै हुनेछैन...।

## बन्द सहरमा

हिँड्नुसँग के अर्थ छ जिन्दगीको ! यो धेरै अघिदेखि मबाट निकास पाउन नसकेको अतृप्त प्रश्न। तर पनि एउटा अन्जान गति बगिरहेछ, सृष्टिको सिमानामा। मानौँ यो ब्रह्माण्डयात्रा; थाक्दैन आकाश पनि नीलो हुनुमा। व्यस्तता हो, सायद ! विशिष्ट गहिराइ खोज्नुको। कतै हरियो हुनुको व्यस्तता, प्रकृतिको आदिम चाहना, कतै कालो हुनुको व्यस्तता, रातहरू... ! अनि सेतो हुनुको व्यस्तता बिहानीहरू... ! यिनै यथार्थहरूको भीडबीच कुन्नि के हो नभेटिनुको पीडामा रातहरू अझ कालो बनाएर कैयन् वर्तमानहरू बेहिसाब रोइसकेछु। र आज थकानको यो प्रहर, बन्द सहरको ऊर्ध्वविन्दुबाट अनायास हिँडिएको बाटो फर्केर हेर्ने मन हुन्छ।

लागिरहेछ, दिनमा रमाइलो अनुभूत दुखाइ बिर्सन खोजिएका कैयन् उन्मुक्त हाँसोहरू प्रत्येक वर्तमान रातको मौन आँसुसँग साटिएर आइपुगिएछ बन्द सहर !

बन्द सहर ! आज तिमीलाई यो मनभरि अँगालेर अन्तिम सीमासम्म भक्कानो छाडेर रुन मन लागेको छ। र सम्पूर्ण आँसु रित्याऊँ झैँ यो क्षण सम्झिदिन मन लाग्छ, फेरि रुन नपरोस् यस्तरी। कठै ! लास रुँगेर बसेका विमूढ आँखाहरूको मौन भीड भएछौ क्यारे। आज मैले तिमीलाई निर्द्वन्द्व सम्झन सकिरहेको छैन। कति कमजोर रहेछु म ! न त बिर्सन नै सकिरहेछु तिमीलाई। कति मीठो लागेथ्यौ तिमी मेरो मञ्जुश्री हृदयको प्रेमाङ्कुरणमा। कति सुन्दर लागेथ्यौ तिमी मेरा आँखाको क्यानभासमा। उफ् ! कस्तो पापी सिन्दूर परेछ तिम्रो सिउँदोभरि। हाम्रो दूर भोगाइहरूमा कस्तरी दुखेसाहरूको पहाड अग्लिसकेछ र रहरलाग्दो सम्झनाहरूको पहाड कति पहिरो झरिसकेछ। साँच्चै आज तिमी यो एकतमासको साँझमा आलो युद्धपछिको सुनसान खण्डहरजस्तो लागिरहेछौ या भनौँ आगामी भयानक मृत्युको स्वागतार्थ मुर्दारिहर्सल भइरहेछ, यहाँ। अर्थात् बलात्कृत मृत्यु भोगेको अस्तव्यस्त लासजस्तो। हरे ! तिमीलाई निठुरी हातको सिन्दूरले जोगाउन सकेनछ। 'असहायको दैव सहाय' भन्थे, तर त्यो नभेटिएको सत्य, लाग्छ कतै नदेखिएकै लोकमा कैद हुनुपर्छ। फेरि हामी जुन साथ हिँडिरहेछौँ, यहाँ त कर्मका मीठा ठेलाहरू बर्सिनुपर्थ्यो हत्केलाभरि-भरि र घाउहरूको सतहमा ललित बनेर बगिदिनुपर्थ्यो। यद्यपि जसले तिमीलाई बलात्कार गऱ्यो; त्यो पनि सायदै सुखको दाबी गर्न सक्ला। फेरि उसले कुन तेस्रो सुखका लागि यत्रो धृष्टता गऱ्यो त ! लाग्छ, केवल हिटलर सुख हो, उसको प्राप्ति। अर्थात् सिद्धान्तको रङ्गीन प्याला झुमिरहेको ऊ जहाँ नै ठोक्किए पनि या ठक्कर दिए पनि, विरूप बनाए या बने पनि, नाल बगिदिए पनि, लाग्छ उसका

रक्स्याहा रातका आँखाहरू उज्यालोका विरूप खतहरूप्रति अनभिज्ञ नै छन्। बेसरम बोलिरहेका आफ्नै ओठहरूलाई भोलिको मृदु बिहानीमा ऊ प्राकृतिक शिष्ट न्याय दिनेछ। आफ्नै आँखा अनि मनहरूले भोगेका नग्न दृश्यहरूलाई सतीपतिको आवरणले ऊ निर्धक्क छोप्नेछ। यो न्वारान हुन नपाएको यथार्थ भए पनि सनाखत जसरी नि हुने गर्दछ; चाहे आँखाभरि स्व-मान्यताका मनफूलहरू ढकमक्क फुलाएरै किन नहोस् ! ठीक परिचयहीन बीभत्स मृत्युको सामूहिक अन्त्येष्टिजस्तै। यसरी स्व-मान्यताहरूको उर्वर बस्ती बनेको छ समाज। तर यो सिमाना नै भविष्य हिँड्नुपर्ने सम्पूर्णत: सही वर्तमान मान्न सकिन्न। हिँड्नुसँगै चुपचाप रङ्ग बदलिसकेको हुन्छ बाटो अनि बाटोका पृष्ठभूमिहरू...। यसैले यी सब भनिरहेछु म र आज परिणतिको उच्छ्वासमा सम्पूर्ण पीडाका खतहरू भोगिरहेछन्– जनताका नाममा तिम्रा र तिमीजस्ताका कैयन् सपनाहरू...।

हेर न ! मेरो भावुकता कति कमजोर बनेर अभिव्यक्त भइसकेछ, आँसुहरूमा...। अब त बुझ्यौ होला, बेहिसाब माया गरिरहेछु तिमीलाई।

फेरि पनि यो मुर्दा-घडीमा म निर्विकल्प थामिएको छु, तिम्रै सामु गिद्धहरू सिनो लुछ्न थालिसकेका छन्। यो दृश्य या त घाइते मनको उत्कृष्ट क्लान्त अभिव्यक्ति या पशुहरूको स्वर्ण राज्य सम्झिदिए हुन्छ। खै !... जिन्दगीको कस्तो शुभघडी जुरेको छ भनूँ यसलाई ! यो समय तिम्रो लाज ढाक्ने सरजाम पनि रहेन मसँग। अस्तित्व टुक्रिएर बहनुको कुन हद स्वीकार गरूँ यसलाई ! फेरि परदेशी संवेदनाको सही सहभागी आफन्त पनि कोही रहेन कतै। सिङ्गो युगको बेवारिस मृत्युजस्तो प्रलयपश्चात् खै ! कस्तो सभ्यताको आशा गरूँ ! किन यस्तरी लुकामारी खेल्छन् जिन्दगीमा आशा र निराशाहरू ! यो विभ्रम हो युद्धको; उज्यालो छैन भन्ने रातहरूका लागि र अँध्यारो छैन भन्ने दिनहरूका लागि। र...त, सम्पूर्ण स्व-अस्तित्वको निरर्थक दाबीमा हिँडिरहेछन्– दिन र रातहरू। यही सत्यसँग गाँसिएको छ, मान्छेको अहम् चेतना।
आज मैले आफ्नो चेतनालाई केवल तिमीभित्र समाहित गरेको छु। मलाई बुझ्यौ या बुझेनौ त्यो त थाहा भएन। तर आत्मविभोरताको चकमन्नतामा बेमौकामै भए पनि तिम्रो व्यथा जलिरहेछु यो क्षण। साँच्चै कति महान् रहेछौ तिमी ! यति धेरै दुखेर पनि केवल दुखिरह्यौ र जलिरह्यौ, तर दुखाएनौ कहिल्यै दुखाउनेहरूलाई। साँच्चै ! साँच्चै ! ! आज मलाई सँगै जल्नुको तृप्ति मिलेको छ। फेरि पनि नीलो आकाशको अथाह गहिराइमा रङ्गीन बादलको मनपर्दो आकृति भेटिदिन्छु र आशाको उज्यालोमा जिन्दगीको एक पेग मुस्कान भर्न मन लागिरहेछ, यो क्षण...।

हो, एक्लो मनलागी हिँड्नुमा कवितामय लागेथ्यो जिन्दगी। तर मलाई थाहा छ; त्यो केवल सपनामय बिपना हो। अर्थात् धरती र आकाशबीच क्षितिजीय मिलनको काल्पनिक यथार्थ; केवल मीठोजस्तो लाग्ने यथार्थ। कति अथाह सपाट बाँचिँदो रहेछ जिन्दगी। लाग्छ, मान्छे हुनुको अर्थमा कैयन् सेतो-कालो, नीलो-हरियो, पहेँलो-रातो सम्झनाहरू हिँडिँदो रहेछ। कति सङ्गीतमय रङ्गीन छन् सम्झनाहरू र सपनाहरू। यही मानवीय उकुसमुकुसमा विशिष्ट मानस आतुरता हुनुपर्छ, कलाको सिर्जना। यहींनेर म रुनुको मजामा अनुभवग्रस्त भएर स्वत:स्फूर्त हिँडिरहेछु र थकानको पलभर पनि म आफ्नोपन झुमिरहेको हुन्छु। यसभन्दा पर केवल मानवीय शब्द, चित्र र धुनहरूमा मात्र होइन दुख्नुको उद्दीपन तिमीसँगै तिमीजस्तै दुखिरहेछु, यो प्रहर...।

हो, म धेरै-धेरै दुखिसकेछु र सम्पूर्ण दुख्न नै चाहन्छु। तर यो आँसु पनि तिम्रै गहबाट झरिदिन्छ कि भनी आकाशतिर हेर्दै विज्ञापनमुक्त हिँडिरहेछु। फेरि पनि अनिर्णीत छु म, बन्द सहरमा; हिँड्नुसँग के अर्थ छ जिन्दगीको ! अहँ, बन्द सहरमा हिँड्नुको कुनै अर्थ छैन, पुग्नुपर्ने कुनै ठाउँ छैन। यसैले पुग्ने सारा प्रयासहरू

व्यर्थ छन्, भेट्टाउने प्रयत्नहरू पनि व्यर्थ छन्। यहाँ बाहिर सब खुला छन्, तर भित्र सम्पूर्ण बन्द ! हृदय बन्द, आत्मा बन्द ! दया, माया, ममता र मानवता पनि बन्द ! अब बन्द सहरमा बन्द गर्नुपर्ने खास कुरा बाँकी नै के रह्यो र !

# पृष्ठभूमि

आफूलाई गीतभित्रकै एउटा कैदी पात्र सम्झेर गीत सुन्दै थिएँ– "लंबा है सफर इस में कहीं रात तो होगी...।" तर म गीतको सङ्कथनमा कैद नभएर केवल यिनै पङ्क्तिको भावमा निसास्सिइरहेँ, केवल निसास्सिइरहेँ...। र आज मेरा टाढाका भावुकताहरू तिमीलाई नै उपहार चढाएर एउटा विचारको शृङ्खला हिँडिरहेछु। हिँडिएको एउटा समय कैद छ मभित्र। त्यो समय, मैले हिँडिसकेको यात्राविम्ब एक चोटि पछाडि फर्केर हेरेको थिएँ। कुन्नि किन हो ! कहाली लागेर आयो; आँखा चिम्लिएँ। हिँडिएको बाटो बिस्तारै-बिस्तारै बडेमाको अजिँगर बनेर मलाई नै डस्न खोजेझैँ लाग्यो। त्यसैले त्यो क्षण भाग्न खोजेँ म तिमीबाट। तर आज यस्तो लाग्दै छ कि एउटा अन्तहीन विस्तृत आकाश– कतै पर्दा झर्दै र झरेजस्तो, कतै पर्दा खुल्दै र खुलेजस्तो, कतै फाटिँदै र फाटेजस्तो, कतै सुर-बेसुर लहराएजस्तो, अनि कतै आफैभित्र तरङ्ग उमारेर सीमान्त मीठो गुनगुनाएजस्तो, कतै बाफिएर चिसिँदै चुपचाप बर्सिएजस्तो र जम्मामा बदलिँदो खुसी र पीडा अर्थात् सापेक्षिक यथार्थजस्तो रङ्गहरूको बदलिँदो पृष्ठभूमि बनेर तिमी मेरो जीवनचित्रपछाडि आत्मीय उभिएका रहेछौ। ए मेरा भावक ! त्यसैले म तिम्रा जस्तै सहृदयी आँखा र मनहरूबाट तिम्रै पृष्ठभूमिमा पढिन चाहन्छु। र आजैदेखि चोटहरू बिछ्याएर सतहमा आफूसापेक्षिक एउटा नयाँ यात्राको थालनी गरिरहेछु– निबन्धयात्रा। केवल मलाई बुझिदेऊ म पर्दाछाडि छायादार अभिनय गरिरहेको छैन, भनौँ आफूलाई नै ढाँटेर हार्दिकता बोलिरहेको छैन। बरु, आऊ यहीँ शब्दहरूको मञ्चित कोलाजभित्र युग-हस्ताक्षर गरौँ। तिमी पृष्ठभूमि, आकाश बनेर उभिइरहू; म धरती बनेर यात्रा हिँडिरहूँ...।

कहिले त आफैलाई म महामूर्ख सम्झन्छु र दायाँ-बायाँ, अगाडि-पछाडि वर्षौंदेखि बन्द रहेको मनको पर्दा उठाएर हेर्छु, कतै तमासा त भइरहेको छैन ! यतिखेर तमासा भए नि सही ! मात्र अर्को युगको द्रष्टा बनिदिए कलाको नाममा काफी लाग्नेछ यो जिन्दगी। यो जिन्दगी त दोहोऱ्याएर बाँच्न पाइँदैन, सायद ! यद्यपि कल्पित सुखको भ्रममा यही जिन्दगी रमाउन त सकिन्छ ! केवल जिन्दगीभर भ्रम नटुटे त भइहाल्यो नि ! कसो !...। तर शङ्काविनाको निर्क्योल त अँध्यारोमा झटारो हानेर झरेको फलसरि न हो ! प्रतिस्पर्धाविनाको जित त चिट्ठा परेसरि न हो ! त्यहाँ सङ्घर्ष र पीडाको मजा कहाँ भुम्न पाइन्छ र ! फेरि संसारमा कुन त्यस्तो वस्तु होला ! जसको पृष्ठभूमिहीन एक्लो अर्थ खुलोस्। जुन वस्तुलाई म जे देख्छु संसारका सबै आँखाहरूले त्यही नदेख्न सक्छन्। केही हदसम्म मान्यताको सामान्यीकरण हुन सक्ला। यसमा पनि स्वयम्मा कुनै वस्तु जे होस् तर त्यो वस्तुको अर्थ र परिचय खोज्न कसैको दृष्टि चाहिन्छ। र दृष्टिअनुसार रङ्ग त बदली नै रहन्छ। विचारयात्राको यो हैरानीमा म तिमीलाई सत्य कसरी सम्झाऊँ? पृष्ठभूमिअनुसार स्वयम् सत्यको परिभाषा नै बदलिरहन्छ भनेर। यसैले छ भने कतै, त्यो निरपेक्ष सत्य अनादि र अदृश्य हुनुपर्छ। तिमी त मेरो जागतिक पृष्ठभूमि, मेरो आकाश; तिमीले मैले भनेका कुरा सबै सत्य मान्नुपर्छ म भन्दिनँ। आकाश त बदलिरहन्छ। आकाश बदलिएपछि धरतीको रङ्ग पनि बदलिरहन्छ होइन र ! स्पष्ट छ मेरो पृष्ठभूमि, मेरो आकाश तिमी बदलिएपछि स्वत: म बदलिइन्छु। यसैले जे-जस्तो हेर्न तिमी स्वतन्त्र छौ तर म जे-जस्तो देखिन स्वतन्त्र छैन। आखिर सत्य त असंवेद्य र अदृश्य

छन्। वास्तवमा कहीँ-कतै कसैले भनेझैँ आकाश देखिन्छ, सत्य होइन। यसैले केवल मलाई बुझिदेऊ म तिम्रै निश्छल पृष्ठभूमिमा पढिन चाहन्छु।

तिमी स्वयम् एकचोटि पछाडि फर्केर हेर त ! देख्नेछौ समयका भीषण द्वन्द्वयुद्ध र बदलिँदो रङ्ग। हिँडिसकेको बाटो देख्दा उदेक लाग्न सक्छ तिमीलाई। यहाँसम्म आइपुग्नुको अर्थ सोचेर मनको एक कुनामा बाटो सजिलै काटिएको अनुभूति पनि गर्नेछौ। अर्कोतिर तत्काल कहालीलाग्दो सम्झनाका झिल्काहरू चलचित्रझैँ ओहोरदोहोर गर्नेछन् तिम्रो मानसपटलमा। यसरी एउटै मनभित्र सहज र असहजको युद्ध किन हुन्छ? स्थापन र विस्थापन, प्रेम र घृणाबीच किन द्वन्द्वको हुरी चल्छ? आखिर हामी रुमल्लिन्छौँ भुमरीमा। हुन सक्छ यसरी नै यात्रा हिँड्दाहिँड्दै पनि घुम्तीमा फेरि पर्छौं र गन्तव्य पुग्नुअघि नै चुकिसकेका हुन्छौँ। अर्थात् हामीले भेटेको समय हाम्रा लागि धेरै ढिलो भइसकेको हुन्छ–

लाग्छ,<br>
सारा सङ्गतिका लहरहरू<br>
किनार नपुग्दै विसङ्गत हुन्छन्...

...र यसलाई पनि संवेदित चेतनाको नाममा विशिष्ट मानवीय प्राप्ति ठानेर फेरि हामी खण्डित यात्रा दोहोऱ्याइरहन्छौँ...। भन्ने नै हो भने सुडानको भोकमरीले म अधिक पीडित हुन्छु; सायद, तिमी अधिक पीडित हुन्छौ सुडानी जनता आफू नै सम्झेर। अनायासै सन्तुष्टिको उच्छ्वास छोड्छौँ आफै त भोको छैन भनेर। यसरी एउटै मान्छेभित्र नायक र खलनायकको अस्तित्व हुँदैन भन्न कहाँ सकिन्छ र ! लाग्छ, हरेक मानिसभित्र एउटा-एउटा सुकुमार मान्छे र कुरूप मान्छेको आसन हुन्छ। किनकि हामी देवता पनि होइनौँ र राक्षस पनि होइनौँ। र...त उही मान्छे केवल भौगोलिक दूरीमा राम र रावण दुवैलाई पुजिरहेछन्। अर्थात् यस्तो लाग्छ, कुनै विद्वान्ले भनेझैँ युद्ध सत्य र असत्यबीच होइन दुवै सत्यहरूबीचमै हुन्छ। तर यो पनि सत्य हो कि पृष्ठभूमिअनुसार दुवै सत्यको रङ्ग गाढा र फिका देखिन सक्छ। लाग्छ, यसरी नै हार-जितको रीत चलिरहन्छ इतिहासमा।

इतिहास सम्झँदा यतिखेर मलाई केही समयअगाडिको पपुवा न्युगिनीको बीभत्स घटनाले झस्काइरहेछ र आहत भइरहेछु। सागरीय तटमा अवस्थित त्यो सुन्दर बस्तीको भोलिको सपना कस्तरी एकै चिहान भएको थियो ! वैज्ञानिक शिखरको युगमा पनि सिसिफसको नियति भोग्न विवश छ मान्छे ! हो, निधारमा घाउ लिएर अश्वत्थामाहरू भौँतारिइरहेछन्। सायद अर्थ खोज्नेहरू पनि अर्थहरूकै भीडमा हराइरहेछन्। हो, आज मान्छे जङ्गलको एकान्तमा आगोको उत्सुकता पनि खोजिरहेका छैनन्। र हरेक रोगका केस्राहरू केलाउँदाकेलाउँदै रोगविरुद्ध लड्ने क्षमता नै हराइरहेको मान्छे रोगविहीन जिन्दगी सोच्न पनि सकिरहेका छैनन्। साँच्चै नै उज्यालोको आशमा उक्लेको अग्लाइ झर्न गाह्रो परिरहेछ मान्छेलाई र किङ्कर्तव्यविमूढ मान्छे यो विमूढ क्षण आफ्नै शरीरको माटो र पसिनामा झरेर जाने सुन्दर गुलाफको फूल केवल एक मौसम फुलाउन चाहन्छ। ए मेरा भावक ! म त्यही मान्छे हुँ...।

मेरा संवेदनाहरू तिमीले बुझ्यौ होला भनेर सोचेरै पनि 'के भयो !' नबुझेपछि आफै सामु प्रश्नमाथि प्रश्नहरूको पहाड अग्ल्याएर म फेदीबाट यात्रा पुनः सुरु गरिरहेछु। यतिखेर म कुनै पृष्ठभूमि सोचिरहेको छैन। यसलाई जे बुझे पनि सोच्न र बुझ्न त दुनियाँको ढोका खुला नै छ जस्तो लाग्छ। केवल पर्दा लागेको हुन सक्छ। पर्दा त अपरिचित हावाले पनि खोलिदिन सक्छ भने मान्छेको शक्तिमाथि किन शङ्का गरौँ ! आखिर सभ्यताको पिरामिड मानवसभ्यताको प्रामाणिक अभिलेख न हो ! तर पिरामिड सोचेभन्दा नि अधिक जीर्ण भए, थाम्नै नसकिने गरी

अग्लिए ढल्न पनि सक्छ र त्यहीँ अर्को नयाँ पिरामिड उभिन सक्छ। यसको अर्थ त्यो नयाँ पिरामिड पृष्ठभूमिहीन अस्तित्व स्वीकार गर्न सकिन्न। यदि कुनै पनि कुरालाई पृष्ठभूमिहीन सोच्ने हो भने त कुनै कुराको सुरुआत र अन्त्य नै हुने थिएन कि ! यस अर्थमा आवश्यकता र आविष्कारबीच सम्बन्धसेतु हुन सक्छ पृष्ठभूमि। र यही पृष्ठभूमिमा मेरो आवश्यकता एउटा सच्चा भावक र तिम्रो आवश्यकता एउटा इमानदार लेखकबीच यिनै संवेदनाहरू कुनै एउटा समयको सम्बन्धसेतु बनिदिए मसीको नाममा सारा रगत नै बन्धकी राख्नुहुन्थ्यो। के यहीँनेर जीवनको अर्थ बेहद सुहाउँदै र !

मलाई विश्वास छ, हातमा धारहीन तरबार थमाइदिएर अँध्यारोविरुद्ध शक्तिरूपमा उपासना गरेजस्तो गरी तिनै भुत्ते शक्तिका अगाडि निर्द्वन्द्व र निर्लज्ज अपराध गर्दै हिँड्ने समाजप्रति तिमी सख्त घृणा गर्नेछौ। बरु, यसभन्दा बढी सिकार खेल्न निस्केको राजकुमारको हातको धारिलो तरबार हुनुमा म सहमत बोलिरहेछु। कम्तीमा मान्छे हुनुको अर्थमा तत्समय हार्दिक सहमतिको हतियार होस् मान्छेसँग। के यो नै जीवनसङ्ग्रामको विशिष्ट शोभा हुन सक्दैन ! के हार्दिक हार्नुमा प्राकृतिकता छैन ! म भन्छु, यो सत्य त आज लटरम्म फुलेर भोलि भुइँभरि असरल्ल झर्नु हो अनि परिश्रमको थकानले मीठो रात निदाउनु पनि हो। जे होस्, झस्केर पटक-पटक ब्युँझिरहनु अर्थात् ब्युँझेर पटक-पटक झस्किरहनुजस्तो सुन्दर पीडाका अनुभूतिहरूसँगै अब म नब्युँझने गरी सार्थक निदाउन चाहन्छु। मलाई केवल मन्थनपश्चात्को पृष्ठभूमिमा तत्क्षण तिम्रो निर्विकल्प पोतिएको हार्दिक सहमति कोसेली पठाइदिए हुन्छ।

## भावपूर्ण मृत्यु'/आतङ्कित सडकतिर

आजसम्म मृत्युको मृत्यु पर्खने जीवन सायद कसैसँग रहेन। यसबेला म पारिजातको 'मृत्युका अँगालामा' कविताको मार्मिक पङ्क्ति सम्झिरहेछु–

एक रातका अवेचतनतामा
हारेर फर्कन्छ मृत्यु जीवनका हातबाट

हो, जब-जब जीवन घिन लागेर आउँछ, समय पट्यारलाग्दो भएर बितिदिन्छ। साँच्चै नै मृत्यु आफ्नै हातबाट हारेर फर्केजस्तो लाग्छ, कतै टा...ढा बिरानो मुलुकतिर। तर ग्रीष्मको यो छोटो रात मध्याह्नको शीतल जून झ्यालबाट हुरिँदै चाल मोर प्रेम अभिव्यक्त गरिरहेछ; म आत्मविभोर हुँदै गइरहेछु। लाग्छ, रात साह्रै नै छोटिएर बित्न आतुर छ र सोच्छु, मृत्यु सदाका लागि अल्पिदेओस् तर मृत्यु अवश्य आउँछ हारेर होइन जितेर नै...। केवल मृत्यु पर्खने समयहरू फरक हुन सक्छन्, मृत्युका यात्राहरू फरक हुन सक्छन् र यात्राका बाटाहरू फरक हुन सक्छन्। तर ऊ जीवन सुमसुम्याउँदै एक प्रहर अवश्य आउँछ। खै, समय कहाँनेर सङ्गतिपूर्ण रह्यो र ! जुन समयको म प्रतीक्षा गर्छु, एक पलकको विराममा छलिएर मबाट भागिसकेको हुन्छ। फेरि जुन समय मेरो चाह थिएन, त्यही समय म भोगिरहेछु। जीवनको यस्तै सङ्गतिहीन अस्तित्व स्वीकार गरेरै पनि म हिँडिरहेछु र हिँडिरहेछन्। सायद, हिँडिरहनु जीवनको नियति।

र हिँड्नुपर्ने औचित्य खोज्दाखोज्दै म उसको दिनमा अलिकति अँध्यारो बनेर पुग्छु। अर्थात् थाहै नपाई परेली भिजिसकेछन्। एउटा गम्भीर व्यक्तित्व क्रमशः पग्लँदै गइरहेको कोमल मैनको ढिक्काजस्तो लाग्न थाल्यो। मिलनको अन्तिम प्रहर सम्झेर होला उसले सिउँदोभरि-निधारभरि रातो सजिएको अर्धाङ्गिनीको लाससँगै टाँसिएर सम्झनास्वरूप एउटा फोटो खिचिदिन अनुरोध गऱ्यो। आफ्ना सारा भावनाहरूलाई मुठीमा अँठचाएर एक पटक मौन म्वाइँ साटचो उसले। लाग्छ, उसका सारा विगत भर्खरै खिचेको फोटोमा केन्द्रित हुँदै छ।

अस्पतालको परिवेशमा यस्तो घटना त दिनचर्या न हो ! तर पनि त्यो मृत्यु किन यतिसारो दुखेर आयो, थाहा भएन। सायद मायाको न्यानो परिवेशबाट ठगिएको घाइते मान्छे, यस्तो लागिरहेछ कि आज एउटा आदर्श परिवारमा कहिल्यै पूर्ण हुन नसक्ने अभाव दुख्दै छ। कसो-कसो आत्मीयताको छाल उर्लिरह्यो मनभरि...। कहिले त्यो छाल आँखाका किनाराहरू नाघेर छताछुल्ल भएर मनपरी बगिदिन्थ्यो। किन-किन अन्तरमा कतै रङ्गीन मृत्यु मर्ने रहर जागेर आयो। आजसम्मको जीवनको दौरानमा अरूको पीडाले दुख्ने मान्छे, तर त्यो क्षण अरूलाई पीडा दिएर मर्ने आकाङ्क्षाको कल्पनाले मात्र पनि आनन्दको अनुभव भइरहेथ्यो। तर... मान्छेकै खलनायकत्वसित प्रकृतिको खेलमा त्यस्तो सौभाग्य सबैलाई कहाँ मिल्न सक्छ र !

ऊ, जसलाई म संवेदनाको हरियालीभन्दा धेरै टाढा अनुभव गर्थें; केवल आफ्नै कोरा आदर्श-सिमानाको कैदी अस्तित्व सम्झन्थें। मानौं ऊ पीडाविहीन यन्त्रमानव हो, अर्थात् खुसीको भ्रम बाँचिरहेको न्यून चेतनायुक्त बालमस्तिष्क हो। ओहो ! सम्झेर ल्याउँदा पनि बाँकी भविष्यसमेत कैद गरेर वर्तमान दुखेजस्तो लागिरहेछ। बालरहरहरू कति सुन्दर भोलि बनेर आजै फुल्ने गर्थे। भविष्यतिर उन्मुख पाइलाहरू कति उमङ्गमय थिए। पुतलीका रङ्गीन पखेटाहरू टाँसेर बादलमाथि-माथि उड्ने रहर हुन्थ्यो। पोल्टाभरि-भरि चन्द्रमा अनि ताराहरू बटुलेर ल्याउने मन हुन्थ्यो र साथीहरूलाई बाँड्ने कल्पना गर्थें। यसरी ती साथीहरूका बीचमा स्वर्गको कल्पवृक्षझैँ सपनाकी राजकुमारी बन्ने स्वप्निल अहम्को स्थापनका लागि हरसम्भव प्रयत्न गरिरहन्थें। त्यो यथार्थ अयथार्थमा भोलिको सपना कति सुखद बनेर छाएको थियो।

तर आजको यो यथार्थ, चेतनाको नाममा जिन्दगीका सुन्दर भ्रमहरू टुटेको क्षण अर्को बिहानीसम्म हरेक बिहानी लक्ष्मणरेखा कोरिन्छ; जहाँ मान्छेका क्रियाशीलताहरू सीमाङ्कन हुँदा रहेछन्...। तर चेतनाको अग्लाइ उक्लेर पनि भावनाको चौतारीमा अनायास अडेसा लाग्न पुग्दा रहेछन् मनहरू...। यो तर्कहीन आवश्यकता हो जीवनको अर्थात् यो मृदु स्पर्श जीवनको रहस्य हो, सायद ! र...त युगौंदेखि मान्छे चेतनाको कवच भिरेर आफैसँग युद्ध लडिरहेछ, जसको कुनै अन्त्य छैन।

मेरो आजको यथार्थ ऊ आफ्नो आत्मीय अनुहारलाई यसरी हेरिरहेको थियो कि उसको अनुहार विगतको उज्यालो र भविष्यको अँध्यारो एकै ठाउँ मिसिएर अनौठो वर्तमान पोतिएको क्यानभासजस्तो देखिन्थ्यो। ऊ घरी-घरी चिसा पाउहरू स्पर्श गर्दै न्यानो अनुभव गरिरहेथ्यो। यद्यपि मलाई यस्तो आभास भइरहेथ्यो कि, यो क्याबिन छिटै रित्तिनेछ र केही समयका लागि सादा सेतो हुनेछ अनि फेरि रङ्गीन अस्तित्व आउनेछ फेरि सादा सेतो र चिसो यस्तै... यस्तै...। लाग्छ, मान्छे हरेक क्षण अन्जान चेतनाको घाउ बाँचिरहेछ। दुख्नु-नदुख्नु आफ्नै सापेक्षिक कुराहरू हुन्। तर ऊ दुखिरहेथ्यो। यस्तो आहत क्षणमा उसको पीडा शान्त गरिदिने मसँग कुनै औपचारिक शब्द थिएन। यस्तो लाग्यो कि म त अझै उसको पीडामा पीडा थपिरहेछु। बरु कसैको अन्तिम बिदाइ-अभिवादन स्वीकार गर्दै मेरा अन्जान परेलीहरू अनायास झुक्न पुग्छन्। यसभन्दा बढी आफूलाई नै भेट्टाउन नसकेको मान्छेले के नै गर्न सक्थें र ! ऊ भने चिरवियोगको पीडा बिर्सेर तत्काल वियोगको पीडा सम्झिरहेको थियो।

वीर अस्पतालको परिचित प्राङ्गणको एक छेउमा उभिएर आ-आफ्नै धुनमा व्यस्त सडक अनि आ-आफ्नै धुनमा मस्त भीडबीच त्यसै-त्यसै आफूलाई हराउन खोजिरहेको थिएँ। तर लक्षित विरही धुनबाट मैले आफूलाई अलग्याउन सकिनँ। शववाहनसहित अर्को एउटा भ्यानमा केही व्यस्तताहरू चलमलाएजस्तो लाग्यो। म देखिरहेछु– दुवै वाहनको अग्रभागमा रहेको प्रतिस्थापित पशुपतिको दर्शन गरेर एक जोडी परेवा खुला नीलो आकाशतिर लाग्यो र दुवै वाहन यात्रातिर अगाडि बढ्न थाले। म घुमिरहेका चक्काहरूसँगै पुन: किनाराविहीन जिन्दगीको यथार्थ भ्रममा रुमल्लिरहेको थिएँ। वाग्मतीको किनार (घाट) पुगेर मेरो भावकुता भङ्ग भयो। केवल बगिदिनुपर्ने जीवनको तीतो यथार्थ मन नलागेर पनि स्वीकार गर्न खोजिरहें...।

ओहो ! तिमीलाई पनि मेरो एकोहोरो समय पटचार लाग्यो होला...। केवल ममात्र बोलिरहेछु। तर ममात्र होइन हरेक मान्छे व्यथाले थिचिएको छ र त्यस भारबाट ऊ हरपल उम्कने प्रयास गरिरहन्छ। लागिरहेछ, मैले आज सच्चा भावक पाएको छु। आखिर तिमी नै त हौ मेरो आफ्नो मान्छे, मभित्रको मान्छे; जसलाई म धेरै दिनअघिदेखि केही भन्न खोजिरहेछु, तर सकिरहेको छैन। सायद, जीवनभर नसक्न पनि के बेर ! सके तिमीलाई सारा पागल प्रलापजस्तो पनि लाग्यो होला। तर, सारा-सारा यथार्थ हुन् बुझ्यौ? फेरि यथार्थ सम्झिँदैनौ भने पनि त्यो पनि एउटा यथार्थ नै हो।

अँ, त्यो प्रहर क्रमश: दिन ढल्कँदै थियो। घामको मलिन प्रकाशमा देवलको जीवन बाँचिरहेका बालअनुहारहरू आँगनभरि हाँसखेल गरिरहेका थिए। ती सब अनुहारहरू पीडाविहीनजस्ता देखिन्थे। केही अधबैँसेहरू खालमा जमिरहेका थिए र केही मान्छेको नाता लिएर आएकाहरू त्यसै मन्दिरको सिँढीमा केही रहस्य खोज्न तल्लीनझैँ चुपचाप आफैभित्र हराइरहेका थिए। छेउको सानो औपचारिक फूलबारी नजिक लास आरक्षित थियो। यहीबीचमा “तिमीहरू नआएर कोही पनि डराउँदैन। मरेपछि कसैले पनि घरमा राख्दैन। गनाउँछ भनेर फालिहाल्छ नि !...” भन्दै एकाएक मौनता भङ्ग गर्दै नजरमा एक मानव-अस्तित्व गाग्रीमा आधा पानी छचल्काउँदै एउटा भत्कनै लागेको पाटीतिर लाग्यो। ओहो ! यथार्थ कति तीतो छ? यदि मान्छे बाँच्छ भने पनि सपनाकै भ्रममा बाँच्दो रहेछ...। जब भ्रम टुट्छ केवल अँध्यारो; बस, मृत्यु।

त्यही अँध्यारो बाक्लिने तरखरमा थियो। नीलो आकाश दक्षिणतिरबाट कालो-कालो भएर आइरहेथ्यो। उत्तरतिरबाट हुर्रिएर एउटा छाया आइपुग्यो, हातमा तीनवटा सुन्दर गुलाफका फूलहरू लिएर। त्यो अन्तिम प्रहर आफ्ना सारा भावनाहरू अभिव्यक्त गर्ने माध्यम ऊ आफैसँग रहेन, सायद !... ती मौन फूलहरूबाट नै उसको प्रेम र पीडाको सिङ्गो अभिव्यक्ति हुन सक्ने विश्वास उसले गरेको हुनुपर्छ। लाग्यो, संवेदनाको गहिराइ नाप्ने आधार नै कहाँ स्थिर छ र ! केवल अनुमानसम्म गर्न सकिन्छ। म त्यही अनुमान गरिरहेको थिएँ, जहाँसम्म म पुगिरहेछु। यद्यपि संवेदना हरेक मान्छेभित्रको हरेक मान्छेमा हुँदो रहेछ।

अँ ! उसले अन्तिम पटक आफ्नो सहयात्रीसँग एकै पटक आफूलाई अभिव्यक्त गर्न मात्र के खोजेथ्यो, त्यो भावपूर्ण वातावरण छिचोल्दै हुर्रिएर आयो हुरी र पतकरहरू र ठूला-ठूला पानीका थोपाहरू। आगत मृत्युको पीडाले सशङ्कित अनुहारहरू भत्कनै लागेको भए पनि देवलतिर ओत लाग्न पुगे। तर ऊ जीवनका सबैभन्दा सुन्दर तीनवटा फूलहरूसहित त्यहीँ निर्निमेष उभिइरहेको थियो। लाग्छ, कसैको अगाडि जीवनभरको आफ्नो आत्मीयता जाहेर गर्नु र सम्पूर्ण आफूलाई तिनै फूलहरूबाट उत्कृष्ट प्यास, प्रेम र पीडामा अभिव्यक्त गर्नु उसको प्रथम आवश्यकता हो, जसका लागि प्रकृतिको बीभत्सभन्दा टाढा भावलोकमा उसले आफूलाई कैद गरिसकेको थियो।

मलाई पनि उसको भावनाको मात चढेर आयो र प्रकृतिको त्यही बेमौसम लगनमा एउटा भावपूर्ण मृत्यु खोज्दै हिँडेँ..., आतङ्कित सडकतिर...।

# अस्तित्वभन्दा पर

एक्काइसौँ शताब्दीको उपल्लो सिँढीमा कसैले आफ्नो एक जिन्दगीको छाप मस्तसित छाडेर गएको रहेछ। म भने मेरै जिन्दगीको छाप कुल्चिएर प्रथम सिँढीमै उभिएको रहेछु। आखिर, समयभन्दा अघिको भ्रम नै किन नहोस् ! कुनै पनि मानवीय सत्य हामी आफूभन्दा गैर सोच्न सक्दैनौँ। यद्यपि सारा मानवीय सन्दर्भहरू प्रासङ्गिक नहुन पनि सक्छ; कुनै अर्को भूगोलको कुनै अर्को समयसन्दर्भमा कुनै अर्को व्यक्तिको दृष्टिबाट सारा निरर्थक बुझिन पनि सक्छ !

मेरा शब्दहरू अहिले पूर्व र पश्चिमको सन्दर्भ बोलिरहेका छैनन्। फेरि सन्दर्भ दुवैका एकल छन्, अर्थात् एक चेक साहित्यकारका शब्दमा पूर्व, पश्चिमको स्थानमा छैन र पश्चिम, पूर्वको स्थानमा छैन। फेरि पनि हामी समय-सन्दर्भमा आफूलाई कुनै एकको साथमा नत्थी गर्न चाहन्छौँ। किनकि हामी मानवीयतामा विश्वास राख्छौँ, तर यतिखेर दुवैको बीचमा रहेर दर्शकदृष्टिले म उभिएको सन्दर्भ उद्घोष गर्नु मेरा शब्दहरूको अर्धसत्य चेतना र नियति बनेको छ।

यतिखेर मेरो समय अँध्यारो युगमा गुज्रिरहेछ। कतै अल्पजागरणको बाछिटा परे पनि सम्पूर्णतातिर उन्मुख नहुनुले नवजागरणको सुरिलो धुनमा यहाँ कुनै झर्ना बगिरहेको छैन, पहाड अग्लिएको छैन, हिउँ पग्लिएको छैन, वन-जङ्गल सुसाएको छैन, धानको बाला झुलेको छैन, गुराँस फुलेको छैन। तर तिनै अबोध पहाडको फेदीमा उभिएर पनि म, मेरै भाषामा बढी सम्पूर्ण, बढी सङ्गीतमय र बढी संवेदनशील हुन्छु। चाहन्छु, मेरो भाषाभरिको सम्पूर्ण क्षमता म प्राप्त गर्न सकूँ र मेरा उमेरभरिको चाह, कम्तीमा एक पटक मेरो भाषाको सम्पूर्ण सुन्दरता महसुस गर्न सकूँ। मलाई यो चेतनाको प्यास जागेको थियो– विशेषत: देवकोटा-लामिछानेको निबन्धसंसारमा, पारिजातीय शिरीषको फूल अनि धूपी, सल्ला र लालीगुराँसको फेदमा, लेखनाथ-घिमिरेका कविताशिल्पमा, अनि इन्द्र, वैरागी र ईश्वर दाइको तेस्रो आयामिक गहिराइमा। मेरो यिनै प्राग्चेतना वेदध्वनिसँग बार-बार प्रश्न गरिरहन्छ– के मेरो भाषाको वैदिक स्वर सुरिलो छैन? के मेरो भाषामा फूलको सुन्दरता अनि हुम्ला-जुम्ला, रोल्पा-डोल्पाको दर्द महसुस गर्न सकिन्न? के मेरो भाषामा विद्रोह हुन सक्दैन? के मेरो भाषामा खुसीको अनुभूत हुन्न? के मेरो भाषामा सुन्दर कविता रच्न सकिन्न? लाग्छ, संसारभरिको सबै भाषा मैले जाने पनि म, मेरै भाषामा सपना देख्छु।

यथार्थमै मलाई सादा र सरल रेखामा बगेको नदीले भन्दा मेरै देशको माटोमा पहाडको घुम्ती हुँदै, ठोक्कर पिउँदै, भुमरी पर्दै, छचल्किएर सङ्गीतमय बगेको नदीले बढी आकर्षित गर्छ। मेरै भूमिमा उभिएर कल्पना गरेको तर बजाउन नसकेको धुन पनि प्रिय लाग्छ। सेतीको रहस्य बगेर लेखिएको असाध्य वीणाजस्तो कविताले मोहित पार्छ, कोशी-कालीको गहिराइ भएर नीलो हुनुको मजा झुम्न सुखद लाग्छ। आफू सीमा भएरै आफूभन्दा परको पदचाप सुन्न सुरुचिपूर्ण लाग्छ। आफू आफ्नै बादशाह बनेर गरिएका सम्पादनहरू, विचारहरू बढी प्रासङ्गिक लाग्छ। यसरी ईश्वरको प्रकृति र आदेश बुझ्ने आँसुले पखालिएका आँखाले देखेका मेरो देशका सारा सत्यहरू

आत्मीय लाग्छन्। म चाहन्छु, तिनै आँसुले पखालिएका आँखाहरू यस देशका अभिनेता होऊन्। माटोको नाममा म ईश्वरसँग प्रार्थना गर्छु।

जब म भगवान्सँग वरदान माग्न भनी मन्दिर धाउँछु र हात जोडी आँखा चिम्लेर प्रार्थना गर्छु; हरेक पटक आफ्ना लागि वरदान माग्न नै बिर्सन्छु र सम्झन्छु, आफ्ना लागि केवल आफै नै वरदान रहेछु, किनकि त्यतिखेर आँखा चिम्लँदा म आफैलाई भेटिरहेको हुन्छु। ठीक त्यसरी नै यहाँ कोही कतै गएर कसैसँग कुनै वरदान माग्नु छैन। आफू उभिएको भूमिको माटो आफैमा यहाँ सबैभन्दा पवित्र तीर्थ हो; जहाँ जोकोहीले आफैलाई भेट्नेछन्, महसुस गर्नेछन्, जीवनको चेतना अनुभूत गर्नेछन्। यसर्थमा कि देश पानीमात्र होइन, प्यास पनि हो; प्यासमात्र होइन पानी पनि हो। यतिखेर सारा सपनाका रङ्गहरूसहित यही तीर्थस्थलमा आँसुले पखालिएका सारा आँखाहरू यो वर्तमान मौसमबाट आमन्त्रित छन्।

म, मेरो यातनाको अर्थ बार-बार मभित्रै खोजिरहन्छु र सुखको अर्थ पनि म आफूभन्दा बाहिर खोज्न सक्दिनँ। यसैले कि आफूले आफैलाई मुक्तिको झूटो प्रलोभन दिनुपर्ने भ्रमजस्तो जीवनमा स्वयम् सृष्टिभन्दा पर कुन त्यस्तो बाहिरी शक्ति छ; जो सम्पूर्ण सृष्टिको सत्य प्रकाशन गर्न सकोस्। यथार्थत: जब म आफैले आफैलाई जीवनको पीडाबाट मुक्तिको झूटो प्रलोभन दिन्छु; लाग्छ, पापको छाया त्यही झूटो प्रलोभनबाट सुरु हुन्छ। हुन पनि बन्धनको चेतनाबाट प्रारम्भित क्रान्तिमा मुक्तिको प्रलोभन ! मुक्तिमा स्वतन्त्रताको प्रलोभन ! स्वतन्त्रतामा मोनोपोलीको प्रलोभन ! मोनोपोलीबाट एकपक्षीय पीडाको प्रारम्भ ! अन्तत: उही पापको छायाग्रस्त विस्तार ! यसरी मनुष्यत्व कसै गरी पीडाप्रुफ रहेन। फेरि मान्छेभित्रको पशुत्व जङ्गली हिंस्रकभन्दा पनि अझ भयानक र जटिल हुन्छ। हो, पशु पशुवत् हुनु प्राकृतिक धर्म हो, जो प्रकृतिको खुला मञ्चमा निर्धारित पशुत्व प्रदर्शन गर्छ। त्यो बाहिरी पशुत्वसँग लड्ने बहुत सुन्दर कला छ मान्छेसँग र सारा प्राणीहरूमाथि विजय प्राप्त गरी आफ्नै वशमा उसले अस्तित्वपूर्ण सभ्यताको स्थापन गर्न सकेको छ, तर अन्तत: ऊ आफैभित्रको पशुत्वसँग नराम्ररी पराजित भएको छ र पशुवत् धर्मभन्दा पर पाशविक बनेको छ, मान्छे। वास्तवमा यहाँ मान्छेले नै गिर्नुको महाजोखिम उठाउँदै आएको छ; जुन जोखिममा ईश्वर कहिल्यै फस्दैन। सम्भवत: मान्छेभित्रको ईश्वरत्व सम्पूर्ण ब्युँझने हो भने ईश्वर पनि मान्छेलाई ईर्ष्या गर्दो हो। यसरी पशुसँग पशुवाद छ, ईश्वरसँग ईश्वरवाद छ, तर मान्छेसँग सग्लो मानववाद रहेन; मानवताको नाममा मान्छेको निधारमा केवल मानवतावादको भ्रमित आडम्बर नत्थी गरिएको छ।

मान्छेको भागमा यिनै भ्रम, सन्दिग्ध अहम् साथमा सदाबहार पीडा मिलेको छ र यही अनिश्चित मनुष्यत्वमा कुनै वस्तुबाट उडिसकेको सुगन्धले आफ्नो प्रारम्भ खोजेजस्तै ऊ आफ्नो अर्थ खोजिरहन्छ। यसैले मान्छे, समाज अनि आफैबाट बिलग्गिएको त्यो चेतना हो, जो 'म' बाट मुक्तिको भ्रममा आत्मप्रकाशनको अभिव्यक्तिगत सम्पूर्णतातिर प्रवेश गर्दछ र कतै लेखकीय आस्थाको बीजाधान गर्दछ; जहाँ सारा सृष्टि फैलिइएर पनि कुनै एक विषयप्रतिको लगाव रहन्छ, र सिर्जनामा त्यही विषय नै विषयीगत बन्दै जान्छ।

...तर म मेरो विषयमा विषयीगत बन्न खोज्दाखोज्दै पनि यहाँसम्म विषयप्रति लगावमुक्त हुन सकेको छैन। विषयको विचरणमा नै यात्रारत छु। विषयमा म कतै नीलो आकाश र चरासँग हुन्छु, कतै हिमपहाड र हिउँसँग हुन्छु, कतै भौगोलिक दुर्घटनामा बियोगिएको दुई पहाड र दुवैको अनुहार देखिने नदीसँग हुन्छु, कतै मानवीय दुर्घटना युद्ध र युद्धले अलग्याएपछि अन्तरालमा भेट्दा अपरिचितजस्तो प्रेमी-प्रेमिकामा हुन्छु, कतै बोझिल पति-पत्नी र सम्बन्धविच्छेदपश्चात् कतै आँखा जुध्दा निकै धेरै गुनासोको तिनै आँखामा हुन्छु, कतै पुल नबाँधिएका दुई किनार र दुवै किनारलाई स्पर्श गर्ने लहरसँग हुन्छु, कतै अप्रकाशित सुन्दर कविता र आवश्यकताभन्दा बढी

हल्ला भएको प्रकाशित कविताको विज्ञापनमा हुन्छु, कतै आफ्नो मृत्युपछि पनि दियालो लिएर हराएको आत्मीय चीज खोज्न आउने उसैसँग र उसैको अमूर्त चित्रमा हुन्छु, कतै क्षितिजसम्म फैलिएको तोरीबारी र उसैको गीतप्रदेशमा हुन्छु।

अब विषयको प्रसङ्गमै म विषयीगत हुन चाहन्छु। विषयीगत सन्दर्भमा म कतै इतिहासले दोहोऱ्याएको पीडा र प्रेममा हुन्छु, कतै हुनु र नहुनुको बोधमा हुन्छु, कतै शब्दमा नपोखिएको कविको भाव र उही भावको दु:खान्तमा हुन्छु, कतै आँखाले भेट्टाउन नसक्ने आकाशको नीलोपन र धर्तीको हरियोपनमा हुन्छु, कतै माटोको सुवास र जलतरङ्गमा हुन्छु, कतै सबैभन्दा आफन्तबाट हुने घात, आतङ्क र घरभित्रै शरणार्थी यातनामा हुन्छु, कतै भावना-कल्पनाले भेट्टाउन नसकेको वर्तमान भूल र भूलको सम्भावित भयानक परिणतिमा हुन्छु। अन्तत: धर्तीको नीलो दहमा डुबुल्की मार्न चाहने आकाशको पागलपनजस्तो थाहा छ, म कतै नजरको अपवादमा हुन्छु।

तर मलाई यहाँ कसैसँग कुनै गुनासो छैन। बरु, धनेकी छोरी स्कुल जाँदा जमिनदार चिन्तामा हुन्छ भने, धनेकी स्वास्नीले धोती फेर्दा जमिनदार बेचैन हुन्छ भने, धनेकी बहिनी अफिस जाँदा जमिनदारले उच्छ्वास छोड्छ भने, धने हली नबन्दा जमिनदारको टाउको दुख्छ भने यो सङ्केत आजको रात र भोलिको न्यानो घामको हो; जुन उज्यालोमा डोरीलाई सर्प ठान्नुपर्ने छैन; जुन उज्यालोमा जमिनदारले सजिलै आफ्नो भित्ते घडीको समय हेर्न सक्नेछ; जुन उज्यालोमा सारा वस्तुका काला छायाहरू देखिनेछन्; जुन उज्यालोमा युद्धमैदानबाट लाहुरेहरू घर फर्कनेछन्; जुन उज्यालोमा एकसाथ कैयौँ कविता लेखिनेछन्। म उही उज्यालोमा सुन्दर कविताहरू पढ्नेछु, फूल फुल्दै गरेको हेर्नेछु र सम्भवत: असमयमै झरेका पतकरहरू पनि सङ्गीतबद्ध हुनेछन्। हुन सक्छ, अस्तित्वको एक लयबद्ध प्रारम्भ ! आकाङ्क्षाहरूको सुरबद्ध प्रकाशन ! ! एउटा गीतको विशिष्ट अन्त्य ! ! !

अन्त्यपछिको झङ्कार !... ! !... ! ! !

मेरो निबन्ध यहीँबाट प्रारम्भ हुन्छ...

निबन्धभरि मूलत: फ्ल्यासब्याकमा भविष्य सोचिएको वर्तमान प्रतिध्वनित हुनेछ; जतिखेर पढिसकिएका पुस्तकहरू अझ बढी प्रिय लाग्नेछन्, पुराना कलम र डायरीहरू अझ बढी आत्मीय लाग्नेछन्, पुराना उपहारहरू अझ बढी शुभेच्छामय लाग्नेछन्, पुराना तस्बिरहरू अझ बढी सुरुचिपूर्ण लाग्नेछन्, सारा विगतहरू र विगतका सारा पीडाहरू पनि प्रेमिल लाग्नेछन्; जसका साथमा कहिल्यै एक्लो महसुस हुनेछैन। लाग्छ, यसैले म मेरै जीवनको कलाकार हुँ, तर जीवनको कलाकारितामा धेरै पटक चुकेको छु र रङ्ग भर्ने प्रयास पनि गरेको छु। यसरी बार-बार चुक्नु र रङ्ग भर्नु गर्दागर्दै एउटा अमूर्त चित्र बनिसकेछ, जिन्दगी !

आज एउटा अधुरोपनले निकै सताएको छ, मलाई। उही पुस्तक लेखकीय विचारको संस्करणको सम्भावना सोचेर पढ्नु र सम्भावनामा पूर्णविराम लागेको सोचेर पढ्नुमा कत्ति धेरै अन्तर हुँदो रहेछ।... यो महिना निर्मल वर्मा र अमृता प्रितमजस्ता मेरा प्रिय लेखकहरूको जीवनमा पूर्णविराम लाग्यो। सारा सम्भावनाहरू स्तब्ध भए। उनैका पुस्तकभित्र एकान्त रोएछु। फेरि मेरो कलमसित कुनै त्यस्तो विशिष्ट शोकशब्द पनि रहेन; जुन शब्द गगन गिल अनि इमरोजलाई समर्पण गरेर आफू केही हल्का हुन सकूँ। यतिखेर मेरो कलमको अशक्तता र समर्पण गर्न नसकिएका ती खाली पानाहरू मेरो देशको खाली निधारजस्तो साह्रै नै टिठलाग्दो लागिरहेछ, तर-पनि मनुजबाबुको स्वप्नसम्मेलनमा ती लेखकहरूलाई म जरुर भेट्नेछु र पुन: उनीहरूको विचार सुन्नेछु। मौसमसँगै बदलिएको फूलको पत्रदलजस्तो उनीहरूको बदलिँदो विचार सुन्नुमा सायद म स्वर्गानन्दको अनुभूति गर्नेछु र

कामना गर्छु– उता कलाका विविध विषयमा मनुजको स्वप्नसम्मेलन चलिरहून्, यता हर्मिताजमा अरनिकोको कलात्मक मुद्राले सबैलाई मुग्ध पारिरहून्।

जीवनका सारा असहनीय एवम् अकथनीय सञ्चित पीडा, प्रेम, इमानदारिता, संवेदनाको प्रथम अधिकार आफ्नो कलमलाई समर्पण गरेर कलमकै विह्वल मन्जुरीमा झर्नाझैँ बहने निर्मल वर्माको कलमको पदचाप म उनकै सुन्दर गद्यहरूमा सुनिरहेछु। अमृता प्रितम सिँढी उक्लँदै सचित्र नजिकिइरहेको टकटक आवाज म कोठाभित्र बसेरै सुनिरहेछु, महसुस गरिरहेछु उनकै जीवन्त शब्दलोकमा। यतिखेर पढिसकिएका उनीहरूका पुस्तकहरू मेरो सिरानी बनेका छन्। छरिएका सारा अक्षरहरू आँसुले भिज्छन्, पोतिन्छन् र एक ढिक्का भावको बबन्डर लहरले किनारमा उभिएको मलाई सुस्तरी छोएर जान्छ, आत्मीय निमन्त्रणाजस्तो... ! म झस्किन्छु ! !

मेरो बाबा आफ्नो मृत्युभन्दा तीन दिनअघि मृत्युशय्याबाट बेहोसीमै बोल्दै हुनुहुन्थ्यो– छोरी ! सितार लेऊ न भनेको ! म सिकाइदिन्छु; सितार लेऊ न भनेको ! !... ! ! ! कति दर्दभरि प्रेमिल छन् ती सम्झनाहरू... कति एकान्त दुख्ने घाउहरू छन् ती यादहरू। बाबा होसमा पनि भन्ने गर्नुहुन्थ्यो– “कतै मधुरो उज्यालो हुनु अनि तिमी अग्लो आसनमा लामो कपाल खुला छाडेर सेतो सारीमा सितार बजाइरहनू र म दर्शक बनेर त्यो धुन सुनिरहूँ...। कल्पना कति सुन्दर लाग्छ नि !... ! !” के एउटा पुरुषले आफ्नी प्रेमिकालाई यति धेरै भावनात्मक प्रेम गर्न सक्छ? यदि सक्छ भने पनि म एउटी भाग्यमानी छोरी हुँ; जुन प्रेमको आभास मलाई मेरै बुबाले दिनुभएको थियो। फेरि पनि म कुन्नि कस्तो प्रेम खोज्दाखोज्दै बिपनाबाट थाकेर उही स्वप्निल संसारमा आइपुगेछु र आज त्यो नबजेको सितार युद्धमा आफ्ना सारा सन्दर्भहरू गुमाएर बाँकी रहेको पल्लो घरमा बस्ने बिलकुल आफन्तहीन त्यो एक्लो मान्छेले तिनै आफन्तहरूको विरहमा बजाइरहेछ, जीवनको मध्यरातमा... !

थाहा छ, यो समयबद्ध पीडाको सम्झनाबाट मलाई कसैले अलग्याउन सक्दैन; जसरी एक लेखकलाई एकान्तको गहिराइबाट कसै गरी अलग्याउन सकिन्न।

जब म आफ्नो एकान्त अतीततिर फर्कन्छु; कति असह्य पीडाको मध्याह्न कसरी गुजारे हुँला? बडो आश्चर्यमा हुन्छु। मेरो कत्रो अन्धविश्वास? भ्रम तोडिन किन त्यस्ता कैयौँ मध्याह्नहरू गुजार्नुपऱ्यो? कति कमजोर रहेछ मेरो चेतना? साँच्चै नै मेरो चेतना जागृत भएको भए के समयमै भ्रम तोडिन्नथ्यो? सायद तोड्न चाहिनँ। हुन सक्छ भ्रम भए पनि बाफिलो मध्याह्न नै सही प्रेमका नाममा शीतल सम्झी लम्ब्याएछु। निश्चय नै त्यो मेरो कमजोरी थियो; जतिखेर मेरा भावका अगाडि मेरै तर्कहरू पराजित भएछन्; जसमाथि मेरो कुनै वश चलेन। त्यो मेरो मूर्खता थियो; जसलाई म आज बुझिरहेछु। फेरि पनि यत्रो ठूलो संसारमा मबाट त्यस्ता कति निर्णयहरू होलान्; जो भविष्यमा पुन: मूर्खतापूर्ण बुझियोस्...। आगामी दिनमा निश्चय नै अतीतले मलाई सकेसम्म त्यस्तो मूर्खता नदोहोऱ्याउन अनुरोध गर्नेछन्। त्यतिखेर मेरो अस्तिता र प्रेमको प्रश्नमा युद्धरत मेरा तर्कहरू सायद पुन: एक पटक युद्धविराम गरेर युद्धको कौशल नै बदल्नेछ...।

अस्तिता र प्रेमको सन्दर्भमा म कहिले आफैलाई प्रश्न गर्छु– साँच्चैमा कसैले लेखेर अधुरो छाडेको कहानी पूरा गर्नु अनि कसैले आधा पढिसिध्याएर पाना मोडेर छाडेको सुन्दर पुस्तक मोडिएकै ठाउँबाट सुरुआत गर्नु अस्तित्वविखण्डन हो या प्रेमको महायज्ञ ! अँध्यारो कोठामा बसेर म एक्लो सोचिरहेछु– मेरो एकान्त अस्तित्व र मेरो आत्माको अनुरोध प्रेम... !

यथार्थतः म सुन्दर पुस्तकहरू नपढिरहन सक्दिनँ, ती मेरा होइनन्; मेरा कविताहरू पनि मेरै लागि मात्र बिलकुल होइनन्। फेरि लेख्दालेख्दैको अधुरो भाव पनि मेरो भावकलाई नसुनाएसम्म, अझ सुनाएर पनि प्रतिक्रिया नआएसम्म अधुरो महसुसमै रहन्छु, म। सम्पूर्णतातिर उन्मुख हुन पनि सक्दिनँ अर्थात् म हिजोविनाको आज र आजविनाको भोलि कल्पना पनि गर्न सक्दिनँ। प्रेमार्थ, सिर्जनार्थ म किन आफैमा सम्पूर्ण छैन, मभित्रका प्रेम र सिर्जनाहरू मसँगै मरेर चिता जल्नुमा घाटा र पीडा कसलाई? मलाई या मेरा प्रेमिल भावकलाई? जीवनका यस्ता कैयौँ स-साना अनुभूतिहरू बेवास्ता गर्दागर्दै अन्तरमा कस्तरी खात लाग्दो रहेछ...। मानौँ जीवनकै कतै उचाइबाट हेर्दा तल नदीबाट उठेको चिसो मौसमको बाक्लो कुहिरोजस्तो; जसले नदीलाई नै सम्पूर्ण ढाकेको होस्। यसरी नै अस्तित्वभन्दा प...र मेरै अप्रकाश्य अनुभूतिहरूद्वारा म बारबार मस्त ढाकिन्छु। त्यतिखेर म कहाँ रहन्छु? यस निबन्धमा मेरो प्रश्न मेरै भावकलाई !... ! !

## स्वर्गद्वारीसंवेदनका प्रेमिल फ्ल्यासब्याकहरू

शताब्दीपहिले महाप्रभुद्वारा कर्मबद्ध स्वर्गद्वारी गत जेठको उष्ण मौसमको शीतल सम्झना बनेर मेरा आँखाको भावलिपिमा विम्बाङ्कित छ, यतिखेर। लाग्छ, यी मेरा भावहरू उहिल्यै भ्यानगगले रङ्गबद्ध गरेका थिए, तर म उज्यालोहीन ब्ल्याकआउटमा; यी मेरा आध्यात्मिक स्वरलिपिहरू विथुवनले उहिल्यै सङ्गीतबद्ध गरेका थिए, तर म झङ्कारहीन बिरानीमा। सूर्यमा बादलको पर्दा कहाँ लाग्दो रहेछ र? आकाशबाट पर्दा झरेछ आफ्नै आँखामा...। उही पर्दावारि मभित्र अँध्यारो बितिरह्यो; दर्द बितिरह्यो; आकाङ्क्षा बितिरह्यो; पीडा बितिरह्यो; कैयौँ झरी-बर्सात बितिरह्यो; हुरीबतास बितिरह्यो; एउटा भयानक दूरी बितिरह्यो; बिती नै रह्यो, गत वैशाखको त्यो अन्तिम साँझसम्म !... !

त्यो साँझ स्वर्गानुभूतिको पूर्वाभासमा हामी सिँढी उक्लिरह्यौँ। जब सिँढीको प्रश्नसीमा टुङ्गियो; स्वर्गको द्वारमा उभिएका ढोकेहरूद्वारा बेहिसाब रोकियौँ। तुच्छ आवाजको गोलीले तत्क्षण स्तब्ध भयौँ, तर त्यो अन्तिम सिँढीमा हाम्रो उमङ्गित चेतनालाई पलभर पनि उभिन मन्जुर थिएन। र-त हाम्रो हृदय र स्वाभिमान उनीहरूलाई पैँचो दिएर हामी मरुवासीहरूले स्वर्गको मोहमा प्रवेशद्वार छिचोल्यौँ। भित्र केही अस्पष्ट हलचल, पराई छाया परेका केही आफन्त अनुहारहरू, पतझडको मौसम पार भइसकेको भोगाइको आफ्नोपन... ! त्यस क्षण साराहरू यति आत्मीय लागिरह्यो कि हामीबीचको दूरीमा कैयौँ कथाहरू बितिसकेका रहेछन् र लाग्यो, त्यहाँका प्रत्येक ढुङ्गाहरूमा शदियौँदेखि कविता खोपिएको हुनुपर्छ, सारा पातहरू आफ्ना निष्ठुर कहानीसहित झरेर सऱ्याकसुरुक पतकरसङ्गीत बज्दै चाँदनी बर्सातमा कैयौँ रात भिजेको हुनुपर्छ।

साँझ प्राकृतिक ढल्दै गयो, रात गहिरिँदै गयो। मेरो आत्मलोकमा त्यो अन्तिम घनघोर रात पनि बित्यो र प्रभाती मुस्कानसँगै बाँजवृक्षको सङ्गीतमय आत्मवादनको लहरले मलाई सुस्तरी छोएर गयो, म झङ्कृत भइरहेँ। तर त्यो आत्मवादनमा कलिको कुरुक्षेत्र होलेरीको पीडाधुन गुन्जिरह्यो, त्यस प्रभाती मुस्कानमा आफ्नै भूगोलभित्र बिरानो पहाडको आह, उफ् र व्यथा बल्झेको थियो, हावाको तुफानी करुण लहरमा सैघाको छाती चिरिएर बगेको बिरानो माटोको सुगन्धित सिम्फोनी थियो। फेरि पनि जेठको कवितामय प्रथम प्रभातको त्यो प्रथम मृदुल घाम भने स्वयम्मा प्रश्निल बनेको मेरी छोरीको अबोध अनुहारजस्तो लागिरह्यो...।

साँच्चै नै सम्झेर ल्याउँदा यस्तो लाग्छ कि दूरीको शून्यता नै सत्यको मूल हो। हामी मान्छे शून्यभित्रकै निर्माणचक्रमा एउटा यस्तो ध्वनिजन्य अस्तित्व हौँ, जो ठोक्करहरूमा प्रतिध्वनित हुन्छौँ, फेरि मीठो सपनाबाट ब्युँझेजस्तो कहाँ जान्छन् सारा संसारीय टकरावका मृदुल सङ्गीतहरू ! अर्थात् वर्तमानको 'व' पनि भन्न नपाउँदै वर्तमान भागिसकेको हुन्छ हामीबाट। यद्यपि हामी हिजो र भोलि गाँसिएको एउटा उद्धृत वर्तमान कैद गर्छौं चेतनामा र मान्छे हुनुको अहम् परिचय सोचिएको वर्तमानभित्रै कतै रङ्गहरूमा, कतै धुनहरूमा त कतै शब्दका जादुगरी उन्मादमा प्रतिध्वनित हुन्छौँ। यसरी जीवनसँगको भलाकुसारी र टकरावहरू जब कलाका विविध बान्कीहरूमा फ्रेमिङ हुन पुग्छ; लाग्छ, हामी आफूविनाको शून्यमै पनि प्रतिध्वनित भइरहन्छौँ। हो, ढुङ्गामा ठेस लाग्दा आहत हुने मन अनि ढुङ्गामै ईश्वरीय आस्था रोप्ने मन यथार्थमा मान्छेकै मान्यताका टकरावहरू हुन्; जो मानवचेतनाको विशिष्ट सङ्गीत पनि हो। यसमा तत्क्षण हामीमाको प्रकम्पित संवेदना नै जीवनको प्राप्ति पनि हो। किनकि हामी हाम्रा तत्क्षणका संवेदनाहरूमा नै झङ्कृत छौँ र झङ्कृत भइरहनेछौँ।

त्यही तत्क्षणको सङ्गीतमय संवेदनामा त्यो बिहान प्रश्नहरूको पहाडमुन्तिर कविताको उत्सव झुमिरह्यो, वटुकहरूको वेदध्वनिका साथ देशभरिका कविहरूका आवाजमा उही बाँजको रूखमुनि लेखनाथको तरुण तपसी एक पटक फेरि ब्युँझिएको लाग्यो; जहाँ शासनको आसनभन्दा भूमिको अस्मिता खोजियो; क्रियाशीलतामा जीवनको अर्थ खोजियो, बाँच्नुमा हुनुको बोध खोजियो। हुनुकै बोधमा अर्को बिहानी आफ्नै हातबाट 'अल्बर्ट आइन्सटाइन र बुद्ध' (कृष्णराज डी. सी. को कविताकृति) लाई स्वर्गद्वारीमै मोक्ष दिलाइयो। गणेश शाहको 'चिल्ली' पनि विमोचित भयो। नरेशजङ्ग राणाका 'निसास्सिएका रातहरू' लाई पनि त्यहीँ मुक्ति मिल्यो। 'मेरो कविताको अन्तिम पृष्ठ' (राजेश्वर कार्कीको कवितासङ्ग्रह) ले पनि भागवतानन्दको बाहुलीबाट मोक्ष प्राप्त गर्‍यो। रवीन्द्रनाथले भनेझैँ धूलो-माटोले अपमान सहेर पनि बदलामा फूलको उपहार दिँदो रहेछ। यस्तै लागिरह्यो– स्वर्गद्वारी, गोविन्द र अमरहरू... !... ! !

सम्पूर्णमा तरल-तरल भएर बगिरह्यो स्वर्गद्वारीसंवेदनका प्रेमिल फ्ल्यासब्याकहरू...। निश्चय नै सुन्दर पहाडी झर्ना चेतना तैनाथ गरेर बग्दैन; जहाँ सुन्दरता देख्नु र भोग्नुका दुवै पीडाहरू सहज बगिरहन्छन्। र-पनि सुन्दर देखिन्छ, सङ्गीत सुनिन्छ; जो मान्छेले नहेरिरहन र नसुनिरहन सक्दैन। आफ्नो कुरूप अनुहार त प्रेमपूर्वक ऐना हेर्छ, मान्छे ! यसभन्दा प...र हिमाल हाँस्दा, भीरभरि गुराँस फुल्दा, क्षितिजसम्म विस्तारित पहाडभरि लटरम्म चुत्रो र काफल पाक्दा ठोक्करमा लागेका घाउहरू मस्त सहलाउँदै, आह र व्यथाहरूमा प्रेमको न्यानो भर्दै मान्छे किन पुलकित नहोऊन् !

जब-जब मेरा भावहरू क्षितिजपर-पर मभन्दा अघि दौडन्छन्, शब्दभन्दा अघि उडान भर्छन्; मेरा भावसापेक्ष असमर्थ शब्दहरूसँग क्षमायाचना गर्दै म कलम स्थागित गर्छु र संस्करणहरूमा बाँच्ने बाचाका साथ कलमसँग पनि हृदयतः याचित हुन्छु...!! एउटा निरीह याचना, मृत्युको सीमाभित्र 'म' हुनुको एउटा लेखकीय नियति...!!!

## विभाजन–रेखा

विगत, एउटा वैशाखको प्रथम बिहानी घरछेउकै साथी शरद्का बाबाले हाम्रो ढकमक्क शिरीषका हाँगाहरू आधा पाटा काटेर भुइँभरि असरल्ल पारेपछि म डाँको छोडेर रोएकी थिएँ, अपाङ्ग बैजनी शिरीषलाई हेरेर। मेरा बाबा

मलाई सम्झाउँदै हुनुहुन्थ्यो– हाम्रो रूखका हाँगाहरू उनीहरूपट्टि गएकाले त्यसो गरेको हो। तर म मान्न तयार थिइनँ। मलाई कानुनको भाषा के थाहा !

भन्सारमा जागिरे शरद्‌का बाबाले हरेक साँझ अफिसबाट फर्केपछि हाम्रो हातभरि मिठाई राखिदिनुहुन्थ्यो। तर अपाङ्ग शिरीषको नाममा ती सब बहिष्कार भए मबाट। शिरीष काट्ने बाबाको कारणले म शरद्‌सँग पनि अन्जानमै टाढिँदै गइरहेको थिएँ। उसकी आमाले बोलाए पनि केवल पीडाभरिको असुहाउँदो हाँसो हाँसिदिन्थेँ, सायद ! कसो-कसो म पर्हेलिँदै गएछु र समानान्तर रूपमा शरद् पनि पर्हेलिँदै गएको थियो। फेरि अर्को वैशाख शिरीष नफुल्दै उनीहरू राजधानीमै अर्को घर बनाएर बसाइँ सरे। उनीहरू जाँदा नरमाइलो त लागेको थियो। तर अन्तरमा कतै खुसी जागेको थियो। लाग्यो, अब त्यो घरको मान्छेले हाम्रो शिरीष काट्नेछैन। यद्यपि म हरेक रात भयमिश्रित सपना निदाउँथेँ र हरेक बिहान आँखाको पर्दा उठाएर प्रथम पटक त्यही शिरीषको दर्शन गर्न आतुर हुन्थ्यो मन, कतै दोस्रो पटक अझ विरूप त पारिएको छैन ! सायद ! पाँच वर्षकी बालिकाको त्यो चोट मेरो घर-परिवारले सामान्य नै बुझे होलान्, तर त्यो भावुक चोट नदेखिने गरी मेरो जीवनमा यस्तरी गहिरिँदै गयो... र, म आज उभिएको छु; त्यो अपाङ्ग शिरीषजस्तै सीमारेखामा।

मन त थिएन, तर आज मेरो परिश्रमको सानो घरवरिपरि मेरा बुबाको करले जीवनका पीडाविहीन जड पर्खालले सीमारेखा कोरेकी छु। यद्यपि धरतीलाई कतिऔँ टुक्रा पार्नेमा गनिएँ हुँला भन्ने भावनाले घरी-घरी चेतना बल्झेर दुख्ने गर्छ। र मान्यताको त्यो सीमारेखाभन्दा निकै वर अगाडिपट्टि दायाँ-बायाँ दुईवटा शिरीष ढकमक्कै फुलेको छ, यतिखेर। सिङ्गो र नीलो आकाशमुनि मन्द-मन्द हावामा बैजनी शिरीष स्वतन्त्र लहराएको खुबै खुलेजस्तो लागिरहेछ। कुन्नि किन हो ! यो क्षण सग्लो फुलेको शिरीषसँग ईर्ष्या जागेर आउँछ। कतै, मेरो अपाङ्गपनलाई चुनौती त होइन ! यी सब... ! र त्यही शिरीषको सुन्दरतालाई साक्षी राखेर केवल तिमीसँग म मेरा अनुभूत सत्यको दावा गरिरहेछु। यस अर्थमा कि जब-जब पारिजात मभित्र मीठो दुखेर फुलिदिन्छ, म यहाँ सत्यको नाममा तिमीसँगै एउटै भावको फ्रेमभरि जिन्दगी दोहोऱ्याएर हिँड्न चाहन्छु शब्दका गोरेटोहरूमा...।

सत्य खै कहाँ छ? लाग्छ, यो कुनै वस्तु त होइन, मनलागी जहीँतहीँ भेट्न सकियोस्, किन्न सकियोस् र व्यक्ति-अधिकारमा राख्न सकियोस्। सुन्दरता सृष्टिको एउटा सत्य हो, सायद ! जसप्रति सृष्टि स्वयम् पनि आकर्षित भएर उन्मादमा झुमिरहन्छ। यसैले होला– संसारका सारा सुन्दर सबैको नै भन्छन् तर एकको अधिकार कहिल्यै हुन्न भन्छन्।

हो, म यसबेला अधिक दुखेर सम्भ्रान्त फुलिरहेछु। र यहाँ दुख्नु अधिकार होइन; दुख्नु कर्तव्य पनि होइन। यद्यपि म दुखिरहेछु। एक पटक फुल्नुमा धेरै दुख्नेहरू मलाई दुखेको जस्तो देख्न सक्लान्, तर मै दुखेजस्तो अनुभूत गर्न सक्दैनन् या सकेर पनि अनुभूत गर्न चाहँदैनन्। अर्थात् कसैलाई हलुका पारेर आफूमाथि बोझ थोपर्न चाहँदैनन् मान्छेहरू, स्वयम्मा प्राप्त पीडाको उन्मादमा झुम्न पनि चाहँदैनन्। यसको अर्थ के दुखाइ सत्य होइन ! स्पष्ट छ, हरपल तीतो सत्यलाई केवल मीठो सत्यले आवृत्त गर्न चाहन्छन्, मान्छेहरू। फेरि पनि पीडाप्रुफ हुन सक्दैन, मान्छे। कस्तरी सत्यका दुई विपरीत रङ्गहरू परावर्तन हुँदा रहेछन् जीवनमा– उज्यालो अनि अँध्यारो बनेर। हो, कस्तरी परेड खेल्दा रहेछन् जीवनमा आशा अनि निराशाहरू– प्रकृतिको उमङ्ग बनेर...।

मातृत्व दुखिरहेको प्रकृतिको एक उत्कृष्ट क्षण, एउटी आमा सन्तानलाई मनलागी काखमा लिन सक्दिन, सन्तानको परीक्षा सम्झेर ममताको जाग्राम बस्नुको कुनै औचित्य छैन। यसको अर्थ के ऊ आमा होइन ! के दूरीमा रहेर उसले आफ्नो सन्तानको भविष्य सोच्नु पाप हो ! यहाँ त अरूका रचना चोरेर आफ्नो नाममा छपाउनेहरू विशिष्ट साहित्यकार हुन्छन्, गमलाको फूल किनेर सजाउनेहरू कुशल माली बन्छन्, घरभरि फोटोग्राफी तस्बिर झुन्डयाएर पेन्टिङ पारखीको लेबल लगाउँछन्, बन्द सोकेसभित्रका मौन पुस्तकहरूमा आफ्नो विद्वत्ताको परिचय खोज्छन् र वाद्य-सामग्रीहरू कोठामा बेवारिस झुन्डयाएर आफूलाई सङ्गीत-साधक कहलाउँछन्। वास्तवमा यिनीहरू साहित्यका घातक अनुरागी हुन्, फूलका नक्कली सोखिनहरू हुन्, कलाका

नाममा आडम्बरहरू हुन्, विद्वत्ताका नाममा समाजका ढोँगीहरू हुन्, जसले साहित्य र साहित्यकारबीच विभाजन-रेखा कोरेको छ, फूल र मालीबीच स्नेहको गहिराइ घटाइदिएको छ, सर्जक र भावकबीच दूरी बढाइदिएको छ। के दूरीमा यथार्थ सर्जकको दावा गर्नु पाप हो ! मातृत्व दुख्नु पाप हो ! पितृवात्सल्य दुख्नु पाप हो ! यहाँ दूरी आफ्नै निर्णयको विवशता हो तर दुख्नु त सत्य हो।

भारतीय बाबुको सन्तानले नेपाली आमाको काख गुमाउँदा सन्तानलाई जति दुख्छ, नेपाली बाबुको सन्तानले भारतीय आमा गुमाउँदा त्यति नै दुख्छ फेरि विभाजन-रेखा किन? आमा खोज्दै हिँड्दा बाबुले अङ्कुश लगाउनु, बाबु खोज्दै हिँड्दा आमाले अङ्कुश लगाउनु प्रकृतिको न्याय होइन। हो, एक्लो मान्यता सम्झौता होइन, मान्यताको दूरी सम्झौता होइन यद्यपि स्वयम् सिर्जना जान-अन्जान सम्झौता हो। यसैले लुछाचुँडीमा सिर्जना दुख्नु नपरोस्, क्षतविक्षत हुनु नपरोस् र पुन: त्यही सन्तानबाट अर्को बीभत्सको विवश जन्म नहोस्। र म आफू पनि स्वयम् एउटा सिर्जना मान्यताको रेखाभित्र रहेर हिन्दू बाबुका लागि मुस्लिम आमा गुमाउन चाहन्नँ; मुस्लिम बाबुका लागि हिन्दू आमा गुमाउन चाहन्नँ। जसरी दिनको यात्रामा रात साक्षी बसिदिन्छ; रातको यात्रामा दिन साक्षी बस्छ। तर पनि कहिल्यै एकाकार भएर हिँड्न सक्दैनन्। यद्यपि सदियौँदेखि हिँडिरहेछन्– समानान्तर रेखा बनेर। बीचमा छ अलिकति प्राकृतिक शून्य, जसलाई जे बुझिदिए नि हुन्छ। अर्थात् प्राकृत सीमारेखा। यसरी नै समय-प्रवाहमा धर्म-पाप, सुख-दु:ख एवम् जीवन-मृत्युका रीतहरू चलिरहन्छन्, सायद ! र यसरी नै सीमारेखाको नाममा हो, मेरो चेतनाको आकाशमा कल्पना र यथार्थबीच कृत्रिम विभाजन-रेखा कोर्न सक्छ– व्यक्तिले, समाजले, मान्यताले र समयको यो कोष्ठकमा म अपाङ्ग शिरीष बन्न पुग्छु। अनि कतै परम्परा र आधुनिकताबीचको पर्दा च्यात्न मन लाग्छ, कतै आगत र विगतबीच मानिएको वर्तमानभरि मन परेका रङ्गहरू पोतिदिन मन लाग्छ त कतै शरीर र आत्माको सम्मिलित अस्तित्वप्राप्त चेतना नै कैद गरूँ लाग्छ– प्रेम र कर्तव्य अनि कर्तव्य र अधिकारबीचको विभाजन-रेखाको नाममा। अनि चुपचाप, एक्लो-एक्लो मुसलधारे वर्षा रोएर बगिदिन्छु। तर यो क्षण मेरो भावनामा कसैले कृत्रिम विभाजन-रेखा कोर्न सक्दैन...। यो वैशाख म सग्लो शिरीष बनेर फुलिरहेछु। निर्बाध फुल्नु नै भ्रम हो भने भ्रम नै सही, तर यो आदिम सुखको तृप्तिभन्दा पर केही सोच्न सकिरहेको छैन र सोच्न चाहन्नँ पनि। के त्यहाँ पनि कृत्रिम विभाजन-रेखा कोरिन सक्छ र !

## बन्दीपुर, उत्कृष्ट कोलाज !

सधैँ मीठो सपनाबाट ब्युँझेपछि एक पटक झस्कन्छु म– सपना किन तत्क्षण टुङ्गिन्छ भनेर ! अनगिन्ती प्रश्नका फिलिङ्गाहरू उड्छन् मनको अँध्यारोमा। मृत्युमा ठोक्किएर चकनाचुर हुने जीवन धेरै मृत्युहरू भोगेर पटक-पटक ऐना जोडेजस्तो लाग्छ। फेरि जतिसुकै विरूप नै किन नदेखियोस्, चाहेर पनि म त्यो ऐना हेर्न भुल्दिनँ। र-पनि अधिकांश आफूलाई बिर्सेर म सग्लो ऐनाको भ्रम बाँचिरहेको हुन्छु... एउटा उत्कृष्ट बहाना ! हुन पनि बीभत्स बिपनालाई सुन्दर सपनामा बुन्नु कति रहरलाग्दो हुन्छ नि ! तर यो रहरलाग्दो आयुको सीमा कहाँसम्म हो ! फेरि उही सत्य– सारा कुराहरू समाप्त हुन्छन् सुरुआतसँगै...। र नै फेरि म झस्कन्छु...।

...तर यतिखेर म आगत सपनामा होइन, सपना तरङ्गित आफ्नै फ्ल्यासब्याकहरूमा उभिएको छु। पौष महिनाको एउटा चिसो बिहानी, तुवाँलो र हुस्सुले बेरिएको काठमाडौँ। पर्दाभित्रको मधुर सुन्दरताले झैँ मेरो अन्तरमा मेरै सपनाले सधैँभन्दा मीठो गरी छोइरह्यो; म झङ्कृत भइरहेँ। अझ दरबारमार्गमा वरिष्ठ कवि द्वारिका दाइको कविताजस्तो तातो कफीको स्वागतले झन् सम्पूर्ण सङ्गीतमय भएर एउटा विभोर गायकको मीठो

मूर्च्छनाको तारिफ गरूँजस्तो मन उडिरहेथ्यो। समय-समयको तालमा भने म आफ्नै विभोरताको आदिसूत्र खोजिरहेथेँ। एउटा सुखद जिज्ञासा अनि रहरलाग्दो सपनाको प्रारम्भ; बन्दीपुरको साहित्यिक यात्रा !... ! !

परिवर्तनको नियमबाहेक सबै परिवर्तनशील हुँदाहुँदै पनि कला, प्रकृतिसँग मानवविजयको एक उत्कृष्ट आह्वान हो भनूँ लाग्छ। भ्रमकै सुख किन नहोस् ! बाँच्नु भयानक भ्रम हो भन्दै पनि बाँच्दै रहन्छ मान्छे; कलापरावर्तित उज्यालोमा आफूलाई हेर्न चाहन्छ मान्छे ! हुन सक्छ सृष्टिकै प्रमुख प्रतिद्वन्द्वी मान्छेको कलामय उत्कृष्टतामा सृष्टिकर्ता स्वयम् पनि एकसाथ सन्तुष्ट र ईर्ष्यालु हुनुपर्छ। निश्चय नै विनाआस्थाको प्राप्ति सस्तो भएझैँ प्रतिद्वन्द्वीहीन विजयोत्सवमा विह्वल भएर झुम्न सकिन्न, सायद ! अर्थात् स्वयम् स्वर्गको रैथानेले भन्दा नरकको पीडा भोग्नेले नै स्वर्गको अधिक सुखानुभूति गर्न सक्छ। यसर्थले नै जन्डिसग्रस्त काठमाडौँका भीडभित्रका परिचित कुरूपताहरूबाट विच्छेद भएर आफ्नै स्वप्निल अनुभूतिहरूले रिकल गरेजस्तो प्रकृतिको सरल एवम् सुन्दर चित्रकारितातर्फ मेरो दृष्टि उन्मुख भइरह्यो र झुमिरह्यो मन... सर्वेश्वरदयाल सक्सेनाको मृदु कविताकलाजस्तो, पी. बी. सेलीको रोमान्टिक भावजस्तो...। यसरी काठमाडौँ, म अनि बन्दीपुरबीचको बढ्दो र घट्दो दूरीसँगै वेदनाका अदेख्य घाउहरूमा क्रमश: खाटा बस्दै जान्छ। हो, नजिकिँदो अपरिचित सुन्दर दुनियाँको सुखानुभूतिसम्बद्ध क्लाइमेक्सले तत्क्षण म आफूलाई पीडामुक्त अनुभव गर्छु। यद्यपि सुन्दरता भोगिसक्नेहरूलाई सुन्दरता नै कुरूप लाग्दो हो। अर्थात् परिचित सुन्दरता नै बिस्तारै विरूप बन्दो हो। यसैले सुन्दर वस्तुलाई सदा सुन्दर देख्नका लागि दूरीबाटै हेरिइनुपर्छ कि ! मेरा यिनै भावकीय संवेदनाद्वारा म छोइन्छु र झङ्कृत हुन्छु।

मेरा सापेक्षिक संवेदनहरू जुनै पृष्ठभूमिमा रहून्, बन्दीपुरको सरलता बन्दीपुरे कोमल हातहरूद्वारा लालुपातेमा अनूदित भएर हामीलाई प्रथम हार्दिक स्पर्श गऱ्यो। हरेक हाम्रा अनुहारमा अनुभूतिको गति बढिरहेजस्तो, संवेदनाको ज्वारभाटा उर्लिरहेजस्तो, हरेकभित्र आफैमाका घाउ, पीडा र घृणाको पृष्ठभूमिमा प्रेम सलबलाएजस्तो, अनौठो आवेग चलमलाएजस्तो लागिरह्यो। हुन पनि हामी मान्छे आफ्ना संवेदनहरूमा नै जीवित छौँ र जीवित रहनेछौँ।

हो, हामीसँग जथाभाबी जीवन घिसार्दै हिँडिएका असामयिक यात्राहरू छन्। यात्राका अनुभूतिहरू छन्, संवेदनहरू छन्; जो सदा प्रश्नरत भइदिन्छन्। खै, कहाँ पुग्नुको यात्रा हो ! पुग्नका निम्ति हाम्रा अभीष्टहरू कहाँ गुजेका छन् ! कहाँ पुग्छ मान्छे ! या कतै पुग्दैन ! हुन सक्छ, जहीँकहीँ मान्छे केवल सिङ्गो आफू छ। लाग्छ, म अहिले यहाँ आफैसित छु र-पनि निश्चय नै मेरो पीडा यही संसारको हो, यही समाज र यही समयको हो। फेरि पनि कुन्नि कहाँ पुग्नका लागि हो ! म बाँचिरहेछु; हिँडिरहेछु। आफू आफैसँग हिँड्नुसँगै करिब छ दशक पुरानो श्री बन्दीपुर पद्म पुस्तकालयको प्राङ्गणको साँझसम्म पुगेजस्तोको आभास छ, यतिखेर मसँग। मेरा लागि एउटा अद्भुत कविगोष्ठी। क्रमश: उज्यालोस्रष्टा घामको अल्पविश्रामपश्चात् कहिले बिजुलीको उज्यालो अनि अलिकति अँध्यारो दूरी, कहिले मैनबत्तीको मधुरो प्रकाश फेरि कहिले सापेक्षिक अझ उज्यालो...। सँगसँगै बढ्दो जाडो र चढ्दो रात..., एउटा पर्यावरणीय परिवर्तन। यसबीच पनि बन्दीपुरे छत-छतका आँखा र मनबाट सीमान्त उज्यालो र न्यानो हार्दिकता बर्सिरह्यो... बर्सिरह्यो...। खै ! पुग्नुको कस्तो मिठास हो, भुल्नै सकिनँ...। हुन सक्छ कुरूपता र काँडाहरूसँग, घाउ र पीडाहरूसँग परिचित हुनुभन्दा उही हार्दिक न्यानोको झङ्कार भोलिको वनभोजभरि पनि झङ्कृत भइरह्यो। बिदाइपछिको चिसोभरि पनि उही न्यानोले गम्लङ्ग ढाकिरह्यो, मीठो सपनाजस्तो।

मेरो शब्दको क्यानभासमा उत्कृष्ट कोलाज बन्दीपुर ! प्रकृतिको पहाडी क्यानभासमय कैयन् मेरा फ्ल्यासब्याकहरूमध्ये पनि उत्कृष्ट सपनाजस्तो कोलाज बन्दीपुर ! म तिमीलाई सधैँ सुन्दर देख्न चाहन्छु; दूरीमै हेर्न चाहन्छु। देखिएका अनि भेटिएका कुरूपताहरूले बेरिएको सदा श्रापितजस्तो आफूलाई कम्तीमा जिज्ञासा अनि सपनाहरूकै भ्रममा भए पनि हिँडाउन चाहन्थेँ तर यो भ्रम होइन किनकि तिमीसँगका मृदुल अनुभूति, संवेदनहरू मसँगै छन्। साँच्चै लागिरहेछ यतिखेर अर्नेस्ट हेमिङ्वेको “The Old Man and the Sea” मा झैँ मान्छे ध्वस्त

हुन सक्छ तर हार्न नसक्दो रहेछ। यद्यपि एक पटक ध्वस्त भएपछि कहिल्यै पुनर्जीवित हुन नसक्नु या अनुभूतिको विस्तारमा जीवन रहेसम्म नै अन्तिम सीमारेखा कोर्न नसक्नुका अभिशप्तताहरूसँगै स्रष्टा हेमिङ्वे स्वयम्ले आत्महत्या गरेजस्तो कदाचित् समयको अन्तरालमा परिचित-अपरिचित ठोक्करहरूबाट भ्रम टुटेछ भने पनि कुनै गुनासो रहनेछैन। यसर्थमा कि विविध समुद्री मोसनका चित्रकार आइबाजोभ्स्कीको जीवनसङ्गीत बजिरहने चित्रमय संसारमा समुद्रको आँधीग्रस्त सिम्फोनीसँग जीवनको रङ्ग घोलिएजस्तै बन्दू ! मेरो चित्रकारितामा मेरो प्रथम सुन्दर भ्रम तिमीलाई उपहार चढाइसकेछु ! तिमी कलामा फ्रेमिङ भइसकेका छौ !... ! !

...अब भस्कनुको पीडा मसँग रहनेछैन !... ! !

# मेरो चेतनामा फेरि पैयुँ फुल्न थालेपछि'

यी आँखामा पैयुँ धेरै फुलिसके; धेरै भरिसके तर जति नै हिँडे पनि साँच्चै जीवन कहीं पुगेजस्तो लाग्दैन, किन होला ! कुराहरू भनेर जति आफूलाई रित्याऊँ भन्छु, भारी लाग्दै जान्छ यो मन। फेरि पनि रित्तिन नै चाहन्छु, जीवनभर। सम्भवत: म आफूलाई नै सम्पूर्ण रित्याएर शून्यको मृत्यु भोग्न चाहन्छु तर दिनमा मीठो लागेका अनुभूतिहरूको रङ्ग स्वयम् नै बदलिसकेको हुन्छ रातमा। यसरी हिजोका सारा सोचहरूले आज अर्थको अवमूल्यन भोगेजस्तो लाग्छ अर्थात् बुझिएका हरेक आजहरू नयाँ लाग्छन् कि तीहरू साँच्चै नयाँ हुन् ! कि नयाँ लागेका युगका फोसिलहरू हुन् ! जहाँ, दृष्टिभ्रममा नयाँ जीवन उम्रिन्छ र फोसिलको अर्को अध्याय सुरु हुन्छ। खै ! न प्रश्नको सुरुआत भेट्छु ! न अन्तिम प्रत्युत्तर !

कहीं-कतै जिज्ञासु भीडमाझ शब्दमा अनुवाद भइदिएछु– “चेतनाले मान्छेलाई दु:ख दिँदो रहेछ।” हो, साह्रै नै दु:ख दिँदो रहेछ। लाग्छ, यो मन पीडाको राजधानी हो। कुन्नि, कस्तो आकर्षणमा ! पीडाहरू थुप्रिँदै जान्छन् र धरहरा अग्लिँदै रहन्छ। यतिखेर म मेरै अनूदित चेतना, पूर्णचन्द्रको ऐकान्तिक रातमा समुद्री ज्वारसँगै उर्लिरहेछु र क्षणभरमै बजारिनेछु उही सतहमा। निश्चित छ, यसरी नै निस्पट्ट कालो रातमा पनि उर्लिन्छु, बजारिन्छु। ठीक त्यही क्षण संसारको एउटा रीत– प्रारम्भ र अन्त्य अर्थात् जीवन र मृत्युको सुन्दर उदासी धुन यी आँखाबाट सागरका लहरहरूसँगै किनारविहीन क्षितिजमा अस्ताइदिन्छ। मन, जीवनको नाममा आफै प्रश्न उभिएर उही हलचल, उही उथलपुथल, उही द्वन्द्व र उही विरोधाभासका ठोक्करहरू भोगिरहन्छ। खै सभ्यताको समय-प्रवाहमा न धर्मको किनारा, न प्रेमको किनारा, न कलाको किनारा न त प्रकृतिकै किनारा। यसैले त आज मलाई सेलीको बन्द सिसीभित्रको कविता बनेर अथाह प्रवाहमा किनाराविहीन रहस्य बगूँ लागिरहेछ। लागिरहेछ यतिखेरै, सीमान्त पीडा पिएर मदहोसीमा एक्लोपनको अनिवार्यता स्वीकार गरूँ र फेदीबाट पुन: अग्लिँदो पहाडको यात्रा सुरु गरूँ। देखिएको समय नयाँपन बगिरहेछ; म बग्दाबग्दै पुरानिँदै छु तर बग्नुसँगै म के खोजिरहेछु म आफैलाई थाहा छैन। यही थाहा नहुनुको चेतनाले दुखिरहेछु, यतिखेर। मेरा सारा स्मृति-सत्यहरू त मसँगै छन्। सधैँ स्मृतिहरूले डम्म बादलिएको हुन्छु। तर के गरूँ? जति नै बर्सिए पनि विगतमुक्त सङ्लो नीलो आकाश हुन सकिनँ; आफ्नै चेतनाको माग बुझ्न सकिनँ।

मेरो देशको मुटु यो सहरमा, यो भीडमा मेरो जङ्गली सहचेतनाको खोजी, कस्तो विडम्बना ! नभेटिने सहभावको प्रतीक्षा, यो कस्तो अभिशप्त चेतना ! फेरि सुन्दर लागिरहेको वर्तमानका हरेक अनुहारमा समयभन्दा अघि नै खोजिएको अनौठो अनुहार म कसरी भेटूँ ! समयभन्दा अघिको यो अनौठो आवाज म कसलाई सुनाऊँ !

सङ्गीतबद्ध हुन नसकेको यो बिरानो चेतना, बिरानो भूगोलको किनारमा बिरानो कलाकारकै क्यानभासभित्र एउटा मौन कविता बनेर बेवारिस पन्छिएको छ। कम्तीमा मृत्युपछिका खुला आँखाले तिमी त्यो शब्दचित्र देखिदिनू। त्यो क्षण प्रकृतिमा हुरी चल्दै हुनेछ, फूल झर्दै रहनेछ, फेरि आकाश पनि खुल्दै रहनेछ र मेरो चेतना प्रकृतिको खुला किताबमा आफ्नै आँसुको धारसँगै हेलिएर पनि, मौसमअनुसार रङ्ग बदलिएरै पनि बाँच्दै रहनेछ।

बदलिँदो मौसमको बदलिँदो चेतना मान्छेको बाँच्ने बहानाभन्दा पर विद्रोहका बिरङ्गी अनुहारहरू पनि हुन सक्छन्। यसैले विद्रोहलाई सचेतताको पर्याय, शक्तिको आदिस्रोत र मान्छेको उत्कृष्ट विज्ञापन मान्न सकिन्छ। जसै ढुङ्गाहरू एकआपसमा टकराउँछन्; शक्तिस्वरूप विद्युतीय झिल्काको प्रादुर्भाव हुन्छ। यसरी नै मान्छेको बस्तीमा चेतनाको टकरावबाट उत्कृष्ट शक्ति-निचोडको जन्म हुनुपर्ने हो तर पुग्नुपर्ने पुग्नुअघि नै सीमित समस्याबाट जन्मिएका असीमित समस्याहरूमा जेलिएको मेरो देशको वर्तमान नियतिजस्तो, फाँसीको अन्तिम रातको जीवनपीडाजस्तो मान्छे थाहा नै नपाई जटिलता गुज्रिरहेको हुन्छ र जीवन निरर्थक परिभाषित हुन पुग्छ।

हुन त सोचिएको जीवन निरर्थक होइन, भोगिएको जीवन निरर्थक हो; खोजिएको अस्तित्व निरर्थक होइन, भेटिएको अस्तित्व निरर्थक हो। नियतिको यो अविरल खेलमा युगौँदेखि आफ्नै अस्तित्वसँग हारेको मान्छे निषेधको जलनमा पनि निरन्तर जित्नुको होड दौडिरहेकै छ; मादक सभ्यताको पहाड अग्लिरहेकै छ। फेरि विद्रोहमा केही नभेटेजस्तो, केही नमिलेजस्तोको पीडा चेतनामा खात नलागेको पनि होइन तर निरीह सम्झौताको सीमाङ्कनका अलावा यहाँ जडका विरुद्ध ज्ञानको उदय हुन्छ, पलायनमुखी जीवनबाट मान्छे सङ्घर्षमय मुक्तितर्फ उन्मुख हुन्छ, नजाने कतै एउटा अथाह सम्भावनाको जन्म हुन्छ। लाग्छ, यहींनेर गीताको कर्मयोग विशिष्ट अर्थिएको हुनुपर्छ। यसैले मान्छेसँग मान्छेको सही विद्रोह केवल विरोध, जलन र घृणा कदापि होइन; अधिकतम सही निचोडका लागि पूर्वमानसमन्थन हो, आशा हो, भरोसा हो।

कुनै समय परम्परित आँखाको प्रहारले 'अराजक' एवम् विद्रोही नारीको परिचायक घाउ मिलेको थियो। थाहा नै नपाई त्यतिखेर मेरै चेतनाको सापेक्षिक दुखाइ दुख्न पुगेछु। आज मभित्रको चेतना बोलिरहेछ कि त्यो मेरो सही परिचय थियो अर्थात् मजस्तैहरूको एउटा सामूहिक दु:ख थियो। आफैलाई नढाँटेर बोल्नुपर्दा एक प्रकारले मेरो लेखन नै पनि यस सत्यको स्वीकृति हो। किनकि लेखनका पीडा-सत्यहरू केवल मेरा भोगाइ मात्र होइनन्। फेरि यो पनि सत्य हो कि सुन्दर देखिदिन असुन्दर हेरिदिनुपर्छ। सही मृत्युबोधपश्चात् नै अधिक जीवनबोधले छोइदिन्छ। हुन सक्छ, शून्यमा नै जागतिक सत्ताको लहर उर्लिएको होस्। हुन पनि जब गहिराइबाट मान्छेले अस्तित्वबोध गर्दै जान्छ; क्रमश: उसको चेतना वस्तुसत्यबाट भावसत्यतर्फ उन्मुख हुन थाल्छ। सम्भवत: यही सारको खोजीमा मान्छेको जीवन भौँतारिएको छ र यही सारमा नै मान्छेको चेतना अल्झिएको छ।

यो सत्य हो कि मान्छेले दु:खी भएर नै आँसु झार्छ; आँसु झारेर दु:खी हुने होइन अर्थात् आँसुको कारक दु:ख हो र पनि यथार्थ आँसु दु:खको विज्ञापन हो; दु:खकै समीकरण पनि हो। यसैले आँसु केवल उसैका लागि मात्र नभएर दर्शक आँखाका लागि पनि अनुभवपरक भइदिन्छ र मान्छे मान्छेका लागि दु:खको सापेक्षिक कसी बन्न पुग्छ। यसरी सारा मानवीय तर्क र बुद्धि हाम्रा सामु निर्वैयक्तिक उभिदिँदो रहेछ। फेरि पनि यो चेतना अधुरो अनुभव गरिरहेछ र कतै अनुभवातीतजस्तो पनि लागिरहेछ।

यतिखेर प्रकृतिलाई मनपर्दो रङ्गीन बनाएर फेरि यी आँखामा मात्र होइन मेरो चेतनामै ढकमक्क पैयुँ फुल्न थालेको छ। हरसाल मुग्ध फूलको आकर्षणपश्चात् हरियालीको आकाङ्क्षा बाँच्दै गरेको विशिष्ट पैयुँ प्रकृतिको

पटचारलाग्दो उजाड र उदासीमा सचेत आशाको हरियोपन झुलिरहेछ र तुसारोमा पनि मेरो पीडित चेतनालाई आम बेमौसमी आफ्नो सुन्दरताले सदाझैं सचेत हाँक दिइरहेछ। कथित ईश्वरको पाउबाट तिरस्कृत, मान्छेको माथबाट तिरस्कृत पैयुँ साँच्चै यो मनको सुन्दर सत्यबाट कहिल्यै तिरस्कृत हुन सकेन। सत्यं शिवं सुन्दरम्। यसैले आज मेरो चेतनाले नै सहर्ष स्वीकार गरेको एउटा तीतो सत्य आफ्नै सम्भावित मृत्यु-उत्सवका लागि यी हातहरूले रित्तो फूलदानमा पैयुँ भरिरहेछु। ए मेरा भावक ! निश्चय नै तिमीबाट पनि पीडाको चेतनामा मुस्कान छर्ने पैयुँ कहिल्यै तिरस्कृत हुनेछैन। तिमी पनि आफ्नो मृत्यु-उत्सवका लागि जीवनभर फूलदानमा सचेत पैयुँ भर्न कसै गरी बिर्सनेछैनौ।

## शब्दचित्र

"Poetry is vocal painting as painting is silent poetry."

— Simonides of Ceos

म बसिरहेछु तर समयका पङ्खहरू एकतमासले उडिरहेछन् र म पछ्याइरहेछु। अर्थात् करिब एक घण्टाको यो मेरो बसको यात्रा यस्तो लागिरहेछ कि मानौँ प्रश्नचिह्न लागेका यात्राका औसत अनुहारहरू एउटा सिङ्गो क्यानभासमा अटाएर प्रदर्शित भइरहेछन् र म मौन दर्शक। प्रत्येक अनुहारभित्र खोज्न थाल्छु मेरो चेतनाको भावविम्ब। कसो-कसो आफूलाई पाएजस्तो लाग्छ र फेरि अचानक गुमाएजस्तो पनि। यसरी पाउनु र गुमाउनुको गोधूलिमा सारा भिन्न भावनाहरू सुस्तरी-सुस्तरी लतपत रङ्ग बनेर पोतिन्छन्। लाग्छ, यहाँ एउटा अत्याधुनिक सुन्दर चित्रकारिता सिर्जना भएको छ।

बाहिर अनगिन्ती दृश्यहरू छुटिरहेछन्। म भने एउटा सुन्दर छायाचित्रको भित्तामा अडेसा लागेर तिनै छायाका यथार्थहरू खोजिरहेछु। पूर्व क्षितिजबाट नीला-नीला पहाडहरूले हल्लाएका बिदाइका हातहरू क्रमश: धमिलिएको आभास मिल्दछ। तर कुन्नि किन हो ! अन्तरमा आत्मीय तृप्तिको चमक प्रसार हुन्छ। अचानक मभित्रको एउटा सुकुमार मान्छे सलबलाएको अनुभूत हुन्छ। लाग्छ, ऊ मलाई कोमल स्पर्श गरेर जीवनको परिभाषा दिन खोजिरहेछ। र म जीवनप्रतिको मोहले आक्रान्त हुँदै गइरहेछु, यसकारणले कि म ती बिदाइका चिसा हातहरू आफ्नै न्यानो ओठले स्पर्श गरेर भरे मृदु साँझ लिएर फर्कनेछु। सम्भवत: आफैबाट प्राप्त गरेको आश्वासनले म अलिकति उज्यालिएको हुन सक्छु। सायद, यसरी नै आशाको झीनो फेर समाएर हरेक जीवनको मृत्योन्मुख वर्तमान क्रियाशील हुँदो रहेछ। तर क्रियाशीलताको नाममा हामी आफैले सम्भावनाहरू कुल्चेर हिँड्छौँ कि जस्तो लागिरहेछ। यो जीवनको नाममा कस्तो व्यस्तता हो, थाहा नै भएन।

लाग्थ्यो, मायाको विशिष्ट सहभागी म, केवल मायाकै सिरानीमा मृदु सपनाहरू फुल्नेछन्। नखोज्दा-खोज्दै वर्तमान क्यानभासभित्रका सारा मौन अनुहारहरू बेहिसाब पढिदिन्छु; लाग्छ, उनीहरू पनि सपनाजस्तो बीभत्स बिपना बाँच्नुमा जटिलता गुज्रिरहेछन्। केही छैन, म दृष्टिभ्रममा परेको हुन सकुँला। यसको अर्थ यस दुनियाँमा के सबै सुखी छन् त? रमाएकै छैन पनि त भन्न सकिन्न ! हुन सक्छ, यो शिष्ट मानवबस्तीमा म पागल सेती गहिरिरहेछु र जिन्दगीका सारा आरोह-अवरोह हिँडिएका व्यथाहरू धरतीकै गर्भगृहमा लुकाउन खोजिरहेछु। त्यसैले

त भावनाका ग्यालेक्सीहरूमा नजरले पोखिन नजाने पनि फेवा र रूपा यथार्थ जम्न खोजिरहेछु। हुन त फोसिलका सूक्ष्मताहरूमाझ कडा चट्टानमाथि निःशङ्क झर्ना झरेजस्तो सहज कहाँ हुन सक्छ र जिन्दगी ! फेरि स्फटिक सतहमा रातो माटोको औचित्य खोज्नु पनि त केवल धृष्टता मात्र हुन सक्ला। तर पनि यसबेला मलाई मेरा अनुभूत सत्य पीडाका सहयात्रीहरूमाझ पनि आफ्नो छुट्टै परिभाषा खोज्ने मन हुन्छ।

यो प्रहर लागिरहेछ, म कुनै बिरानो बस्तीतिर आफ्नो भिन्न अस्तित्व खोज्न हिँडिरहेछु; हेर्छु पश्चिमतिरका पहाडहरू अँगालोमा आत्मविभोरताहरू साटिरहेछन्। पहाडमै अडेसा लागेका ती सुन्दर बस्तीरू कुनै छेकबारहीन आफ्ना आदिम भावहरूमा नै रमाएको भान हुन्छ। उनीहरूको तातो-तातो श्वासको अनुभूत गरिरहेछु म। कसो-कसो मभित्र एउटा नजानिँदो ईर्ष्याभाव उकुसमुकुस हुन थाल्छ। शिष्ट क्यानभासभित्र एउटा अशिष्ट विम्ब म, मलाई देखेर गिज्याएजस्तो पनि लागिरहेछ कता-कता। घरी-घरी हरियो गहुँका साथ आफ्नो विशिष्ट परिचय पस्किरहेका ढकमक्क तोरीका फूलहरूमा मेरा आँखाहरू अल्झिन पुग्छन्। यहाँनेर लियोनार्दोको चित्रकारिता पनि चुकेजस्तो लागिरहेछ। प्रकृतिको यही रङ्गमा मिसिएर लियोनार्दोको सापेक्षतामा आफूलाई विशिष्ट देखाउन खोज्दाखोज्दै पनि तत्काल म वसन्तको मौन आग्रह आरुका फूलहरूमा समाहित हुन पुग्छु; जहाँ मेरा सम्झनाहरू पैयुँको फूल बनेर मुस्कुराएका छन् र हावाका कोमल झोक्काहरूमा पातविहीन रङ्गीन हाँगाहरू निरपेक्ष खुसी बनेर झुलेका छन् र म सोच्छु, हरेक पटक यसरी नै प्रकृतिका वासन्ती रङ्गहरूमा मान्छेको यौवन बल्झेर मीठो पीडा दुख्छ, सायद ! पैयुँ फुल्न थालेपछि त विधवा दुलहीका आँखाहरूमा पनि माइती देशका सुमधुर सम्झनाहरू रङ्गीन पुग्छन्। र अब भन्न सकिन्छ, यो चुनौती हो, मान्छेको उत्कृष्ट चेतनालाई। हो, चेतनाको नाममा हामी सधैँ-सधैँ आफैँलाई ढाँट्न सक्दैनौँ, हामीभित्रको विवेकको आँखा सदाका लागि कहाँ बन्द रहन सक्छ र ! कहिलेकाहीँ हामी आफूलाई दया गरेजस्तो र माया गरेजस्तो पनि गर्छौँ। मनभरि सुमसुम्याउँछौँ आफैलाई। यस बेला नै त चुकिसकेका हुन्छौँ हामी, लेबलयुक्त चेतनाको बस्तीमा। र सपनाहरू रुन्छन् बिपनीका अँधेरीहरूमा; मनका पुलकित पत्रदलहरू सकम्बरीका ओठहरूजस्तै आहत हुन पुग्छन्। यद्यपि एउटा सिङ्गो मान्छे बिलकुल मान्छेत्व हराएको बुख्याँचा मात्र पनि त भन्न सकिन्न। अर्थात् आफ्नो संसर्गमा आउनेलाई आफैभित्र बन्द गरेर निष्प्राण छोडिदिने सुनगाभा-अस्तित्व पनि त होइन ! मात्र किचकन्नी मोह पनि त भन्न सकिन्न, केवल अतृप्त आत्मा ! फेरि म आफूलाई पूर्ण वस्तु पनि भन्न चाहन्नँ र पूर्ण भावना पनि मेरो परिचय होइन। तर म भावनाको खहरे हुन सक्छु तर संवेदनाशून्य केवल जड वस्तु बनेर आफूलाई छल्न सक्दिनँ। सके म आफैलाई घृणा गर्छु, यदि कोही मभन्दा छुट्टै मान्छे हुनुको गर्व गर्छ भने। हुन सक्छ म केवल मान्छे बाँच्न चाहन्छु।

कुन्नि किन हो ! क्यानभासभित्रको एउटा अस्पष्ट अनुहार सारो आत्मीय अनुभूत गरिरहेछु। थाहा छैन, उसको अस्पष्टतामा म के-के भेट्न सक्छु। तर उसको अनुहार पढ्न खोज्दा नजरमा यस्तो बुझिन सक्छ कि ऊ अँध्यारोभित्रबाट उज्यालो दुनियाँसँग एक्लो अँध्यारो हुनुको गर्व गरिरहेछ। तर मलाई यसरी बुझ्ने मन हुन्छ– ऊ जीवन टुक्रिएपछि सिङ्गो उभिन खोजिरहेछ, बाटो अधुरो भएपछि सिङ्गो हिँड्ने सोचिरहेछ र गन्तव्य नै हराएपछि दौडिरहेछ। लाग्छ, ऊ कहीँ-कतै ठोक्किनेछ र बेवारिस ढल्नेछ आफ्नै आँखाअगाडि अनि सदाका लागि घाम अस्ताउनेछ उसका आँखामा। अर्थात् ऊ आफ्नै हातबाट चिप्लिएका भूलहरूको सिकार भइसकेको छ। यद्यपि अँध्यारोमा जागा रहेका उसका निश्छल र कल्पनाशील आँखाहरूसँग म सम्झौता गर्नेछु। ओहो ! यो कस्तो सत्य हो ! मान्छेका निरीह भाग्यहरू कसरी झुक्न पुग्दा रहेछन् उही निरीह र प्यासी पाउहरूमा। लाग्छ, यसरी नै मेरो देशका आकाङ्क्षाहरू पनि निरीह दस्तावेजमा झुक्न पुगेका छन्। हो, यसरी नै समर्पित हुँदा रहेछन् आतुर-आतुर बिहानी उष्ण-उष्ण मध्याह्नमा। र...त, यात्राका अविरल गाढा रातहरूको सम्भावित सम्झनाहरूमा अनन्त पीडा र छटपटीहरू रक्तिम सन्ध्यामा रङ्गिएका छन्।

फेरि पनि यस बेला मलाई मीठो उत्सुकताले छोएको छ। म अनुभूतिको पहाड उक्लँदै छु र मनपर्दो बतासमा आफूलाई स्वतन्त्र छोडिदिएको छु। लहराएका छन् तृप्तिका बादलहरू अनन्त आकृतिहरूमा जसलाई मुठीमा कैद गर्न सकिन्न, सायद ! तर पनि हामी कुनै एक विचारलाई अन्तिम सत्य ठानेर त्यसैको पछि लागिहिँड्छौँ। हुन सक्छ यो अपरिभाषित जीवनको युगीन धरातल र जीवन बाँच्ने एउटा उत्कृष्ट बहाना। बहाना-बहानामै त्यो अस्पष्ट र आत्मीय अनुहार पनि मबाट पूर्णत: धमिलिएको छ। यद्यपि त्यही अनुहारमा जीवनका कैयन् कलात्मक आकृतिहरूको कल्पना गर्छु र सम्झिदिन मन लाग्छ– ती आकृतिहरूमा कसैको मुटु चोइटिएको होस्, भाग्यरेखा अधुरो होस् अर्थात् घाउ लागेर कुनै गाढा खत बाँचिरहेको होस्, छटपटी पिइरहेको होस्, पीडा बल्झिरहेको होस्। ताकि उसलाई बाँकी पीडाहरूको त्रासले आक्रान्त नपारून् र खुसीहरू बजारमा किन्न नपरोस् !

तर म कस्तो खुसीको फर्माइस गरूँ र फर्माइस गरी नै रहूँ। पश्चात् म पनि मेरो देशको उत्कृष्ट क्यानभासमा एउटा सुन्दर कोलाज बन्न सकूँ, चाहे त्यो सुन्दरतम पीडाहरूमध्येबाट नै किन नहोस् ! तर त्यो सत्य होस्। झूटोभित्रका सुन्दरताहरूमा म रम्न चाहन्नँ, जसले जिन्दगीभर केवल डसिरहन्छ, कहिल्यै निको नहुने गरी र जिन्दगी केवल दुखाइरहन्छ। यसरी दुखिरहेको बेला, यहाँ सम्झाउनेहरू धेरै हुन्छन् तर सम्झिनेहरूको मुटु किन ढुङ्गा भइदिन्छ ! हो, जीवनका भोगाइहरू केवल भाग्य पढ्न सिकाउँछन् तर किन होला दृढ भाग्यरेखा कोर्न सिकाउँदैनन्। जब आफ्नै हत्केलामा ऐकान्तिक भाग्यरेखा कोर्ने मन हुन्छ, भोगाइहरू स्वयम् पहाड अग्लिएर छेकबार बनिदिन्छ र छलिएको यात्रु-फेदी पहाड उक्लिने निरर्थक प्रयास गरिरहेको हुन्छ। यो कस्तो भ्रम हो या सत्य ! यदि भ्रम नै एउटा अन्ध-सत्य हो भने सिङ्गो जीवन र जगत् नै यहाँ भ्रमसत्य बनिदिए सारा टिठलाग्दा यथार्थहरू कति दृढसत्य बनेर सुन्दरताको कसीमा निरपेक्ष बाँच्न सक्थे होलान् ! खै ! कहाँ छन् ती सम्भावनाहरू ! कहाँ होलान् जिन्दगीका उत्कृष्ट किनारहरू ! यिनै उत्सुकताहरूको अडेसा बनेर म आँखाको पर्दा उठाइदिन्छु र दृष्टिका पङ्खहरू मनका क्षितिजपारि-पारिसम्म फिँजाएर जीवनका सम्भावनाहरू भेट्न आतुर हुन्छु। तर भेट्दा-नभेट्दै मृत्युको अँध्यारोमा ठोक्किएर छताछुल्ल भइदिन्छ जिन्दगी र समयसँग टुक्राटुक्री अवशेषहरूमा निरर्थक बगिदिन्छ अर्थात् समयको निकृष्ट विरूप किनारमा बेसकन बाफिएको अनुभूत हुन्छ जिन्दगी र तातो-तातो बगरमा चुपचाप नग्नता लुछिएका बीभत्सहरू सुरक्षित हुन पुग्छन् युगका फोसिलहरूमा।

फेरि क्यानभास पनि त किनारविहीन कहाँ छ र ! तर अधुरो किनारा ! किनारपारिका सारा दृश्यहरू अदृश्य पृष्ठभूमि बनिदिएका छन्। तर पनि यहाँ सिङ्गो बाँच्न नसक्नुका पीडाका रङ्गहरू, सहुलियतको कसीमा टाँगिएका आकाङ्क्षाका रङ्गहरू, व्यर्थै जित्नुको नशा झुमिरहेका इन्द्रेनी रङ्गहरू, अनायासै झरेको आँसुका रङ्गीन थोपाहरू र मेरा उत्कृष्ट सपनाका उत्कृष्ट बिपनी रङ्गहरू घोलिएर म एउटा भिन्न आस्तित्विक रङ्ग बाँच्न चाहन्छु। यसमा सारा-सारा भ्रम-विभ्रमहरू पृष्ठभूमि बने पनि यिनै भावनाहरू मेरो जिन्दगीको उत्कृष्ट किनारा हुनेछ। तर भावनाहरू एकनासले पोतिएका छन्। मनपर्दो दृष्टि र दृष्टिको गहिराइ आफैसँग हुनुपर्दछ। मनको साँचो गहिराइसम्म पुग्न नहिँडिएको बाटो हिँड्नु पनि त जिन्दगी हो, सायद ! हुन सक्छ सफलता-असफलताहरू आफ्नो वशमा नहोलान्; जटिल अप्ठ्याराहरूसामु जिन्दगी अझ जटिल बन्न सक्ला। यद्यपि पीडाका यादहरूमा जिन्दगी शूल बनेर तड्पिए पनि, पीडाका अग्लाइहरूबाट जिन्दगी पहिरो झरिदिए पनि, मान्छेकै आँखा र मान्यताहरूको पहाडमा जिन्दगी ठेस लागे पनि मेरा प्रिय भावक ! तिमी नै मेरा मौन कविताका उत्कृष्ट विम्ब हौ, कोलाज हौ र मेरा शब्दचित्रका उत्कृष्ट जवानी हौ; जहाँ तिमी सिङ्गो गाँसिएका छौ भावका रङ्गीन पङ्क्तिहरूमा...।

# हजार पीडाहरूको माया लागेर आउँछ

हजार सपनाहरूको माया लागेर आउँछ
बाँच्ने रहरजस्तो फेरि भएर आउँछ
– ईश्वरवल्लभ

उसले भन्यो– हजार सपनाहरूको माया लागेर आउँछ; मैले भनें– मेरा हजार पीडाहरूको माया लागेर आउँछ। सपनालाई माया गर्नेले भविष्य देख्यो, पीडालाई माया गर्नेले विगत देख्यो। ऊ सपना भेट्न जिन्दगी हिँडचो र वर्तमानमा आइपुग्यो, म पीडालाई माया गर्दै जिन्दगी हिँडें र वर्तमानमै आइपुगें। यसरी सपनालाई माया गर्नेले पनि जिन्दगीलाई माया गऱ्यो, पीडालाई माया गर्नेले पनि जिन्दगीलाई नै माया गऱ्यो र नभएको वर्तमानको दोभानमा दुवैको भेट भयो।

...अर्थात् जम्मामा म शून्यमै छु; जसलाई प्रारम्भ भने पनि, अन्त्य भने पनि या दुवै नभने पनि हुन्छ। आखिर जिन्दगी एउटा यस्तो असाध्य वीणा बनिदियो, धुन आफैसँग छ तर बजाउन सकिएन। हुन त घण्टलाई नठोकी घण्ट बज्दैन भन्छन्, फेरि सन्तुष्टि त एक अर्थमा मृत्यु त हो ! यसर्थमै म मृत्युबाट बौरिएर ठोक्करहरूबीच जिन्दगी हिँडिरहेछु र कहिले जीवनको मध्यराततिर सपनाको पहाडबाट खसेर बिपनाको फेदीमा झस्कन्छु त कहिले सपनाका सारा रङ्गहरू इन्द्रेनीलाई समर्पण गरेपश्चात्को बिलकुल रङ्गहीन चित्रकारको चित्रकारिताजस्तो पहाडमाथिको घाम हिउँले छोपेर मात्र सादा ब्ल्याक एन्ड ह्वाइटको युगविकल्प पर्खिरहन्छु र गुनगुनाउँछु– मेरा हजार पीडाहरूको माया लागेर आउँछ।

मैले बाँचेको जिन्दगीको कुन निश्चित समयरेखा हो, यकिन भन्न त सक्दिनँ; यद्यपि मीठो सम्झनाको अन्तिम विन्दुसम्म फर्कंदा बालसुलभ कोमल हातहरूले हार्मोनियमको सरगम खेलेको यादहरूसम्म म पुग्छु। नजाने सागरमा मात्र एक बुँद पानीको अस्तित्व पोखिएँ हुँला, तर त्यो उत्सुक प्रहर मसँग केवल खुसीको उन्मुक्तता बयली खेल्दै थियो। ममा कुनै अर्किड पीडाको चेत थिएन। समकक्षी जिन्दगीहरूको माहोलमा खुसीको अतिरिक्त बोधले म झुमिरहन्थें। तिनै सरगम खेल्ने हातहरू अझ रङ्गहरू, नृत्यका विविध भावभङ्गिमाहरू, शब्दका रहस्यमय बान्कीहरूमा व्यक्तिँदा मेरो खुसीको अतिरिक्त बोध अझ चुलिँदै गइरहेको आभास मिल्दथ्यो। यसरी नै समयको सतहमा अस्तित्वका रेखाहरू कोरिँदै जाँदा धुनहरूमा, रङ्गहरूमा अनि शब्दका कोलाजहरूमा जिन्दगी लहरायो कि भन्थें, तर आज आफ्नो लागेका सारा खुसीका भ्रमहरू एकलासमा फुलेको जङ्गली फूलको काँडामा अल्झिएर टुट्दा प्रश्नपीडाको अतिरिक्त बोधले बोझिल छ मेरो चेतना; जो मान्छेकै पीडा र खुसीसम्मत संवेदनासँग मानौं अझ नभेटिएको अस्तित्वको प्रश्न गरिरहेछ। तिनै अस्तित्वका वक्ररेखाहरू पुन: प्रतिप्रश्न बनेर मेरो बाटो छेकिरहेछन् र यतिखेर म यी र यस्तै मेरा हजार प्रश्नपीडाहरूको याद गरिरहेछु।

उज्यालोविना रङ्गको अस्तित्व सम्झिँदा सबैको सपना रङ्गीन नै हुन्छ भन्ने पनि त छैन ! जसरी भए पनि यथार्थत: मान्छे बाह्रवर्षे जमेको इनारजस्तो भएर निकासहीन बाँच्न कहाँ सक्दो रहेछ र ! ऊ त समयका ऋतुहरूमा जसरी नि अन्जान फुलिसक्दो रहेछ, थाहै नपाई यात्रामा बगिसक्दो रहेछ, तर यतिखेर मसँग यात्रामा दृश्य छुटेजस्तो मात्र बाँकी छन् उही थकानको अँध्यारोमा आलो सम्झनाहरू, हिँडिएका जीवनका रेखाचित्रहरू;

जसलाई म आफूभित्रै मनपर्दो रङ्ग सिर्जना गरेर जीवनको अन्तिम क्यानभासमा एकसाथ सजाउँदै उज्यालोविना नै एउटा भव्य चित्रकारिता सिर्जना गर्नेछु र भन्नेछु– मेरा हजार पीडाहरूसँगै अँध्यारोको माया लागेर आउँछ।

आजभोलि मेरा सुकोमल भावनाहरूमाथि विचारहरूको निर्मम हमला हुने गर्छ। विचारको यस्तो असामञ्जस्य प्रदूषणबाट मुक्तिका लागि म आँखा बन्द गर्छु र संसार सुन्दर लाग्छ, आँखा खोल्छु संसार विरूप लाग्छ। यसैले त विरूप संसारलाई सुन्दर देख्न म अँध्यारो रोज्छु र आँखा चिम्लन्छु। साथमा मेरा हजार पीडाहरूको याद गर्छु; जुन पीडाहरूको प्रेमनिवेदनले बारबार म पुलकित हुन्छु; जतिखेर मलाई जीवनको औधी माया लागेर आउँछ।

आज म स्वयम्का अस्तित्वप्रश्नहरूद्वारा लखेटिएर यो निर्वासित समयसम्म आइपुगेको छु। यतिखेर मलाई त्यतिखेरको मेरो कविताको भावकका पङ्क्तिहरूले छोइरहेछन्– "कुनै कविताहरू यस्ता पनि हुँदा रहेछन्; जसलाई उपहारस्वरूप दिन सकिन्छ फूलजस्तो, शिरीषजस्तो, गुलाबजस्तो...।" कति सहृदयी आँखाहरूले पढिए होलान् मेरा कविताका घायल मनहरू ! जो सुन्दर उपहार बनेर समुद्रपार पुगेको थियो। आत्मीयताको यो हरियाली लाग्छ, लेखक र पाठक दुवैको पूरक अस्तित्वमा मात्र झाँगिन सक्छ अर्थात् कविको अस्तित्व के कवितामा छैन ! कविताको अस्तित्व पाठकमा छैन ! पाठकको अस्तित्व भावनाको गहिराइ एवम् चेतनाको उचाइसम्मत छैन ! फेरि भावचेत पनि त सम्बद्ध जीवन अर्थात् सिङ्गो युगसापेक्ष हुन्छ अनि युग समयसापेक्ष हैन र !... ! ! यहाँनेर प्रश्नमा पूर्णविराम लागेजस्तो समयको गति निरपेक्षझैँ लाग्छ, तर समयको पनि कहाँ एक्लो अर्थ खुल्न सक्छ र ! समयको वस्तुता त पानीजस्तै रङ्गहीन हुन्छ र विभिन्न जागतिक रङ्गमा घोलिएर रङ्गीन बन्दछ। यद्यपि यो सत्य पनि समयको केवल आफ्नो भन्न सकिन्न किनकि सम्झिइएका सारा सत्यहरू अर्को सत्यलाई केन्द्र बनाएर परिक्रमा गरिरहेका हुन्छन् र विभिन्न दूरीमा पुग्दा उज्यालोसँगको अन्तर्क्रियाका कारण विभिन्न रङ्गहरूमा परावर्तन भइरहेका हुन्छन्– हाम्रा सामु। यसर्थमै जागतिक सम्पूर्णता कहीँ भेटिन्छ जस्तो लाग्दैन। पीडाबोधको यही विन्दुमा उभिँदा काँडामा गुलाबको अस्तित्व खुब खुलेजस्तो लागिरहेछ।

यहाँ देखिन्छन्– फूलको सुन्दरता स्वयम् पत्थर बनेर प्रहार भइरहेछ फूलकै जवानीमा, मीठो लाग्ने मुस्कान स्वयम् बाण बनेर प्रहार हुन्छ मायाकै कहानीमा, मनहरू स्वयम् पनि मनसँग छल गरिरहेछन् मनकै हैरानीमा। यस्तो लाग्छ, मान्छेको बस्तीमा भगवान् त केवल मान्छेको युटोपियन सूत्र हो, पापीहरूको बस्तीमा धर्म त केवल पापीहरूको युटोपियन कवच हो, पीडाको बस्तीमा प्रेम त केवल नरम-नरम युटोपियन बहाना हो। यसैले जीवनको किनारमा म एउटा आत्मबोध कुरिरहेको छु। जब कमलको फूलबाट तरङ्गित मेरा चेतनाका लहरहरू टाढा-टाढा फैलिएको हेदाहेर्दै क्षितिजसम्म पुगेर बेटुङ्गोमा मोडिन्छ; लाग्छ, धरतीका सारा सीधा रेखाहरू केवल युटोपियन भ्रम हुनुपर्छ। यदि पृथ्वी गोलो छ भने स्पष्टत: धरतीका सारा सीधा रेखाहरू मोडिएर स्वयम् प्रश्नचिह्नको जुलुस बनिसकेको हुन्छ अर्थात् संसारमा विचारको कुनै निचोड रहेनछ। यसैले त माफ गर्नुहोस् ईश्वर दाइ ! बाँच्ने बहानाको सबैभन्दा सुन्दर भ्रम जिन्दगीका सारा सपनाहरू कतै थाती राखेर भनिरहेछु– मेरा हजार प्रश्नपीडाहरूको माया लागेर आउँछ।

जसरी जीवनका बाटाहरू धर्म, अर्थ, काम, मोक्षका विविध बान्कीहरूमा फ्रेमिङ हुन्छन्; जीवनसम्बद्ध अस्तित्वहरू पनि बदलिँदो रङ्गमा फ्रेमिङ हुँदै जान्छन्। मानौँ, अस्तित्व स्वयम् एउटा यात्रा हो; ऊ देउराली फुल्न सक्छ, हिमचुली उक्लिन सक्छ, सागर गहिरिन सक्छ या धार मोडिन सक्छ अर्थात् अस्तित्व स्वयम् मान्यताको सुरुआत अनि मान्यताकै अथाह अन्त्य पनि हो। इतिहास साक्षी छ– तत्कालीन मान्यताको दह्रो किल्ला ठोकेर मान्छे भनाउँदाहरूबाटै जिससको हत्या गरियो र फेरि मान्यताकै कलेवर ओढाएर उनै जिससको पूजा गरिरहेछन् उही

मान्छेहरू...। लेनिनको सालिक स्थापना गरियो र ढालियो पनि...। हरे ! अस्तित्वका रङ्गहरू चिन्नै नसकिने गरी कस्तरी बदलिँदा रहेछन्, तर यो पनि सत्य हो कि मान्छेको कर्मशीलता जागतिक रङ्ग घोलिएको समयसँग अन्तर्क्रिया हुँदै युगको आँगनीमा परावर्तन हुँदो रहेछ र त्यही चहकमा प्रतिविम्बित सभ्यताले आफ्नो अस्तित्वको दाबी गर्दै मान्छेको नायकत्व स्वीकार गर्दछ र मान्छे पीडाहरूमा पनि उत्सवमय बन्दछ।

भन्ने नै हो भने अँध्यारोमा झटारो हान्दा भूलले झरेको फलजस्तो यो जिन्दगीमा सङ्गति नै कहाँ रह्यो र ! सिङ्गो स्वर्ग नै दाउमा राखिए पनि यहाँ कुनै होड जित्ने मनफूल फुलेन, घण्टध्वनिको सस्तो भेटीले ढुङ्गे मुटु पग्लेन। भक्तिसकेको आस्थाविन्दु क्षणिक आकर्षणहेतु कति दिन टिक्न सक्थ्यो र ! सम्भवत: समर्पणको भोको आस्थाकेन्द्र देवताको देशमा प्रेमको खडेरी परेको हुनुपर्छ। कठै ! त्यो स्वर्गमा महान्ताका नाममा त्यागमय प्रेमको आदर्श लेपनभित्र तृष्णाका गुत्थीहरू कति सलबलाउँदा होलान् !... ! ! अप्सराको सदाबहार यौवन मातृत्वविहीन किचकन्नी बनेर कैयौँ प्रहर रोएको होला !... ! ! लाग्छ, स्वर्गमा साह्रै दु:ख हुनुपर्छ।

मेरा कतिपय यादहरूले मलाई जीवनका धारावाहिक विसङ्गतिबीचको आस्तित्विक लडाइँमा गहिरो सान्त्वना दिने गर्छ। मेरा बुबाको मृत्यु भएको भय र चोटग्रस्त त्यो साँझ भयानक रातमा अनूदित भएर मलाई ऐठन गरेथ्यो र आज पनि म कैयौँ पीडाहरूको ऐठन भोग्न विवश छु, तर पनि एउटा लामो दिन सीमान्त पीडादायी नै किन नहोस् या एउटा छोटो दिन सीमान्त सुखद नै किन नहोस् आखिर दिनको अन्त्य उही साँझमा हुन्छ; जो कैयौँको जिन्दगीमा शीतल-शीतल मृदु बनेर सिङ्गो रात छाइदिन पनि सक्छ। यसैले त बिदाइका हर पीडाहरूलाई दिन-रातजस्तै आदतमै जिउन थालेछु अर्थात् सारा पीडास्मृतिहरू सुमधुर बनेर आज जीवनका तारहरूमा व्याप्त रहेको आभास छ; जसलाई म सपनासरि भ्रम ठानेर भुल्न चाहन्नँ। पीडाबोध वास्तवमा यस्तो जागृत चेतना हो; जसमा भ्रम टुट्नुपछिको कठोर यातना भोग्नुपर्नेछैन। लाग्छ, पीडाका यिनै अनन्त सुखानुभूतिहरूले यो विसङ्गत जीवनलाई अझ सुरुचिपूर्ण जिउने प्रेरणा दिएको छ।

म मेरो जिन्दगीको उपयुक्त विशेषणको खोजीमा छु र जिन्दगी पीडाहरूको भव्यता बोकेर मेरै अगाडि आशीर्वादपूर्ण ऐश्वर्यशाली बन्ने प्रतिबद्धता जाहेर गरिरहेछ, तर म भने उज्यालोमै पर्खाल अग्ल्याएर अँध्यारोमा बसेको छु र यही अँध्यारोमा कैयौँ उद्घाटित दुर्घटनाहरूसहित जिन्दगी बाँचेको आभास छ मसित, जिन्दगी बाँचेको उपलब्धि छ मसित किनकि मेरो संसारमा मलाई प्रेम गर्नेहरू छन्, घृणा गर्नेहरू छन्, आफन्तहरू छन्, पराईहरू छन्, औपचारिकताहरू छन्, शुभकामनाहरू छन्, ईर्ष्याहरू छन्, त्रुटिहरू छन्, क्षमाहरू छन् र छन् बर्सात, बादल, घाम, पानी, दूबो, शीत, सूर्य, जूनताराको प्राकृतिक नृत्य। तर कोही सधैँ मलाई भित्र एउटा आवाज दिन्छ, तिमी कहीँ छैनौ; जसले मलाई अझ बढी 'म' हुनुको विश्वास दिलाएको छ। यी र यस्तै पीडायुक्त सुन्दर छायाचित्रहरूमा जीवनको भागदौडसँगै म जहीँतहीँ छु, सर्वत्र फैँजिएको छु।

अझ खोजिरहेछु म जिन्दगीको सर्वश्रेष्ठ उपमा...। प्रेम-घृणा, जीवन-मृत्यु साराहरू अमूर्त चित्रकारिताझैँ दुर्बोध्य लाग्छ। एकरस जीवनको मुक्तिको खोजीमा जीवनका निरर्थक प्रश्नहरूको दलदलभित्र नित्से, कामुमात्र होइन म पनि फसेको रहेछु। यसैले त सारा सुन्दर सपनालाई सपनाकै जिम्मा लगाएर बिपनाका सुन्दर पीडालाई माया गर्न थालेछु। सम्झ, अब मेरो अस्तित्वको डुङ्गा छिन्नभिन्न हुँदै पार गर्ने तरखरमा छ र यतिखेर म जे छु त्यही रहन चाहन्छु।

यथार्थतः जीवनमा असफल हुनुको सुन्दरतम उपहारस्वरूप गुमाउनका लागि अब मसँग कुनै त्यस्तो खास वस्तु नै बाँकी रहेन। भनौँ, यसैले कि वैशाख दुखेर बर्सेको बदनाम मेरो आँसु फूलको सतहमा कहिल्यै विद्रोहको बाढी उर्लन सकेन, नजरका मेरा दुखेसाहरू कसैको बाँसुरीमा सुरिलो धुन बज्न सकेन, बरु मध्यरातको एकलासमा सपनाहरू जल्दै जान्छन् र म प्रभाती भस्म टीका थापेर बिपनी हिँड्दै रहन्छु जीवनको रित्तो भीडतिर...।

आज आत्मबोधको नवीन पृष्ठमा नीलो गहिराइबाट प्रेम र घृणाका चन्द्रकिरणहरू परावर्तन भइरहेछन् एकसाथ, तर प्रेमको कुनै शुभसाइत खोपेर होइन र घृणाको फूल रोपेर पनि होइन, बरु एकलासको चितामा नयाँ चिता पस्केर आकाङ्क्षाहरू जलिरहेछन् प्रातःदेखि साँझसम्म र म अँधेरी रात ओढेर अवशेष बिपनी हिँड्दै रहन्छु जीवनको रित्तो भीडतिर...।

आखिर फूलको भाका उनेर वर्तमानसम्म, आँखामा स्वरूपको रङ्ग छरेर स्वप्नहारसम्म र वासन्ती पालुवामा अलिकति घाउ बनेर मृत्युको सीमासम्म युगको निर्वासित आँसु चुपचाप कैद भोगिरहेछ बाफिलो मध्याह्नमा र म आफ्नो जुनेली सपना आकाशको तारामहलमै साइत सारेर, कसैको सपनाको पिँध अलिकति चोइटचाएर तृष्णाको भेल बग्दै रहेछु हर वैशाख दुखेर बर्सेको साउने झरीमा, हर विसङ्गत स्पर्श दुखेर रोएको जीवनको अवशेषमा। यसैले त म मेरा हजार पीडाहरूको माया गर्दो रहेछु।

जिन्दगीलाई नितान्त एउटा सादा क्यानभासमा रूपान्तरण गरेर जब-जब म आगामी बुद्धको चित्र कोर्न खोज्छु, चित्रबाट फेर परेर म प्राचीन बुद्धको छायामा ओत लागिरहेको हुन्छु अर्थात् मेरो उमेरभरिको इरेजरले आफूलाई मेटेर पनि मैले बिलकुल विगतमुक्त सग्लो आफ्नो परिचय दिन सकिनँ। यसरी नै अस्तित्वको उत्खननमा बारबार तथाकथित राजनीति, धर्म, विचार र तर्कहरू अवरोध बन्छन्। यस्तो लाग्छ, कुनै कलाकृतिको सुन्दर रहस्यजस्तो प्रवाहशील समयको कुनै अँध्यारो गर्तमा तिमीजस्तै म पनि छुटेको छु; जुन रहरलाग्दा पीडाहरूप्रति मेरो प्रेमभाव जगजाहेर छ।

कुनै समय दाँतभित्रको जिब्रोजस्तै म सुरक्षित थिएँ, यसैले म हाँस्नका लागि पनि दाँतकै अनुमति माग्थेँ, तर अवसर-अवसरमा त्यही दाँतले टोकेर मलाई रगताम्मे बनाइदिन्थ्यो र पनि त्यो त्रसित समय मेरो एक आत्मीय मित्रको मृत्युमा मैले रुनका लागि कसैसित अनुमति मागिनँ। मृत्युपछि पो थाहा पाएँ, म उसलाई प्रेम गर्दो रहेछु... ! ! जसले मेरो सिङ्गो जीवनलाई नै पीडामय उत्सव बनाइदियो।

पीडाको सौन्दर्यले पुलकित म, आज उसलाई गाढा नीलो पृष्ठभूमिमा याद गरिरहेछु। याद पनि त वैचारिक कसरतसहितको हृदयविलास त हो ! यिनै यादहरूको सुन्दर पुष्पहारको जीवन्त प्रतिबद्धताले मलाई वर्तमानबाट भाग्न कदापि दिँदैन। भनूँ भने विगत, पीडा, आँसु र याद नै जीवनको सुन्दरतम आत्मिक आकर्षण बनिदियो। पीडाको हाँसोजस्तो उही आकर्षण नै जीवनको उत्कृष्ट आदर्श पनि बनिदियो किनकि मृत आमाको दूध चुसिरहेको तस्बिरको मानवपीडाले मलाई जति छोएथ्यो त्यति फूलहरूमा रमाइरहेको ईश्वरको फुर्सदिलो वरदानजस्तो तस्बिरले मलाई छुन सकेन !... ! ! यदि यो मेरो खुसीप्रतिको ईर्ष्या हो भने विश्वस्त छु, मानवीय कमजोरी ठानेर वल्लभ दाइ मलाई माफ गर्नुहुनेछ।

जब म पीडा भेट्छु; फूल बिर्सन्छु, जूनतारा बिर्सन्छु। मृत्युलाई भेटे जिन्दगी बिर्सन्छु क्यारे ! जुन तीतो सत्य संसारलाई सुन्दर बनाइराख्ने क्रूर दूरदर्शिता हो प्रकृतिको; जुन सत्य मेरो दाबीमा अन्ततः प्रेम नै हो।

मबाहेक अरूले अनुभव गर्न नसक्ने मेरा पीडाहरूसहित म जीवनरत छु। हजार पीडाहरूले प्रहार गरेको भग्नावशेष मन्दिरजस्तो यो जीवनमा अब कुनै देख्य आकर्षण त रहेन, तर तिमीले भनेजस्तै मेरो अनुभवरत आत्मा भने पुरातात्त्विक मूल्ययुक्त भव्य मूर्ति सम्झिरहेछु; जसलाई पीडाका नाममा म आफै पूजा गरिरहेछु। साँच्चै प्रेम त त्यही आदिवासी मूर्ति रहेछ।

चराहरू गुँडमा फर्कने समयसाँझको यो प्रहर उज्यालोले छाडेर गएको डोब महसुस गर्न सकिन्छ, नीलो आकाशलाई जर्जर इतिहास समर्पण गरेर अनगिन्ती पातहरू झरिरहेछन्, पातहरू पानीसँगै बगिरहेछन्, म डिलमा उभिएर कुदिरहेको पानीलाई हेरिरहेछु। निश्चय नै एक दिन म त्यही पानीमा खस्नेछु, बगरमा लासहरू जलिरहेका हुनेछन्, बिस्तारै-बिस्तारै आकाश धूवाँले ढाकिनेछ। यिनै शब्दरङ्गी विम्बाङ्कित एउटा पेन्टिङ यतिखेर मभित्र उद्घाटित छ; जुन पेन्टिङ म मेरा पीडानायकलाई समर्पण गर्न चाहन्छु; जसको प्रेमिकाबाट मैले आफूलाई च्युत गरे पनि मेरो प्रेमीबाट उसलाई च्युत गर्ने कमै मात्र सम्भावना छ किनकि म हिटलरको मूर्तिमा बुद्धको आत्मा समाहित गर्न खोजिरहेछु। हुन सक्छ, हिटलरकी प्रेमिका पनि यही चाहन्थी। अपसोच ! म पनि त्यही भूल गरिरहेछु...।

यिनै हजार पीडाहरूको सम्झनामा जब म लीन हुन्छु; हो, म जिन्दगीको सपना नै बिर्सन्छु। सम्पूर्णमा मेरो वर्तमान शून्य नै रहन्छ। सम्भवत: यो मभित्रको अधिकतम ऊर्जाको क्षण; जसलाई एकाकार चैतन्यप्राप्त ब्रह्ममय एवम् प्रकाशमय भन्न मन पराउँछु। तर हामी सबै आ-आफ्नै आकाशको सीमाङ्कन गर्न प्रतिबद्ध छौँ। यसरी मानवचेतनाको कन्जुस्याइँग्रस्त भीडमा हाँडीले आफ्नै आकाशको कल्पना गर्नु अस्वाभाविक पनि त होइन ! यद्यपि हाँडी फुटे उसको आकाश पनि उही सिङ्गो आकाशमा लीन हुनुको विकल्प कतै छ र ! वास्तवमै आकाश एउटै बोध गरेको क्षण हामी सबै एकाकार हुन्छौँ। निराकार ब्रह्मस्वरूपको परमानन्द भनेको यही विभाजनहीन निरपेक्ष सत्य हुनुपर्छ; जहाँनेर न उसको सपना रहन्छ न मेरो पीडा रहन्छ, न भविष्य रहन्छ न विगत रहन्छ। मात्र एकाकार वर्तमानको निराकार ब्रह्मानन्दमा लीन हुनु मेरो पीडाप्रेमको खोज हो। यही निरपेक्ष सत्य बोध गर्न प्रेरित गर्ने मेरा हजार पीडाहरूलाई साधुवाद !

उसले भन्यो– हजार सपनाहरूको माया लागेर आउँछ; मैले भनेँ– मेरा हजार पीडाहरूको माया लागेर आउँछ। फरक यतिमात्र हो, म पीडा सम्हालेर सपना देख्छु; ऊ सपना सम्हाल्दै पीडा झेल्छ। हो, ऊ स्वप्ननायिकालाई प्रेम गर्छ, म बिपनाको पीडानायकलाई प्रेम गर्छु। आधा उसको सपनाजस्तो, आधा मेरो बिपनाजस्तो प्रेम त त्यही आदिवासी अनुभूति रहेछ।

## ईश्वरको अदालतमा आउटसाइडरको बयान

म आफूभित्रका सारा वजनहरूलाई जलाउन चाहन्छु, आफूलाई आफूभित्रै रित्याउन चाहन्छु; ताकि रित्तिएको देह मृत्युलाई सहर्ष अर्पण गर्न सकूँ, मृत्युको अफसोसलाई सहज वरण गर्न सकूँ र मृत्युपछि चिता जल्नुमा मबाट कुनै प्रतिवाद नहोस्; जहाँ जलाउनका लागि कुनै बोझ चितालाई बाँकी नरहोस्।

रित्तिनुमा म अलिकति बाल्यकालमा रित्तिएँ, अलिकति जवानीमा रित्तिएँ, अलिकति दुवैको समयकहानीमा रित्तिएँ र यतिखेर यिनै लेखनीहरूमा रित्तिरहेछु। यसैले लाग्छ, रित्तिनुसँगै म प्रतिपल वृद्ध भइरहेछु। यसरी समयका छालहरूमा हुत्तिँदै-ठोक्किँदै जीवन बगिरहनु अर्थात् क्षणभरको जीवन पनि दोहोऱ्याएर बाँच्न नपाउनुमा नै त जीवन ज्यादै भोग्नलायक छ। मान्छेसित यी सब कुराहरू छन् तर सबै कुरा भएर नै ऊ दरिद्र छ किनकि मृत्युलाई पन्छाएर उसलाई मात्र धनी बनाउने प्रकृतिको कुनै नीतिशास्त्र छैन।

वास्तवमा हामी आफ्ना बँचाइहरूमा नसोची बाँच्दा रहेछौँ। देकार्ते भन्थ्यो– “म सोच्छु यसैले म छु।” तर यतिखेर यो सत्य मलाई गलत लागिरहेछ किनकि जब-जब म सोच्छु; त्यहाँ आफूबाहेक सम्पूर्ण उपस्थित हुन्छन्– विचार, बास्ना, सम्बन्ध, सम्भोग, धर्म, अधर्म, पाप, पुण्य, सामाजिकता, असामाजिकता, वन, उपवन, फूल, पहाड, झर्ना, नदी, ताल, कविता इत्यादि। यसैले यहाँ कोही हुनु-नहुनुको कुनै अर्थ छैन। प्रकृति-जीवनका सारा उपलक्ष्यहरूमा जिन्दगी प्रश्नहीन-जवाफहीन बाँचिदो रहेछ। फेरि यहाँ ईश्वरले पठाएका कुनै त्यस्ता विशिष्ट सन्दर्भसामग्रीहरू पनि साथमा छैनन्; जसलाई अध्ययन गरियोस् र सिद्धान्तमय जिन्दगी बाँचियोस् या अनुवादमय जिन्दगी बाँचियोस्। हुन पनि जिन्दगी विशेष सिद्धान्तमा आधारित कुनै अनूदित कविता या कसैको Translated Verse पनि त होइन। बस, म मेरो जिन्दगी बाँच्छु; जसप्रतिको प्रथम अधिकार मात्र मेरो हो। अन्य सारा सन्दर्भहरू तपसिलका कुरा हुन्।

हो, मेरो बँचाइ नियमबद्ध छैन किनकि प्रकृतिको/अस्तित्वको कुनै लिखित संविधान छैन। जीवन, बारबार कसम तोडेर पुन: जिन्दगी जोड्ने अरोचक जोडीको योजना होइन, कुनै मूर्ख व्यवस्थापकको व्यवस्था होइन। कुनै पनि ग्रन्थहरूमा नभेटिइने रहस्यजस्तो यो जादुमय छ। प्रिय मृत्यु ! जिन्दगी बडो तान्त्रिक छ; सुरुचिपूर्ण छ। यसैले त कसैको श्राप सुनेर झन् जिन्दगी जिउने रहर जाग्दछ। मलाई जिन्दगीको यही बहुलट्टीपन मन पर्छ ! यसको रूप, रङ्ग, गीत, सङ्गीत, भाव, भङ्गिमा, चित्रकारिता, नृत्य, घमन्ड, हठ मन पर्छ ! मलाई धर्म मन पर्छ; पाप झनै मन पर्छ। मलाई सामाजिक मन पर्छ, असामाजिक झनै मन पर्छ। मलाई फूल मन पर्छ, फूलभन्दा कता-कता भूल मन परिदिन्छ। यसैले कि भूलको बोधपश्चात् नै आगामी फूलको जीवन नृत्यमग्न र सुरक्षित रहन सक्छ। मलाई जिन्दगीको मौनता सबैभन्दा मन पर्छ। यसैले म मौन जिन्दगीको खुला लुटेरा हुँ। भ्यानगगको मौन चित्र अनि मौन चिहानशाला मन पराउने नजरमा एक आउटसाइडर हुँ।

प्रिय मृत्यु !

आज, तिम्रो ईश्वरको अदालतमा म मेरा आफ्नै स्वीकृत पृष्ठभूमिसहित यसरी उभिएकी छु ! पितृसत्ताको सामाजिक नजरमा छोरीमान्छे भएर जिन्दगीलाई गजबसित, मस्तसित हाँसेरै उत्सवमय बनाई बाँचेकोमा मलाई आज यसरी अपराधीका रूपमा यो अदालतको कठघरामा उभ्याइएको छ। तर केही छैन, म मेरा अपराधहरू सहर्ष स्वीकार गर्छु; जुन मेरा अपराधहरू गजबका छन्, बडो रोचक छन्।

वकिलज्यूले ममाथि ‘गम्भीर’ नभएको जुन हास्यास्पद आरोप लगाउनुभएको छ; म त्यो स्वीकार गर्छु। हो, म कुनै पनि हालतमा गम्भीर छैन र गम्भीर हुनुपर्ने कुनै कारण पनि देख्दिनँ। मैले प्रकृतिमा कुनै फूललाई, चरालाई, झर्नालाई, बादललाई, पुतलीलाई कहिल्यै गम्भीर देखेकै छैन। तपाईंहरूले गम्भीर देख्नुभएको भए त्यो तपाईंको कुरा हो। तर यस जगत्मा केवल मान्छेमात्र किन असाधारण गम्भीर छ ! गम्भीरता एक प्रकारको रोग हो, मानसिक रोग। म ‘गम्भीर’ नभएको प्रश्नलाई लिएर यस अदालतमा निकै गम्भीर बहसहरू भए र मलाई हाँसो उठ्यो। माफ गर्नुहोस्, श्रीमान्। मैले हाँस्नका लागि यहाँसित कुनै पूर्वस्वीकृति मागिनँ...।

– श्रीमान्, म हाँस्न रुचाउने अदभुत प्राणी हुँ। फेरि पनि यस अदालतमा म जानकारी नै नदिई हाँस्नेछु। त्यसरी हाँस्न पाउने अनुमति चाहन्छु, श्रीमान् !
– अनुमति छ।
– Thank you, my Lord.

ममाथि विचित्रका खेदपूर्ण रोचक आरोपहरू लगाइएका छन्। परिवारलाई, सम्बधलाई, कुनै पनि सङ्घसंस्थालाई, समाजलाई, पेसालाई, यहाँसम्म कि आफ्नै जीवनलाई लिएर म किन कहिल्यै गम्भीर भइनँ भन्ने प्रथम आरोप हो। मैले आफ्नो स्वास्थ्य, शिक्षा, वर्तमान, भविष्यजस्ता विषयहरूलाई किन गम्भीरतापूर्वक लिइनँ ! आफ्नो मर्यादा, प्रतिष्ठा, तन, मन, धन, यौवनजस्ता कुराहरूप्रति म किन गम्भीर भइनँ !

श्रीमान्, मेरा नजरमा ममाथि लगाइएका सारा आरोपका विषयहरू बकम्फुसे हुन्। यहाँलाई अवगत भएकै कुरा हो; यस जगत्का सम्पूर्ण चीजहरू नाशवान् छन्। सम्पूर्ण कुराहरू आफैमा पूर्ण छैनन्; सब सापेक्षिक छन्। सम्पूर्ण पदार्थ, सम्बन्ध, आवेग, ज्ञान, समय, सत्य क्षणिक छन्। यौवन, अहङ्कार, धन, प्रतिष्ठा सबै अस्थायी अतिथि हुन्।

कुरा त झीनो-मसिनो हो– विश्वास जित्नलाई सानै कुरा काफी हुन्छ, घृणाका लागि पनि सानै कुरा पर्याप्त हुन्छ। मेरो भोगाइमा दियो जलाउने मान्छेले घर जलाउने सामर्थ्य पनि राख्छ अर्थात् नैतिकताको आभूषणभित्र सुसज्जित मनुष्यको कैयौँ गुप्त अनैतिकतालाई मैले निकै नजिकबाट अनुभव गरेकी छु; आदर्शहरूको खोक्रो आडम्बरमा बाँचेका निर्लज्ज मानिसहरूलाई मैले देखेकी छु। यसरी मान्छे आफैले सिर्जना गरेको व्यवस्थामा आफै फसेको देखेँ र मस्तसित हाँसेँ...। खै, कस्तो धर्म हो यो ! स्त्रीलाई देवी ठान्ने धार्मिक पुरुषले उसैलाई सम्भोग गर्छ; तथाकथित धार्मिक पतिलाई परमेश्वर ठान्ने स्त्रीले उनै पतिलाई अद्भुत गाली गर्छे। यसैले परम्परागत बस्तीको अपरम्परागत पात्र, एउटा आउटसाइडर म, मैले आफ्नो हास्यग्रन्थिलाई रोक्न सकिनँ; अट्टहासपूर्वक हाँसेँ र हाँसिरहेछु...।

अँ, श्रीमान् ! एक साँझ आफ्नै मौन सुरतालमा नदी चुपचाप बगिरहेथ्यो। वास्तवमा पानी बग्छ या नदी, यो बडो विवादास्पद काव्यिक प्रसङ्ग हो। जे होस्, अहिलेलाई चाहिँ भन्न रुचाउँछु– नदी मौन बगिरहेथ्यो...। त्यतिखेर, साँझ एक्लो थियो; नदी एक्लो थियो; म एक्लो थिएँ। फेरि सामूहिक प्रश्न मनोवैज्ञानिक प्रसङ्गमा जटिल सन्दर्भ हो। यसैले केही छैन, एकल नदी निरन्तर बगिरहेथ्यो, नदीका सुन्दर किनाराहरू चुपचाप नदीलाई नै हेरिरहेथे। लाग्छ, मैले देखेको प्रासङ्गिक नदीले पनि थुप्रै किनाराहरू देखेको हुनुपर्छ– कहिले पहाडी किनाराहरू, कहिले समथर फाँटका किनाराहरू। तर नदीले किनारालाई मान्छेले आदर्श, सिद्धान्त, विचार, मान्यता, पद इत्यादिलाई च्यापेजस्तै च्याप्दो रहेनछ। प्रभु ! ऊ त बग्दो रहेछ, ऊ त एउटा रोमाञ्चकारी यात्रामा रहेछ। ऊ गतिमा रहेछ, मोसनमा रहेछ, एउटा सदाबहार गति/Flow मा रहेछ। आफू त एकोहोरो किनाराजस्तै पन्छिएको र उभिएको रहेछु अर्थात् त्यो उदास ग्रीष्मको अन्त्यतिरको साँझ मैले महसुस गरेँ कि जीवन एउटा गति रहेछ; Flow रहेछ। तर म त केवल Follow गरिरहेकी रहेछु। यावत् दर्शनशास्त्र, नीतिशास्त्र, मान्यता, परम्परा, आदर्श इत्यादिहरूको केवल Follower; केवल आदिम अनुयायीमात्र रहेछु।

त्यसपछि...

त्यसपछि सारा नीतिशास्त्रभन्दा बाहिर म एउटा आउटसाइडर बनेँ...।

हो, श्रीमान् ! वास्तवमै म गम्भीर छैन, मैले जीवनमा कुनै विशेष महत्त्वाकाङ्क्षा पनि राखिनँ। हो, मान्छेहरू जीवनभर कसैका साथमा कष्टसाथ जीवन बिताउँछन् यसैले कि उनीहरू अन्त्यमा एक्लो मर्न नपरोस् भन्ने आकाङ्क्षा राख्छन् तर आखिर सबै एक्लै मर्छन्। गजब लाग्छ मान्छेको निरीह महत्त्वाकाङ्क्षा देखेर। एउटा ठट्टाजस्तो लाग्छ जीवन। जीवनमा यिनै दु:ख, पीडा, यातना, विशृङ्खलता एवम् खलनायकत्वहरूद्वारा म सारगर्भित छु अनि जीवनका अनुग्रह, उपहार, प्रेम, आशीर्वाद एवम् अकल्पनीय बहुलट्टीपनद्वारा सन्तुष्ट छु कि मलाई गम्भीर महत्त्वाकाङ्क्षी बन्ने फुर्सद नै कहाँ रह्यो र !

श्रीमान्,

मेरा यिनै सुन्दर अपराध सम्झेर म रोमाञ्चित छु। यतिखेर तपाईं पनि मेरो आत्मा उज्यालिएको महसुस गर्न सक्नुहुन्छ; जसलाई यहाँहरू सबैले परचक्रीले झैँ हेरिदिनुभएकोमा म खुसी छु, आनन्दित छु। मेरो खुसी र आनन्दमा उपस्थित दु:खी न्यायाधीश, वकिल, दर्शकदीर्घामा रहनुभएका पत्रकार, परिचित/अपरिचित दर्शक-श्रोताहरूप्रति भने म सादर क्षमाप्रार्थी छु !

त्यसो त यदि यस अदालतबाट म सइज्जत रिहा भएँ भने पनि यहाँहरूले मलाई पागल नै त भन्नुहुन्छ र भन्न सक्नुहुन्छ। एक प्रकारले म पागल नै हुँ, क्यारे !

जे होस्, पागल नै सही मैले प्रकृतिको भाषा बुझेँ; सङ्गीत बुझेँ; चित्रकारिताको मौनता बुझेँ; कविताको विम्ब, प्रतीक, उपमा, उत्प्रेक्षा एवम् रहस्य बुझेँ; मान्छेको पीडा, प्रेम, करुणा, दु:ख र हर्षोल्लासलाई महसुस गरेँ र मान्छेलाई प्रेम गर्न सिकेँ अनि निक्खरमा प्रत्येक मानिसभित्र विराजित मानव र दानवलाई चिनेँ, रुचाएँ, चाहेँ र मन पराइदिएँ; दुवैसित प्रीति गाँसेँ। यदि यसो गर्नु अपराध हो भने श्रीमान्, जरुर म अपराधी हुँ, एक आउटसाइडर हुँ।

अहिलेलाई म अल्बेयर कामुको भनाइसँग सहमत छु कि उही आकाश कसैका लागि प्रकृतिको अतिरिक्त सुन्दर उपहार लाग्न सक्छ भने कसैको गरिबीमा त्यो प्रथम भरोसाको छतस्वरूप अन्त्यहीन असीम कृपा हुन सक्छ। यसरी व्यक्तिसापेक्षमा सत्य पागल हुनुको त के कुरा ! जब म आफ्नो आत्मीय कोठालाई छाडेर कतै साँझभ्रमणमा निस्कन्छु; त्यो रोमाञ्चकारी रचनात्मक क्षण मेरो प्रिय कोठा मबाट धेरै टाढा छुटिसकेको हुन्छ। त्यतिखेर त्यो प्रिय कोठा मसँग कहीँ-कतै रहँदैन। यसरी म आफ्नै संसारको घाम लागेको एक छेउमा उभिएर विनाघामको अँध्यारोलाई सम्झन बाध्य हुन्छु अर्थात् म आफ्नै संसारमा यसरी बिरानिन्छु। आखिर मान्छेले सदा हिँड्नुजेलको मात्र आफ्नो बाटो हो भन्ने बिर्सेर अपनत्वको सुन्दर भ्रममा आफ्नो बाटो हिँडिरहेको हुन्छ। तर म भ्रममुक्त छु, कोही र केही पनि वास्तविक आफन्त महसुस गर्न सक्तिनँ र आफन्तहीन नै अपरिचित संसारको अपरिचित बाटोमा एक्लै मस्त हिँडिरहेछु। कुनै बाटो तय नगरी नै हिँडिएका मेरा पाइलाहरू अघि बढ्नुसँगै बनेका बाटाहरू पछाडि छुटिरहेछन्, यसमा गन्तव्य भेटे या नभेटे पनि हिँड्नुसँगै जान-अन्जान सम्भावनाहरू नजिकिइरहेछन्। यसर्थमै मलाई गतिशीलताको गर्वबोध छ। यदि यो गर्वबोध नै अपराध हो भने श्रीमान् ! निश्चय नै म अपराधी हुँ; एउटा काव्यिक अपराधी...।

फेरि टिप्पणीकार र आलोचकहरूको अस्वस्थ भीडजस्तो लाग्ने जीवनमा प्रेमोच्चारण गर्दाको झङ्कृत हृदयवादन सुन्ने फुर्सद कसलाई र ! सपनामा रुँदा बिपनामा बगेको आँसुजस्तो, सपनाको त्रासको छायाले बिपनाभरि लखेटेजस्तो कार्यभूल कतै सम्पन्न भएर मात्र पीडाको अवशेष भोगिएजस्तो जीवनमा पीडा पनि पराईजस्तो

लाग्दाको पीडा महसुस गरिरहेछु यतिखेर...। हुन पनि कुनै ऐतिहासिक सन्दर्भव्यक्तिको प्रत्यक्ष आज्ञा नभए पनि इतिहास साक्षी छ कि भौगोलिक सीमापारि पुग्दा नचलेको मुद्राजस्तो कुनै एक पुरातात्त्विक व्यक्तिका नाममा डेट एक्सपायर भइसकेको सैद्धान्तिक हतियारद्वारा लहडीमै हाजारौँ-लाखौँ व्यक्तिको निरर्थक ज्यान लिइन्छ; जतिखेर जीवनसम्बद्ध सारा अर्थहरू किनारा लागिसकेका हुन्छन्। यसरी वर्तमान होस हराएको मान्छे स्मृतिसम्बद्ध सुखानुभूति होस् या पीडानुभूति, स्मृतिको छायाबाट मुक्त पनि कहाँ छ र ! तर म स्मृतिपीडाका नाममा कसैको वर्तमान जिन्दगी लुट्दिनँ; लुट्न चाहन्नँ यद्यपि स्मृतिबाट पीडासम्बद्ध सारा काला छायाहरू डिलिट गरेरै होस्, आफ्नै संसारको परिधिभित्र स्मृतिसुखमा मस्तसँग म आफ्नै वर्तमान जिन्दगी लुट्छु; लुटिरहेछु...। हो, म लुटेरा हुँ; मेरै जिन्दगीको लुटेरा र नजरको अपराधी एक आउटसाइडर हुँ। यसमा मलाई कुनै खेद छैन...।

श्रीमान्,

फेरि मान्छेको वास्तविक जीवन भन्नु नै त मान्छेकै अन्तर्दृष्टिभरिको कला हो; जो सामाजिक दृष्टिको व्यवस्थामा कहाँ व्यवस्थित छ र ! व्यवस्थितजस्तो देखिएको मात्र न हो ! किनकि कुनै मर्यादा एवम् व्यवस्थाले व्यक्तिका अजिब विलक्षण अनुभूतिहरूको न त अर्थ नै दिन सक्छ न त मर्यादित एवम् व्यवस्थित नै गर्न सक्छ; जबकि हरअनुभव एकल एवम् अद्वितीय हुन्छ, हरअनुभूति मौलिक रहन्छ। कला र जीवनको नैतिक पीडा यहींबाट प्रारम्भ हुन्छ, किनकि भीषण कुरुक्षेत्रजस्तो जीवनमा कुनै खास संस्कार, कुनै खास व्यवस्था तथा विश्वासको समर्थन गर्नु कलाको धर्म होइन। फेरि परम सत्य पहिचान गर्ने जागतिक कसी पनि त छैन। यसैले नैतिक-अनैतिक अनि वैध-अवैध दाबी गरेर कुनै एक व्यक्तिको एक रङ्गको नैतिक मर्यादा अर्को व्यक्तिमा सीमाबद्ध गर्नु भनेको प्रकृतिमै सीमाङ्कनरेखा कोरेर कलालाई सङ्कुचित पार्नु हो। यद्यपि मर्यादा स्वयम्मा झूटो एवम् असत्य रहन्न तर मर्यादाका नाममा जब-जब हामी हाम्रा नितान्त वैयक्तिक अनुभूतिहरूलाई कुल्चेर, ढाकेर निकम्मा एवम् झूट साबित गर्छौं; मर्यादा स्वयम् निकम्मा एवम् झूट प्रतीत हुन्छ। उत्कृष्ट गद्यशिल्पी निर्मल वर्माले भनेझैँ साँच्चै नै सीताको पीडानुभवका सामुन्ने रामको मर्यादा कति पङ्गु र प्रँ णहीन लाग्दछ !... ! !

यी र यस्तै विलक्षण अनुभूतिहरूमा विभक्त भएर बाँच्न खोजेँ। मेरो यही बाँच्नु नै अराजक बनिदियो। यदि यसरी बाँच्नुको यो अराजकता अपराध हो भने जरुर म अपराधी हुँ, एक आउटसाइडर हुँ। केही छैन कलाजीवनमा सर्वोच्च न्यायमूर्तिका सारा सजायहरू सहर्ष कबुल छन्।

श्रीमान्,

हुन त मेरो मानवीय र दानवीय चरित्रबारे यसअघि नै यहाँ निकै बहस भइसके। मेरो चरित्रलाई लिएर असल-खराब, सत्य-असत्य पक्षबीच युगले नै धेरै चर्को बहस गरिसकेको छ र यी सन्दर्भहरूलाई युगले गजबसित सामान्यीकरण गऱ्यो। उद्धृत औसतजस्तो सामान्यीकरण एक सहज उपाय त हो, तर मान्छेका प्रत्येक अस्तित्वगत सन्दर्भहरूमा सामान्यीकरणद्वारा निर्णय गरिएका तमाम भरपर्दा उपायहरू वास्तवमै हास्यास्पद छन्, श्रीमान् !

मृत्युको जोखिममा यात्रारत जीवन जब जीवनजस्तो गहिरो र सुरुचिपूर्ण सुन्दर पुस्तकको आदर्श क्लाइमेक्समा स्थगित हुन्छ; काव्यिक जोखिममा जीवनले मोक्ष प्रँ प्त गर्दछ। यतिखेर जन्म र मृत्युभन्दा परको तथाकथित सामान्यीकृत मोक्ष फिका लाग्दछ; सरोकारहीन लाग्दछ। सामान्यीकरणभन्दा पर अनुभवग्रस्त यही अस्तित्वगत जोखिमप्रतिको मेरो आत्मसम्मानकै कारण अपराधीका रूपमा मलाई यस कठघरामा उभ्याइएको छ...।

अब, यस प्रसङ्गमा अरू धेरै बोलेर म यहाँ उपस्थित दिव्य दर्शकहरूको दिव्यता भङ्ग गर्न चाहन्नँ। फेरि, उहाँहरू एउटा अपराधीको कथा, एउटा आउटसाइडरको जीवनगाथा सुनेर आनन्दित हुने अभिप्रायले आउनुभएको हो। यसैले एउटा कविता सुनाएर मर्यादाको यो अनरोमान्टिक अदालतलाई अनुभूतिमय एवम् काव्यमय बनाउन चाहन्छु। आज्ञा पाऊँ, श्रीमान् !

- आज्ञा छैन ! अहिले तपाईं ईश्वरको अदालतमा हुनुहुन्छ। [*अदालत अझ रौनकमय बन्छ; जिज्ञासु हल्ला बढ्दै जान्छ...* ]... अर्डर ! अर्डर ! ! अर्डर ! ! ! याद के राखियोस् भने यहाँ तपाईंलाई कविता-गीत गुनगुनाउन नभई परम्परागत मर्यादाको आदर्श र प्रतिष्ठालाई सम्मान गर्नुको सट्टा लात मारी बरु गजबसित, मस्तसित आफूखुसी कुन्नि कस्तो-कस्तो एकल पारा र शैलीले जीवनलाई तान्त्रिक रूपमा भोगचलन गरेको हुनाले उपस्थित गराइएको हो। यस विषयमा तपाईं आफ्नो बचाउ गर्न चाहनुहुन्छ भने केही बोल्न सक्नुहुन्छ। तपाईंले परम्परागत मर्यादा, आदर्श र प्रतिष्ठालाई भङ्ग गर्नुभएको छ...।
- यो 'परम्परागत मर्यादा' को सीमा के होला? मैले बुझिनँ प्रभु !
- तपाईं निर्दोषजस्तो देखिनुहुन्छ, तर तपाईंले सामाजिक मर्यादाको व्यङ्ग्य र खिल्ली उडाउने प्रयत्न गरिरहनुभा' छ...।
- प्रयत्न होइन, श्रीमान् ! म त व्यङ्ग्य नै गरिरहेछु, खिल्ली नै उडाइरहेछु...।
- त्यसो भए ठीक छ, तपाईंको यस Statement लाई म विशेष स्मरण गर्नेछु, निर्णयमा यसले भूमिका खेल्नेछ...।
- तपाईं मेरो के निर्णय गर्न सक्नुहुन्छ ! तपाईं स्वयम् लाचार, विवश अनि यसभन्दा अझ पर संस्करणहीन परम्परावादी हुनुहुन्छ। ईश्वर ! वास्तवमै तिमी लाचार छौ। उल्टै तिमीलाई मान्छेले नै तस्बिर, मूर्ति र मन्दिरमा कैद गरेको छ। फेरि अस्तित्वले नै सबैको निर्णय गरिसकेको हुन्छ। न त जन्म नै मेरो जीवनको सुरुआत हो, न त मृत्यु नै मेरो जीवनको अन्त्य हो। तिमी मेरो के निर्णय गर्छौ !
- प्रिय अद्भुत अपराधी ! यस Statement लाई पनि रेखाङ्कित नोट गरिनेछ र तपाईंको चरित्रका सम्बन्धमा छानबिन र विश्लेषण गर्दा यस बुँदालाई गम्भीरतापूर्वक लिइनेछ... यसमा तपाईं अझ आफ्ना चारित्रिक प्रमाणहरू पेस गर्न सक्नुहुन्छ... You may proceed...
- Thank you, your excellency—

प्रिय दर्शक महानुभावहरू ! एक आउटसाइडरका रूपमा मेरो चरित्रबारे भएका बहसहरू यहाँहरूले सुरुचिपूर्वक सुनिहाल्नुभयो।

यतिखेर सबैभन्दा अगाडि बसिरहनुभएका कालो कोटधारी भद्र पुरुषलाई देखिरहेछु; जसको नाम मलाई थाहा भएन, थाहा हुने कुरा पनि भएन। तपाईं मेरा कुराहरू सुनेर विचलित भएझैं लाग्यो। तपाईंले धेरै कुराहरू पटक-पटक आफ्नो नोटबुकमा टिपोट पनि गर्नुभयो।

प्रिय पुरुष,

समाजमा बसेपछि कैयौँ कथित चरित्रका कुराहरू आफूमा पनि अपत्यारिलो किसिमले लागू हुँदा रहेछन्...।

यहाँ उपस्थित प्रियजनहरूलाई आश्चर्य लाग्ला, तर मैले यी कुराहरू भन्नैपर्छ। वास्तवमा म कहिल्यै असल छोरी बन्न सकिनँ या थिइनँ भन्ने कुरा मेरी श्रद्धेय आमाले यहाँहरूसमक्ष आफ्नो घरपरिवारलाई सदा माइनस गरेर खालि अरूको जाती बन्ने स्वभावका कारण मेरा लागि यो कहिल्यै प्रिय बनिन भनेर स्पष्ट जाहेर गरिसक्नुभएको छ। तर पनि ममतामयी आँसु चुहाउँदै पापै त गरेकी होइन भन्दै एकपटक बचाउन ईश्वरलाई अनुरोध पनि गरिसक्नुभएको छ। फेरि म असल पत्नी पनि बन्न सकिनँ। आफ्नी प्रेमिकाको तस्बिर टेबुलमा राख्ने पतिदेवका नजरमा सबैसँग हाँस्ने, बोल्ने र सबैलाई सहयोग गर्ने प्रवृत्तिका कारण चरित्रहीन पत्नी कहलाइएँ कि त मेरो प्रेमिल स्वभावलाई कमजोरी ठानेर भावनाको शोषण गरियो कि त ओछ्यान न्यानो पार्ने केवल साधन बनाइयो। भर्खरै उनै पतिदेवले मलाई आपत्कालीन युगको एउटा Post Modern Fossil भनेर सङ्केत गरेको पनि सुनिहाल्नुभयो। भन्ने नै हो भने म असल आमा पनि बन्न सकिनँ। अस्तित्वको अन्तिम प्रश्नमा मात्र आफ्नो पक्षमा हस्ताक्षर गरिएको ययार्थ सन्तानका लागि आमाका सन्दर्भमा अनपेक्षित रह्यो, तर प्रथमतः अस्तित्वपश्चात् नै बाबु चिनाउने 'आमा' शब्द जीवित सम्बोधनीय बनेको तथ्यप्रति गम्भीर नरहेकाले नै यो सब हुन गयो। मेरा साक्षीहरूले भनेका सांसारिक परिधीय Statements का आधारमा पनि यहाँहरूले मेरो सम्बोधित सत्य थाहा पाइहाल्नुभयो। म मेरो परिवारमा असल बहिनी पनि बन्न सकिनँ। परिवारमा सबैभन्दा सानो हुनुको कारण मैले उनीहरूको शतप्रतिशत आज्ञापालन गर्नुपर्थ्यो तर मेरो अन्तःकरणको मर्जीअनुसार आफूलाई ठीक लागेको पक्षमा वकालत गर्न छाडिनँ। यिनै कमजोरीहरूको स्वीकारोक्तिसँगै सबै साक्षीहरूका अमृतवचनअनुसार नै म असामाजिक र अव्यावहारिक मान्छे थिएँ भन्ने कुराको पुष्टि भइसकेको छ।

श्रीमान्,

ती सबका नजरमा म एक अव्यावहारिक, अस्वाभाविक, अनौपचारिक एवम् अपरम्परागत थिएँ भन्ने कुरा पुनः दोहोऱ्याउनु उचित हुनेछैन। म असल कवि-लेखक पनि कदापि थिइनँ भन्ने कुरासमेत यस अदालतमा मेरा पाठकहरूले जाहेर गरिसकेका छन्।

– अझ पनि आफूलाई निर्दोष साबित गर्ने प्रमाणहरू छन् भने पेस गर्नका लागि अन्तिम पटक यो मौका दिइएको छ।
– त्यस्तो केही छैन, श्रीमान् ! म अब चोङ्ग जुलाई सम्झनेछु र केही समय मौन रहनेछु। यही मौनतामा तपाईं आफ्नो फैसला सुनाउन सक्नुहुनेछ।
– तर, प्रिय अपराधी ! यो चोङ्ग जु को रहेछ? त्यसलाई यस बखत किन सम्झन चाहनुहुन्छ?
– ऊ एउटा विस्मृत कवि थियो श्रीमान् ! र दोस्रो प्रश्नको उत्तर उसको कविता नै हो।
– ए, कुरा त्यसो पो ! ठीक छ, अब म मुद्दाको यो तेस्रो सुनवाइपश्चात् अन्तिम फैसला सुनाउन गइरहेको छु–

आजसम्मका सारा बयान र प्रमाणहरूलाई मध्यनजर राख्दै नचाहँदा-नचाहँदै पनि पूरा होस-हवासमै आफ्नो असामाजिक व्यवहारद्वारा समाजलाई धमिल्याउने चेष्टा गरेको प्रमाणित अपराधका लागि यो अदालत निज आउटसाइडरलाई... [*एक हूल आउटसाइडरहरूको प्रवेश !*]

– एकछिन प्रभु ! उनी अपराधी होइनन्, हामी सबै प्रमाण हौँ। यदि उनलाई अपराधी ठहऱ्याइन्छ भने आ-आफ्नै भूगोलबाट एउटै सपनामा हस्ताक्षर गरेर जिन्दगी हिँडेका हामी सबै अपराधी हौँ। त्यसो हो भने कवि देवकोटा, जसले आफ्नो सारा तलब बाहिर सिध्याएर घर फर्कंदा के परिवारलाई अन्याय गरेनन् ! भगवान् बुद्ध, जसले आफ्नी स्वास्नी र छोराछोरीलाई अँध्यारैमा राखेर अरूलाई ज्योति दिए, के उनी अन्यायी होइनन्? कार्ल मार्क्स, जसले संसारका लागि साम्यवादी सिद्धान्त एकछेउमा बसेर कागजमा कोर्दै गर्दा अर्को छेउमा उही छतमुनि आफ्ना

सन्तान भोकले चिच्याइरहेका थिए, के उनी आफ्ना परिवारका लागि आडम्बर होइनन् ! कि त ती सबैलाई महान् हुने बहानामा गरिएका अपराधका आधारमा अपराधी घोषित गर्नुपर्‍यो। नत्र संसारको हरेक बस्तीमा हामीजस्ता कैयौँहरूको ठूलो समाज छ। उनीहरूले उल्टै आउटसाइडर पीडा भ्फेलिरहेका छन्। समाजको बाहिरी आँखाले देख्न र बुझ्न नसकेको पीडाद्वारा पीडित हामी सबैप्रति उचित न्याय हुनुपर्‍यो, श्रीमान् !

– यसै हो भने, अब कविता सुनौँ। आजको बहस म यहीँ टुङ्गिएको घोषणा गर्छु। अर्को सुनुवाइ June 15, 2055 A. D. मा हुनेछ। यस बखत भने हामीसमक्ष उहाँ कठघरामै उभिएर कविता सुनाउन चाहनुहुन्छ। ध्यानले सुनौँ। अपराधीले गुनगुनाएको कविता सम्बन्धितले टिप्नुहुनेछ; जुन कविताको भाव निर्णयका लागि सहायक होस्। अब हामी पचास वर्षपछि यस अपराधीसित यसै अदालतमा भेट्नेछौँ। Now, the court is adjourned.

— Where can I find a man
Who has lost words
He is the one
I would like to talk to.
– Chuang Tzu

[मेरा प्रिय भावक ! तिम्रा आवाजहरूको कदर गर्दै सोहीअनुरूप ईश्वरको अदालतमा मैले सम्पूर्ण बयान दिएको कुरा बुझिहाल्यौ। पचास वर्षपछिको त्यस दिन तिमी निर्धक्क फूलमाला लिएरै अदालतमा उपस्थित हुनेछौ र हामी अनि हामीजस्तैहरू अँगालिनेछौँ, एकसाथ विजय-उत्सव मनाउनेछौँ; जतिखेर प्रिय दिव्य दर्शकका आँखाबाट भक्कानिएर कविता झरिरहनेछ, गीत बनेर बगिरहनेछ, क्षितिजीय भ्रमजस्तो पीडाको आलो सम्झना किनारमा चित्र बनेर उभिइरहनेछ...।]